महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

मधेश प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१


मधेश प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

मधेश प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: १३३२८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०८०।८१
च.नं. : 982

मिति : २०८१।२।१३

विषय : वार्षिक प्रतिवेदन ।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
मधेश प्रदेश, जनकपुर, धनुषा ।

नेपालको संविधानको धारा २४१ बमोजिम मधेश प्रदेशको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

(तोयम राया)
महालेखापरीक्षक

फोन नम्बर: ५९१९१६३ फ्याक्स: ४२६८३०९ इमेल: oagnep@ntc.net.np/info@oag.gov.np वेब: www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति**	९
खण्ड १	**प्रदेश मन्त्रालय तथा निकाय**	
	१. प्रदेश सभा सचिवालय	१५
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१७
	३. अर्थ मन्त्रालय	२३
	४. उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय	३१
	५. ऊर्जा सिचाई तथा खानेपानी मन्त्रालय	३४
	६. कानुन न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय	३८
	७. गृह तथा सञ्चार मन्त्रालय	४०
	८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	४४
	९. भौतिक पूर्वाधार विकास मन्त्रालय	४९
	१०. महिला बालवालिका युवा तथा खेलकुद मन्त्रालय	५४
	११. वन तथा वातावरण मन्त्रालय	५८
	१२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	६२
	१३. प्रदेश नीति तथा योजना आयोग	६६
	१४. प्रदेश लोक सेवा आयोग	६९
	१५. मुख्य न्यायाधिवक्ताको कार्यालय	७०
खण्ड २	**स्थानीय तह**	७१
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति**	७७
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधारहरु**	७९
	अनुसूचीहरू	८३

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा संघ,प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ । सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना तथा असल अभ्याससमेतको आधारमा प्रदेश सरकारका निकायको आर्थिक वर्ष २०७९।८० र बक्यौतासमेत विनियोजन, राजस्व, धरौटी, र अन्य कोषहरूको लेखापरीक्षण सम्पन्न गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रदेश सरकारतर्फ यो छैटौं वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधारहरु समावेश गरिएको छ ।

यो वर्ष जोखिम सूचकका आधारमा विश्लेषण गरी निकायहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ । उच्च जोखिमयुक्त निकायको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत् लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ । यसको साथै लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रदेशगत रुपमा प्रतिवेदनमा एकरूपता कायम गर्ने प्रयास गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृतलगायत सम्बद्ध पक्षसँग छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव समेतलाई आधार लिई प्रतिवेदन तयार गरिएको छ ।

यो वर्ष प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोगसमेत १४९ निकायको रू. ४७ अर्ब ९५ करोड २१ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न भई रू. १ अर्ब ८५ करोड ४२ लाख ४२ हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु २.९३ प्रतिशत रहेको छ । गत वर्ष लेखापरीक्षण अङ्कको २.२५ प्रतिशत बेरुजु कायम भएको थियो । म्याद ननाघेको पेस्कीलाई समेत लगती बेरुजु कायम गरिएको छ ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवम् वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, संगठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासन लगायतलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा संघीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा वर्षेनी वृद्धि हुँदै गएको, उत्पादनशिल क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क कार्यान्वयनमा ल्याई योजना छनौट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भईरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबीच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भईरहेको, संगठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न नसकेको अवस्था छ। आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसक्दा सेवा प्रवाह नागरिकमैत्री, छिटो

छरितो र चुस्त दुरुस्त हुन नसकेको, सामान खरिद भएको तर उपयोग हुन नसकेको, वित्तीय प्रतिवेदनले सोसँग सम्बन्धित सबै विषयहरू समेट्न नसकेको देखिन्छ।

लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो । कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेका छन्। लेखापरीक्षण वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गत् सार्वजनिक लेखा समितिमा छलफल गरी सोउपर कारबाही हुनुपर्नेमा विगतका ५ प्रतिवेदन प्रदेश लेखा समितिमा छलफल हुन बाँकी रहेको छ । लेखापरीक्षण प्रतिवेदन कार्यान्यवयन गरी वित्तीय अनुशासन कायम गर्न सबै पक्षबीच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ। यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति आभारी छु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको उच्च मूल्याङ्कन गर्दै धन्यवाद दिन चाहन्छु ।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानिनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र** - यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अङ्ग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत १४९ निकायको २०७९।८० को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ ।

४. **पद्धति** - लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १२९ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त २० निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ । विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत् लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधारहरु उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal /Anamnagar, Kathmandu, Nepal
(पूर्वाधार विकास लेखापरीक्षण विभाग)

पत्र संख्या २०८०।८१
चलानी नं.: ४६

मितिः २०८१।२।७

श्री सचिवज्यू,
अर्थ मन्त्रालय, मधेश प्रदेश,
जनकपुरधाम, धनुषा ।

विषयः प्रदेश सञ्चित कोषको वित्तीय प्रतिवेदन उपर लेखापरीक्षण प्रतिवेदन ।

१. **कैफियत सहितको राय** -हामीले मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को प्राप्ति/भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससंग सम्बन्धित लेखानीति तथा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति भुक्तानीको एकिकृत एवं वार्षिक प्रतिबेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससंग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको प्रदेश सरकारको एकिकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियत सहितको रायव्यक्त गर्ने आधार** -

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु. १ अर्ब ८५ करोड ४२ लाख ४२ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ७ करोड ३१ लाख ३ हजार, नियमित गर्नुपर्ने रु. १ अर्ब ३३ करोड २५ लाख ७१ हजार र पेश्की बाँकी रु.४४ करोड ८५ लाख ६८ हजार रहेको छ।

२.२. प्रदेश सरकार र मातहतको रु. २ अर्ब ७० करोड ९१ लाख ४४ हजार स्थिर सम्पत्ति रहेको खुलासा गरेको छ । ती सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक गरेको देखिएन ।

२.३. प्रदेश सरकारको लागि रु. ७ अर्ब ३ करोड ९५ लाख १६ हजार सर्शत अनुदान, रु. ५८ करोड ५० लाख १ हजार समपुरक अनुदान र रु. ३६ करोड ७५ लाख ९४ हजार विशेष अनुदान प्राप्त भएको छ।

२.४. राजस्व बाँडफाँड अन्तर्गत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने मुल्यअभिवृद्धि कर, आन्तरिक उत्पादनको अन्त-शुल्क र प्राकृतिक स्रोतको रोयल्टी बापतको रकमको विवरण आर्थिक वर्षको अन्त्यसम्म पनि प्राप्त भएको छैन।

२.५. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको वित्तीय समानीकरण, सर्शत, समपुरक र विशेष अनुदानमध्ये २०८० आषाढमसान्त सम्म सम्बन्धित स्थानीय तहमा खर्च नभई बाँकी रहेको रकमको यथार्थ विवरण प्राप्त भएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकिकृत वित्तीय विवरण तयार गर्ने निकायसंग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले लेखापरीक्षण गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** - ऐन नियममको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पतीको संरक्षण, स्रोत साधनको प्राप्ती र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका अन्य व्यहोराहरु यसै प्रतिवेदन साथ संलग्न गरिएको छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकिकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकार र मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ । मन्त्रालयका लेखाउत्तरदायी अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

५. **वित्तीय विवरणको परीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती वा त्रुटीका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्ततालेे उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती वा अन्य त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पदमराज पौडेल)
उप-महालेखापरीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

(रकम रू. हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकायको विवरण	संख्या	रकम
१.	सरकारी कार्यालय	१३५	४३४२६१८९
२.	अन्य संस्था र समिति	१४	४५२५९४३
	जम्मा	**१४९**	४७९५२१३२

यो वर्ष प्रदेश मातहत सरकारी निकाय १३५ को रू. ४३ अर्ब ४२ करोड ६१ लाख ८९ हजार र समिति तथा अन्य संस्था १४ को रू. ४ अर्ब ५२ करोड ५९ लाख ४३ हजार समेत रू. ४७ अर्ब ९५ करोड २१ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची -१ (क) र ३** मा उल्लेख छ ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष १३५ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्य तर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

क्र.सं.	कारोबार	रकम
१	विनियोजन खर्च	२६८६९८७०
२	राजस्व	१३६७०१७६
३	धरौटी	१४३८१०२
४	अन्य (विविध)	१४४८०४०
जम्मा		४३४२६१८९

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विस्तृत विवरण **अनुसूची-२** मा उल्लेख छ ।

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष १४ अन्य संस्था र समितिको रु.४ अर्ब ५२ करोड ५९ लाख ४३ हजारको लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विस्तृत विवरण **अनुसूची - ३ र ४** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ र २०७८।७९ को यर्थाथ खर्च तथा २०७९।८० को प्रदेश सरकारको बजेट अनुमान र यथार्थ खर्च (संघीय कार्यालयमा भएको खर्च समेत) निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र. सं.	शीर्षक/क्षेत्र	२०७७।७८ को यर्थाथ खर्च	२०७८।७९ को यर्थाथ खर्च	२०७९।८० को		
				संशोधित बजेट अनुमान	यथार्थ खर्च	खर्च प्रतिशत
१	चालु (वित्तीय हस्तान्तरण समेत)	८६४०७४०	१०३३६०४५	२०७४९६६७	१०६७०३३९	५१
२	पुँजीगत	१३९०५०६३	११९२४४३५	२६२७५३८६	१६१९९५३१	६२
	जम्मा	**२२५४५८०३**	**२२२६०४८०**	**४७०२५०५२**	**२६८६ ९८७०**	**५७**

२.२. **निकायगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चको निकायगत विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र.सं	निकाय	अन्तिम बजेट			यथार्थ खर्च			
		चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	प्रतिशत
१	प्रदेश सभा सचिवालय	३६९६८४	२१०६३	३९०७४७	२४५१५८	१९५८६	२६४७४४	६८
२	प्रदेश लोक सेवा आयोग	७७०४२	१५११०	९२१५२	४९५५२	३३५२	५२९०४	५७
३	मूख्यन्यायाधिवक्ताको कार्यालय	३८२८३	१९२०	४०२०३	२९४४६	११४२	३०५८७	७६
४	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	७८१२४५	१३५७२७	९१६९७२	२३४३५९	२२२८८	२५६६४७	२८
५	अर्थ मन्त्रालय	८१९३२६५	३८१६४६	८५७४९११	३६७७९२८	१६१६४८	३८३९५७७	४५
६	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२३४६५७५	२२४८११४	४५९४६८९	९८४४२९	१४१४४५२	२३९८८८१	५२
७	कानुन, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय	५००५९	४६५५	५४७१४	२३२४०	२६९९	२५९३९	४७
८	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१५९००१७	८५३४९०	२४४३५०७	६४५२१७	४२८००६	१०७३२२३	४४
९	खानेपानी तथा ऊर्जा विकास मन्त्रालय	१६३७३१	१६९६८५३	१८६०५८४	१०४७०८	१०९६६०४	१२०१३१२	६५
१०	गृह तथा सञ्चार मन्त्रालय	३००१९१	२७०१००	५७०२९१	२२६७४५	६४१३८	२९०८८३	५१
११	वाणिज्य आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय	३४२०५	७५५९	४१७६४	१३५११	४३१०	१७८२१	४३
१२	भौतिक पूर्वाधार विकास मन्त्रालय	१७४८८९४	१६९०६६४५	१८६५५५३९	७३६६५८	१००२२९९२	१०७५९६५०	५८
१३	महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय	२४७३०९	३२८२२५	५७५५३४	१०७५९५	१८५११५	२९२७१०	५१
१४	सामाजिक विकास मन्त्रालय	४७४३७७२	३३९९२७८	८१४३०५०	३५८०३१६	२७७२५७५	६३५२८९१	७८
१५	प्रदेश नीति तथा योजना आयोग	६५३९५	५०००	७०३९५	११४७७	६२४	१२१०१	१७
	जम्मा	**२०७४९६६७**	**२६२७५३८५**	**४७०२५०५२**	**१०६७०३३९**	**१६१९९५३१**	**२६८६९८७०**	**५७**

२.३. **स्रोतगत खर्च**- प्रदेश सरकारको वित्तीय प्रतिवेदनअनुसार २०७७।७८ र २०७८।८९ को यथार्थ खर्च तथा २०७९।८० को प्रदेश सरकारको स्रोतगत अनुमान प्राप्ति र खर्चको विवरण निम्नानुसार रहेको छः

(रकम रू. हजारमा)

क्र.सं.	स्रोत	२०७७।७८ को यर्थाथ खर्च	२०७८।७९ को यर्थाथ खर्च	२०७९।८० को			
				स्रोतगत अनुमान	यथार्थ प्राप्ति	खर्च	खर्च प्रतिशत
१	नेपाल सरकारबाट प्राप्त अनुदान	१०३२८५०४	९३३१९३०	१९३४९८०३	१४८३०९३५	१०८४७३१३	७३
२	वित्तीय समानीकरण अनुदान	५७५८८१९	४६०८९७४	७८१५८००	६८३८८२५	६१७२९६४	९०
३	ससर्त अनुदान	४३७२४८३	४४१४४९६	१०२६४००३	७०३९५१५	४२४२३९८	६०
४	विशेष अनुदान	१९७२०१	२२७६९९	४९००००	३६७५९४	१४८८७९	४०
५	समपूरक अनुदान	०	८०७६१	७८००००	५८५००१	२८३०७२	४८
६	गत वर्षको मौज्दात	-	-	१४२४८८३९	१४२४८८३९	१४२४८८३९	१००
७	प्रदेश सरकारको राजस्व	१२२१७२९९	१२९२८५५०	१७३६६१२३	१३६७०१७६	१७७३७१८	१३
	जम्मा	**२२५४५८०३**	**२२२६०४८०**	**५०९६४७६५**	**४२७४९९५०**	**२६८६९८७०**	**४४**

यो वर्ष विनियोजनतर्फ संघीय सरकारको अनुदानबाट रू.१० अर्ब ८४ करोड ७३ लाख १३ हजार खर्च भएको छ। कुल खर्चमध्ये संघीय सरकारको अनुदानबाट ४०.३६ प्रतिशत र प्रदेश सरकारको राजस्व र गत वर्षको मौज्दातबाट ५९.६४ प्रतिशत खर्च गरेको छ। प्रदेश राजस्वमा वृद्धि गरी संघीय अनुदानमाथिको निर्भरता कम गर्दै जानुपर्दछ।

२.४. **राजस्व असुली** - मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदनअनुसार प्रदेश सरकारको राजस्वको श्रोत अनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ असुली तथा २०७९।८० को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार रहेको छ

(रकम रू. हजारमा)

क्र.सं.	शीर्षक	२०७७।७८ को यर्थाथ असुली	२०७८।७९ को यर्थाथ असुली	२०७९।८० को		
				अनुमान	असुली	असुली प्रतिशत
१	कर राजस्व	११३९३६१०	११६६४४५६	१४६४०६७५	११६१५५८९	९२
२	अन्य राजस्व	८६६९७०	३३१०७४६	१३८८६९४	११८८०७६	३८
३	विविध	३३४८८०	२७४६४२	१३३६७५४	८६६५११	२५५
	जम्मा	**१२५९५४६०**	**१५२४९८४४**	**१७३६६१२३**	**१३६७०१७६**	**८५**

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली १०.३५ प्रतिशतले घटेको देखिन्छ । उल्लिखित विवरण अनुसार यो वर्षको कुल राजस्व असुली लक्ष्य (अनुदान बाहेक) रू. १६अर्ब १४ करोड ४५ लाख ५९ हजार रहेकोमा रू.१३ अर्ब ६७ करोड १ लाख ७६ हजार असुली भई लक्ष्यको तुलनामा ८५ प्रतिशत असुल भएको देखिन्छ। लक्ष्य अनुसार राजस्व असुलीको लागि मन्त्रालयले प्रभावकारी भूमिका खेल्नुपर्दछ। यस सम्बन्धी विवरण अनुसूची-८ मा समावेश छ ।

३. **वित्तीय हस्तान्तरण** - मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदनअनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरण स्थिति निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र.सं.	अनुदान	वार्षिक बजेट	हस्तान्तरण	प्रतिशत
१	वित्तीय समानीकरण	१३२००००	१२६८४२१	९६
२	सर्शत	६७४४२	१८९९०२२	२८१५
३	समपूरक	३०८०००	१००५३५	३२
४	विशेष	७४८५००	३०९९१५	४१
	जम्मा	**२४४३९४२**	**३५७७८९३**	**१४६**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष १३६ स्थानीय तहलाई रू.३ अर्ब ५७ करोड ७८ लाख ९३ हजार हस्तान्तरण गरेको छ। स्थानीय तहबाट खर्चको विवरण उपलब्ध नभएकोले वास्तविक खर्च र प्रदेश सरकारलाई खर्च नभई फिर्ता गर्नुपर्ने सशर्त, समपूरक र विशेष अनुदान यकिन गर्न सकिएन। यो वर्ष हस्तान्तरित अनुदानमध्ये सशर्त अनुदानको रकम सबै भन्दा बढी कुल वार्षिक बजेटको २८१५ प्रतिशत रहेको छ ।

४. **अन्तर सरकारी अख्तियारी -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट संघीय सरकारका कार्यक्रम सञ्चालन गर्न १४ संघीय कार्यालयलाई ४ करोड ५६ लाख ४९ हजार निकासा दिएको छ । यस सम्बन्धी विवरण अनुसूची-१२ मा समावेश छ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **लेखापरीक्षण वर्षको बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यस सम्वन्धि कानुनमा प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासि तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ ।

यसरी बेरुजुलाई असूल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की गरी ३ वर्गमा बर्गीकरण गरेको छ। बेरुजु बर्गीकरण गर्दा असूल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समुहमा वर्गीकरण गरेको छ। पेश्कीलाई कर्मचारी, मोविलाईजेशन र अन्य पेश्कीमा वर्गीकरण गरिएको छ।

यो वर्ष (२०७९।८०) प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रू.१ अर्ब ८५ करोड ४२ लाख ४२ हजार रहेको छ । पेश्की बाँकीमा लगती पेश्की मात्र समावेश छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रकम रू. हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**१५९१६१७**	**२६२६२५**	**१८५४२४२**	**१००**
१. असुल गर्नुपर्ने	**६६१२०**	**६९८३**	७३१०३	**३.९४**
२. नियमित गर्नुपर्ने	१०७९४८८	२५३०८३	१३३२५७१	**७१.८६**
• अनियमित भएको	३०५५९२	५२३५५	३५७९४७	
• प्रमाण कागजात पेस नभएको	७७३८९६	२०००१६	९७३९१२	
३. **पेश्की**	४४६००९	२५५९	४४८५६८	**२४.२०**

बेरुजु बर्गीकरणको विवरण **अनुसूची ५,९ र १०** मा उल्लेख छ ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु** - यो वर्ष प्रदेश मन्त्रालय, समिति र अन्य संस्था समेत १४९ निकायको रु ४७ अर्व ९५करोड २१ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। जसमा बेरुजु १ अर्व ८५ करोड ४२ लाख ४२ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अंकको ३.८८ प्रतिशत हुन आउछ।

(रकम रू. हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	संख्या	लेखापरीक्षण अंक	बेरुजु अंक	बेरुजु प्रतिशत
१.	सरकारी कार्यालय	१३५	४३४२६१८९	१५९१६१७	३.६८
२.	अन्य संस्था र समिति	१४	४५२५९४३	२६२६२५	५.८०
	जम्मा	**१४९**	४७९५२१३२	१८५४२४२	३.८८

३. **हालसम्मको बाँकी बेरुजु -** प्रदेश सरकारी कार्यालय तथा अन्य संस्था र समितितर्फ गत वर्ष सम्म रू.६ अर्ब ७६ करोड २२ लाख २७ हजार बेरुजु रहेकोमा यो वर्ष रू.३० करोड ५६ लाख ११ हजार सम्परीक्षण भै रू.६ अर्ब ४५ करोड ६६ लाख १६ हजार बाँकी रहेकोमा यो वर्ष रू.१ अर्ब ८५ करोड

४२ लाख ४२ हजार थप भई जम्मा बेरुजु रू.८ अर्ब ३१ करोड ८ लाख ५८ हजार कायम भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-११** मा रहेको छ।

(रकम रू. हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	समायोजनबाट थप घट	फर्स्यौंट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप बेरजु	अघावधिक बेरुजु
१	प्रदेश सरकारी निकायको बेरुजु	५८७४८८१	०	०	५८७४८८१	१५९१६१७	७४६६४९८
२	समिति तथा अन्य संस्थाको बेरुजु	५८१७३५	०	०	५८१७३५	२६२६२५	८४४३६०
	जम्मा	**६४५६६१६**	**०**	**०**	**६४५६६१६**	**१८५४२४२**	**८३१०८५८**

४. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

४.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३४ मा बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। औंल्याइएको बेरुजु ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रकृया पुरा गर्दा समेत २०७९।८० को बेरुजु फर्स्यौंट नभएकोले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१५** मा समावेश गरिएको छ ।

४.२. प्रदेश मातहत १३५ सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा कार्यालयमा रू.१ अर्ब ५९ करोड १६ लाख १७ हजार बेरुजु देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१** मा रहेको छ।

४.३. प्रदेश मातहत सरकारी कार्यालय, अन्य संस्था र समिति समेतको यो वर्ष रकमगत आधारमा बढी बेरुजु भएका ५ मन्त्रालय/निकाय निम्नानुसार छन्:

(रकम रू. हजारमा)

क्र. सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुमा मन्त्रालयको प्रतिशत	ले.प. अंकको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१४३६७४१७	४५२९९	३८९७६०	३९०३८६	८२५४४५	४४.५२	५.७५
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	७६३०१४	७९८	४४५२९७	०	४४६०९५	२४.०६	५८.४६
३.	सामाजिक विकास मन्त्रालय	७५९२३१५	९८५९	७९२९०	३१२४४	१२०३९३	६.४९	१.५९
४.	ऊर्जा सिचाई तथा खानेपानी मन्त्रालय	१३५८३२८	१४०८	६७८३४	३५९७	७२८३९	३.९३	५.३६
५.	उद्योग, बार्णिज्य तथा पर्यटन मन्त्रालय	२९४७३८९	३७८५	२८२९७	१६९५९	४९०४१	२.६४	१.६६
६.	अन्य मन्त्रालय तथा निकाय	२०९२३६६९	११९५४	३२२०९३	६३८२	३४०४२९	१८.३६	१.६३
	जम्मा	**४७९५२१३२**	**७३१०३**	**१३३२५७१**	**४४८५६८**	**१८५४२४२**	१००	

कुल बेरुजु मध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयको सबैभन्दा बढी ४४.५२ प्रतिशत र प्रदेश सभा सचिवालयको लगती बेरुजु रहेको छैन ।

४.४. यो वर्ष प्रदेश मातहत १३५ सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा १७ वटा कार्यालयको बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था २ मा लगती बेरुजु देखिएको छ ।

४.५. यो वर्ष प्रदेश मातहत १३५ सरकारी कार्यालयको ३ हजार २८६ दफा बेरुजु देखिएकोमा ७ दफा प्रतिकृयाबाट फर्स्यौंट भई १ हजार ५६२ दफा सैद्धान्तिक र १ हजार ७१७ दफा लगती बेरुजु कायम भएको छ ।

४.६. प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.१ अर्ब ८३ करोड १५ लाख ६६ हजार बाँकी रहेकोमा, यो वर्ष रू.३९ करोड ८२ लाख २१ हजार फर्स्यौंट भई रू. १ अर्ब ४३ करोड ३३ लाख ४५ हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ।

४.७. सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणको क्रममा रू.६ करोड ५१ लाख ८७ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.१८ हजार समेत रू.६ करोड ५२ लाख ५ हजार असुल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची- ६** मा उल्लेख छ ।

४.८. यो वर्ष सरकारी कार्यालय ५ मा रू.१ लाख ७५ हजार अग्रिम कर कट्टी नगरेको बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट कुनै पनि रकम फर्स्यौंट नभएकोले सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ।

४.९. प्रदेशमा पहिलो प्रतिवेदनमा २०७५ सालमा बुझाईएको थियो। प्रदेश सरकारी कार्यालय, समिति र अन्य संस्थाको ६ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रकम रू. हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२०७४।७५	६९४३९५	१६४६०९	२३.७०	५७५०९	८.२८
दोस्रो २०७७	२०७५।७६	२५७३१४२६	१८२५३९९	७.०९	१२७२७०६	४.९४
तेस्रो २०७८	२०७६।७७	३१९८६२२८	१८०५९१८	५.६४	१४१५८८०	४.४३
चौथो २०७९	२०७७।७८	३९२८८५५८	२१३०५७३	५.४२	१७८८४७७	४.५५
पाँचौ २०७९	२०७८।७९	४३१०७३७६	११६३३०९	२.७०	९७००६७	२.२५
छैटौं २०८१	२०७९।८०	४७९५२१३२	१८५४२४२	३.८८	१४०५६७४	२.९३

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

प्रदेश मन्त्रालय तथा निकाय

१. **कानुन तर्जुमा -** मधेश प्रदेशबाट हालसम्म ६० ऐन, २२ कार्यविधि समेत ८२ कानुन जारी भई प्रदेश राजपत्रमा प्रकाशन भएकोमा ६ कार्यविधि र २ अध्यादेश गरी ८ कानुन खारेज भएको छ। यो बर्ष ३ ऐन, २ नियमावली, ७ कार्यविधि र ३ निर्देशिका स्वीकृत भएको छ।

२. **विधेयक -** प्रदेश सभा(कार्य संचालन) नियमावली, २०७५ को परिच्छेद १५ को नियम ९९ देखि नियम १२२ सम्म विधेयक व्यवस्थापन सम्वन्धी कार्यविधि रहेको छ । प्रदेश सभाको कार्यकालको हालसम्म ४७ बैठक बसेको छ। यो वर्ष ९ विधेयक दर्ता भएकोमा ३ विधेयक प्रमाणीकरण भएको छ ।

३. **मन्त्रालयको कार्यक्षेत्रमा हेरफेर -** नेपालको संविधानको धारा १६८(९) मा प्रदेश सभाका कुल सदस्य संख्याको २० प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद्को गठन गर्नुपर्ने व्यवस्था छ । अधिकार सम्पन्न संघीय प्रशासनिक पुन संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित प्रदेश मन्त्रालयको संख्या ७ रहने सिफारिस गरेको छ । प्रदेश सभाको पहिलो निर्वाचन पश्चात गठन भएको प्रदेश सरकारले समितिको सिफारिसकै आधारमा २०७४।११।३ मा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ राजपत्रमा प्रकाशन गरी ७ मन्त्रालय स्थापना गरेको देखिन्छ । ततपश्चात २०७८।२।२६ मा प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७८, ले ४ र २०८०।६।१९ गतेको निर्णयबाट १ थप गरी मन्त्रालयको संख्या १२ पुगेको छ । यो वर्ष २०७९ श्रावण देखि लेखापरीक्षण अवधिसम्म ९ पटक मन्त्रालय पुनर्गठन भएको छ । मन्त्रालयको पटक पटक संख्या वृद्धि र नाम परिवर्तन गर्दा प्रशासनिक खर्च वृद्धि हुनुको साथै जनशक्ति एवं भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई हुने देखिएको छ ।

४. **प्रशासनिक संरचना पुनरावलोकन -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनूसुची २ को व्यवस्था अनुसार प्रदेश संरचनाको स्वीकृति र हेरफेर गर्ने जिम्मेवारी मुख्यमन्त्री कार्यालयको रहेको देखिन्छ। मधेश प्रदेश सरकार मन्त्रीपरिषदको २०८०।१।२० को निर्णयबाट गठित कार्यदलले प्रदेशमा केन्द्रीय स्तरका आयोग/बोर्ड/प्राधिकरण/समिति १२, विभाग स्तरका विभाग/निर्देशनालय/तालिम केन्द्र १९ र कार्यालयस्तरका १०४ समेत १३५ कार्यालयमध्ये ५७ खारेज, ३१ नयाँ निर्माण र ६९ साविकका गरी कुल १०० प्रशासनिक संरचना निर्माण गर्न सिफारिस गरेको भएतापनि प्रतिवेदन कार्यान्वयन भएको देखिएन।

५. **दरबन्दी र पदपूर्ति -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख र व्यवस्थापनको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयवाट हुने व्यवस्था छ । प्रदेशमा १२ मन्त्रालय, २ आयोग, १ संवैधानिक निकाय तथा प्रदेश लेखा नियन्त्रकको कार्यालय र मातहतका कार्यालय समेतमा ४ हजार ११९ दरबन्दी रहेकोमा ३ हजार १ पदपूर्ति भई १ हजार १ सय १८ पदहरु रिक्त रहेको छ ।

६. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र मातहतका कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययिता, कार्यदक्षता

र प्रभावकारी ढंगबाट सम्पादन गर्न साथै वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्ने व्यवस्था छ।ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ सम्म वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको उत्तरदायित्व निकाय प्रमुखले र मन्त्रालयको हकमा विभागीय मन्त्रीले लिनुपर्ने, बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतको हुने लगायत व्यवस्था छ । ऐनको व्यवस्था अनुसार जिम्मेवारी र जवाफदेहिता पालना गर्नु गराउनुपर्दछ ।

८. **नीति तथा कार्यक्रम कार्यान्वयन** - मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम प्रदेश सरकारको नीति तथा कार्यान्वयन,अनुगमन र मूल्याङ्कन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई तोकिएको छ। मन्त्रालयबाट कार्यान्वयन गर्ने गरी स्वच्छ प्रशासन रणनीति तथा कार्य योजना निर्माण, खरीद सम्बन्धी प्रशिक्षक प्रशिक्षण, मुख्यमन्त्रीसँग गुनासो, कार्यालय सञ्चालन तथा व्यवस्थापन तालिम समेत २१ कार्यक्रमको रु.२१ करोड ४४ लाख ८४ हजार बजेट खर्च नभई शुन्य प्रगति देखिएको छ।प्रदेशको आवश्यकता र कार्यान्वयन गर्न सक्ने कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

९. **अबण्डा बजेट** - प्रदेश आर्थिक कार्यविधि, २०७४ को दफा १६(२) मा विनियोजन ऐन अनुसार खर्च गर्ने रकम एक पटक बाँडफाँट गरिसकेपछि पटक पटक बाँडफाँट गर्न नपाइने व्यवस्था छ। यो वर्ष अर्थ विविधमा चालुतर्फ रू.४ अर्ब ९९ करोड र पुँजीगत तर्फ रू.५५ करोड समेत रू.५ अर्ब ५४ करोड (कुल बजेटको १२ प्रतिशत) एकमुष्ट बजेट विनियोजन गरी रकमान्तर मार्फत चालुतर्फ रू.१ अर्ब ४५ करोड र पुँजीगत तर्फ रू.१८ करोड गरी जम्मा रू.१ अर्ब ६३ करोड खर्च गरेको छ । शीर्षकगत विनियोजन नगरी अवण्डा बजेटबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१०. **राजस्व अनुमान र असुली** - मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदनअनुसार २०७९।८० मा राजस्व असुलीको शीर्षकगत लक्ष्य र प्रगति निम्नानुसार रहेको छः

(रकम रू. हजारमा)

क्र.सं.	शीर्षक	राजस्व		
		अनुमान	असुली	असुली प्रतिशत
१	कर राजस्व	१२६६५८८५	११६१५५८९	९२
२	अन्य राजस्व	३१३९२९०	११८८०७६	३८
३	विविध	३३९३८४	८६६५११	२५५
	जम्मा	**१६१४४५५९**	**१३६७०१७६**	८५

उपर्युक्त विवरणअनुसार २०७९।०८० मा रू.१६ अर्ब १४ करोड ४५ लाख ५९ हजार राजस्व सङ्कलन हुने अनुमान गरेकोमा रू.१३ अर्ब ६७ करोड १ लाख ७६ हजार असुली भई लक्ष्यको तुलनामा ८५ प्रतिशत असुली भएको छ । बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर अनुमान गर्दा कर राजस्वमा समावेश गरेको तर वित्तीय प्रतिवेदनमा असुली देखाउँदा विविध आम्दानीमा समावेश गरेकोले कर राजस्व

घटी र विविध आम्दानीमा बढी प्रगति देखिएको छ । एक शीर्षकमा लक्ष्य निर्धारण गरेको रकम सोही शीर्षकमा आम्दानी जनाई प्रतिवेदन प्रणाली यथार्थपरक बनाउनु र राजस्वका नयाँ स्रोत पहिचान गरी असुली वृद्धि गर्नुपर्दछ ।

११. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ अनुसार कुनै एक बजेट उपशीर्षकमा रकम नपुग भएमा अर्को बजेट उपशीर्षकबाट रकमान्तर गर्न सक्ने अधिकार अर्थ मन्त्रालयलाई हुने व्यवस्था छ। यो वर्ष सुरु बजेट रू.४६ अर्ब ८८ करोड ९ लाख ४६ हजार स्वीकृत भएकोमा रकमान्तर र संघीय सरकारबाट थप ससर्त अनुदान रू.१४ करोड ४१ लाख ७ हजार थप गरी अन्तिम बजेट रू.४७ अर्ब २ करोड ५० लाख ५३ हजार कायम गरेको छ । मध्ये २०८० आषाढ महिनामा मन्त्रालय र विभिन्न केन्द्रीय निकायमा समेत गरी रू.५३ करोड ६१ लाख ६२ हजार रकमान्तर गरेको छ।

१२. **स्थानीय तह अनुदान -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा १९ मा प्रदेश सञ्चित कोषबाट वित्तीय हस्तान्तरण गर्ने व्यवस्था छ । यो वर्ष प्रदेश सरकार मार्फत १३६ स्थानीय तहलाई वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण, ससर्त, विशेष र समपूरक अनुदान रू.३ अर्ब ६२ करोड २६ लाख ४३ हजार निकासा उपलब्ध गराएको छ।

(रकम रू. हजारमा)

क.सं.	अनुदान	बजेट	निकासा
१	वित्तीय समानीकरण	१३२००००	१२७२४४८
२	सशर्त	२२२६५००	१९३५६५५
३	विशेष	४२८५००	३११९६५
४	समपूरक	२८४०००	१०२५७५
	जम्मा	**४२५९०००**	**३६२२६४३**

कार्यालयले उपलब्ध गराएको राजस्व व्यवस्थापन सूचना प्रणालीअनुसार प्रतिवेदन अवधिसम्म स्थानीय तहबाट रू.२९ करोड ७९ लाख १९ हजार फिर्ता भएको उल्लेख भएतापनि २०७९।८० को एकीकृत वित्तीय विवरणमा स्थानीय तहगत विवरण तयार गरेको छैन।

१३. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २१(३) मा विनियोजन ऐनमा समावेश भएको रकम दोश्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिसम्म खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले चैत्र १५ भित्र अर्थ मन्त्रालयमा रकम समर्पण गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको रु.६२ करोड ३५ लाख, गृह तथा सञ्चार मन्त्रालयको रु. २६ करोड ५५ लाख, महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालयको रु.२८ करोड २८ लाख, वन तथा वातावरण मन्त्रालयको रु.१५ करोड १६ लाखका कार्यक्रम कार्यान्वयन नभएको अवस्थामा समेत बजेट समर्पण गरेको देखिएन।

१४. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने र पेस गर्न नसकिने भएमा म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम

म्याद थप हुनसक्ने व्यवस्था छ । प्रदेशअन्तर्गतका मन्त्रालयले एकीकृत वित्तीय विवरण तयार गरेका छैनन्। ऐनको व्यवस्था बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ ।

१५. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य (२०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शन उपलब्ध गराएको छ। प्रदेश सरकारले दिगो विकासको लक्ष्य नं.१६ अनुसारको शान्ति तथा न्यायपूर्ण समाज र सुशासन प्रवर्द्धन साथै लक्ष्य नं.१७ अनुसार साझेदारीमा सञ्चालन हुने कार्यक्रममा बजेट विनियोजन गरेको छैन।

१६. **मौज्दात हस्तान्तरण** - प्रदेश सरकारबाट निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक वर्षको अन्त्यमा सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा रहेका मुख्यमन्त्री राहत कोष तथा विविध खाता लगायतका कोषमा विगत लामो समयदेखि रु.४१ करोड २७ लाख ६५ हजार निष्कृय मौज्दात रहेको छ। मुख्यमन्त्री बेटी बचाउ बेटी पढाउ अभियानकार्यक्रम र मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम, शिक्षा तथा संस्कृति र भौतिक पूर्वाधार विकास मन्त्रालयमा हस्तान्तरण भएकोमा कोष हस्तान्तरण भएको छैन।

१७. **संसदीय समिति गठन र कार्यक्षेत्र** - प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४६ मा विभिन्न कार्य क्षेत्र अनुसार कार्य गर्ने गरी ७ विषयगत समिति गठन गर्ने व्यवस्था छ। यस वर्ष सार्वजनिक लेखा समितिको ३, अर्थ तथा योजना समितिको ४, विकास समितिको २, महिला बालबालिका तथा सामाजिक न्याय समितिको २, प्राकृतिक स्रोत तथा वातावरण समितिको ४ बैठक बसेको छ। तर प्रदेश मामिला समिति र कृषि तथा भूमि व्यवस्थापन समितिको बैठक वसेको अभिलेखबाट देखिएन।

१८. **सार्वजनिक लेखा समिति -** प्रदेश सभा कार्य संचालन नियमावली, २०७५ को नियम १५१(५) मा सार्वजनिक लेखा समितिले सार्वजनिक लेखा र महालेखापरीक्षकको प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्देशन दिनुपर्ने व्यवस्था छ । महालेखापरीक्षकको कार्यालयले मधेश प्रदेशको पाँच वर्षको लेखापरीक्षण गरी वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष बुझाई सकेकोमा प्रथम वार्षिक प्रतिवेदनको मात्र छलफल भएको छ।

१९. **प्रदेश समन्वय परिषद् -** संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४(१) मा मुख्यमन्त्रीको संयोजकत्वमा रहने प्रदेश समन्वय परिषदको बैठक वर्षको एक पटक बस्ने व्यवस्था छ । यो वर्ष मधेश प्रदेश समन्वय परिषदको बैठक बसेको देखिएन। समन्वय परिषद् क्रियाशिल बनाई नीतिगत सामाञ्जस्यता, योजना व्यवस्थापन, साझा अधिकार क्षेत्रको प्रयोग लगायतका विषयमा प्रदेश र स्थानीय तहवीच समन्वय कायम गर्नुपर्दछ।

२०. **प्रदेश विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ मा प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष विभाज्य कोषमा सवारी साधन कर रू.२ अर्ब ९ करोड २७ लाख १० हजार संकलन भएकोमध्ये ६० प्रतिशतले हुन रू.१ अर्व २० करोड ५५ लाख ९७ हजार प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत हुन आउने रकम रू.८० करोड ३७ लाख ३२ हजार स्थानीय विभाज्य कोषमा ट्रान्सफर गरेको छ । उक्त रकम ऐनको व्यवस्था बमोजिम विभाजन गरी दाखिला गर्नुपर्दछ।

२१. **नवप्रवर्तन साझेदारी कार्यक्रम -** नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को बुँदा नं १७(२) मा प्रस्ताव स्वीकृत भएका स्थानीय तहसँग सम्झौता गरी निकासा दिने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयले यो वर्ष मधेश प्रदेशका ७ स्थानीय तहलाई रु.१० करोड २५ लाख ९५ हजार निकासा गरेको छ। स्थानीय तहसँगको सम्झौताको दफा नं २(४) मा २०८० आषाढ मसान्तसम्म योजना सम्पन्न गरी बाँकी बजेट फिर्ता गर्नुपर्ने उल्लेख छ । निकासामध्ये रु. ७ करोड ५१ लाख ५७ हजार खर्च भई रु.२ करोड ७४ लाख ३९ हजार बाँकी रहेकोमा फिर्ता भएको छैन।

२२. **नदीजन्य पदार्थ बिक्री शुल्क -** मधेश प्रदेश आर्थिक ऐन, २०७९ को दफा ७ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तरलगायतका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त आयको चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेशले बजेट अनुमानमा नदीजन्य पदार्थ विक्री शुल्कबाट रू. २ करोड १० लाख ७१ हजार राजस्व अनुमान गरेकोमा रू. १४ करोड ७८ लाख ४७ हजार असुली गरेको छ। प्रदेशअन्तर्गतका १३६ स्थानीय तहहरुले दहत्तर, बहत्तरलगायतका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त आयको चालीस प्रतिशतले हुन आउने राजस्वमध्ये पालिकाबाट दाखिला गर्न बाँकीको अभिलेख पेश गरेको छैन।

२३. **पाइप तथा फिटिङ्गस -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२३ मा निर्माण कार्यको नापी किताव र ठेक्का बिल तयार गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गतका खानेपानी तथा सरसफाइ कार्यालयमा गत वर्षसम्मको रु.१६ करोड २४ लाख ३० हजार मूल्यका ३ लाख २३ हजार ४०१ थान विभिन्न साइजका एच. डि.पि.ई. पाइप मौज्दात रहेकोमा यो वर्ष मौज्दात थप भई रु.२७ करोड ६० लाख ५४ हजार मूल्यका ५ लाख ४७ हजार ६७७ कायम भएको छ। अत्याधिक मौज्दात गरेकोमा सम्वन्धित योजनामा जडान गर्नुपर्दछ।

२४. **सार्वजनिक सम्पत्ति व्यवस्थापन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४७ देखि ५२ बमोजिम सरकारी सम्पत्तिको जिम्मा, अभिलेख, संरक्षण, वरवुझारथ, लिलाम तथा मिन्हा सम्वन्धी व्यवस्था छ। प्रदेश अन्तर्गतका मन्त्रालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी अभिलेखिकृत गरेका छैनन्। ऐनको व्यवस्थाअनुसार सार्वजनिक सम्पत्ति ब्यवस्थापन गर्नुपर्दछ ।

खण्ड

१

प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश सभा गठन भएको छ। प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीवाट ६४ र समानुपातिक निर्वाचन प्रणालीबाट ४३ गरी १०७ सदस्य निर्वाचित हुने व्यवस्था छ। नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई प्रदेश सभाको काम कारवाही सञ्चालन हुँदै आएको छ ।

१. **सरकारी कार्यालय -** प्रदेश सभा सचिवालयको निम्नानुसार रु.२७ करोड ८६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२६४७४४	३६७	४९०५	७०	२७००८६

२. **विधेयक दर्ता तथा पारित -** प्रदेश सभा कार्य संचालन नियमावली, २०७५ को परिच्छेद १५ को नियम ९९ देखि नियम १२२ सम्म विधेयक व्यवस्थापन सम्वन्धी कार्यविधि रहेको छ । प्रदेश सभाको यस कार्यकालको हालसम्म ४७ बैठक बसेको छ। त्यसैगरी यो वर्ष ९ विधेयक दर्ता भएकोमा ३ विधेयक प्रमाणीकरण भएको छ ।

३. **बैठक सञ्चालन -** प्रदेश सभा नियमावली, २०७५ मा सभा सञ्चालन सम्वन्धी व्यवस्था छ। सचिवालयवाट उपलव्ध गराएको विवरण अनुसार पहिलो अधिवेशनदेखि लेखापरीक्षण अवधिसम्म ४७ बैठक बसी ७५ घन्टा ३१ मिनेट नीतिगत विषयमा छलफल भएको छ ।

४. **समिति गठन र कार्यक्षेत्र -** प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४६ मा विभिन्न कार्य क्षेत्र अनुसार कार्य गर्ने गरी ७ विषयगत समिति गठन गर्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसार गठन भएका सार्वजनिक लेखा र महालेखापरीक्षकको प्रतिवेदन कार्यक्षेत्र रहेको सार्वजनिक लेखा समितिको ३, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको कार्य क्षेत्र रहेको अर्थ तथा योजना समितिको ४, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय र ऊर्जा तथा खानेपानी मन्त्रालय कार्यक्षेत्र रहेको विकास समितिको २, शिक्षा स्वास्थ्य महिला बालबालिका ज्येष्ठ नागरिक र श्रम तथा रोजगार तथा सामाजिक विकास मन्त्रालय कार्यक्षेत्र रहेको महिला बालबालिका तथा सामाजिक न्याय समितिको २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र वाणिज्य तथा आपूर्ति र विज्ञान प्रविधि मन्त्रालय कार्यक्षेत्र रहेको प्राकृतिक स्रोत तथा वातावरण समितिको ४ बैठक बसेको भएता पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालय कार्यक्षेत्र रहेको प्रदेश मामिला समिति र भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय, पशु, सुकुम्बासी तथा जग्गा व्यवस्थापन र गुठी व्यवस्थापन कार्यक्षेत्र रहेको कृषि तथा भूमि व्यवस्थापन समितिको बैठक बस्न सकेको छैन।

५. **योग्यता र पदपूर्ति प्रकृया -** जनशक्ति व्यवस्थापनका सम्बन्धमा माग आवश्यकता पहिचान, भर्ना, छनौट तथा पदस्थापनमा न्यूनतम योग्यता र पदपूर्ति मापदण्ड अनुसार हुनुपर्दछ। प्रदेश सभाका सभामुख, उपसभामुख, विपक्षी दलको नेता, मुख्य सचेतक, राजनैतिक दलको नेता, विपक्षी दलको मुख्य सचेतक, समितिका सभापति, राजनैतिक दलको सचेतक र संसद सदस्य समेतको स्वकीय सचिवालयमा कार्यरत

सहसचिव १, उपसचिव ६, शाखा अधिकृत ९६ र अन्य ४३ गरी १४६ कर्मचारीको पारिश्रमिक वापत रु.४ करोड ९७ लाख ३० हजार खर्च लेखेको छ। सचिवालयका सहसचिव र उपसचिव स्तरको सुविधा प्राप्त गर्ने स्वकीय सचिवमा नियुक्ति सम्वन्धमा मापदण्ड तयार गर्नुपर्दछ।

६. **सार्वजनिक लेखा समिति -** प्रदेश सभा कार्य संचालन नियमावली, २०७५ को नियम १५१(५) मा सार्वजनिक लेखा समितिले सार्वजनिक लेखा र महालेखापरीक्षकको प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्देशन दिनुपर्ने व्यवस्था छ । महालेखापरीक्षकको कार्यालयले मधेश प्रदेशको पाँच वर्षको लेखापरीक्षण गरी वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष बुझाई सकेकोमा प्रथम वार्षिक प्रतिवेदनमा मात्र छलफल भएको छ।

७. **पदाधिकारीको पारिश्रमिक -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ मा प्रदेश सभाका पदाधिकारीको पारिश्रमिक तोकेको छ। सोही ऐनको दफा २६ मा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई खाइपाई आएको सुविधामा मर्का नपर्नेगरी अनुसूचीमा हेरफेर गर्नसक्ने उल्लेख छ । प्रदेश सरकारले २०७९ आषाढ २३ गते राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश सभाका पदाधिकारीहरुको पारिश्रमिक मासिक रु.२ हजारका दरले वृद्धि गरेको छ । सोही निर्णयको आधारमा प्रदेश सभा सचिवालयले सभामुख, उपसभामुख र ८५ सभा सदस्य समेत ८७ लाई २०७८ श्रावण देखि २०७९ असारसम्म १३ महिनाको छुट पारिश्रमिक रु.२२ लाख ५२ हजार राजपत्रमा सूचना प्रकाशन भएको मितिभन्दा १ वर्ष अगाडि देखिको पारिश्रमिक भुक्तानी गरेको छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा विधेयक, समिति गठन र कार्यक्षेत्र, सल्लाहकार सुविधा, निर्णय कार्यान्वयन, सार्वजनिक लेखा समिति र योग्यता तथा मापदण्ड सम्वन्धमा सुझाउ दिएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति** - सचिवालयको तर्फ यो वर्ष लगती बेरुजु देखिएको छैन। यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपालको संविधानको धारा २३२ तथा मधेश प्रदेश सरकार(कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारीमा प्रदेशभित्रको शासन व्यवस्थापनको निर्देशन, नियमन, सञ्चालन, नीति नियम तर्जुमा, अनुगमन, मूल्याङ्कन लगायतका विषय समावेश छन्।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतका २ प्रदेश कार्यालयको निम्नानुसार रु.७६ करोड ३० लाख १४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२५६६४७	८७८२	५२९७९	४४४६०६	७६३०१४

२. **कार्य जिम्मेवारी -** नेपालको संविधानको धारा २३२ तथा मधेश प्रदेश सरकार(कार्य विभाजन) नियमावली, २०७९ बमोजिम प्रदेश सरकारको अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति, योजना एवं रणनीति तर्जुमा, स्वीकृत तथा प्रदेशभित्रको शासन व्यवस्थाको निर्देशन, नियमन, सञ्चालन, अनुगमन र मूल्याङ्कन लगायतका ३१ कार्य जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिएको छ। सँगठन संरचना एवं कर्मचारी व्यवस्थापनमा अस्पष्टता, आयोजनाहरुमा अत्याधिक संशोधन तथा रकमान्तर, अनुगमन प्रणाली सुदृढीकरण लगायतका क्षेत्रमा सुधार गर्न नसकेको कारण कार्य जिम्मेवारी प्रभावकारी देखिएको छैन। कार्य विभाजन नियमावलीमा तोकिएका जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ।

३. **कानुन तर्जुमा -** मधेश प्रदेशबाट हालसम्म ६० ऐन, २२ कार्यविधि समेत ८२ कानुन जारी भई प्रदेश राजपत्रमा प्रकाशन भएकोमा ६ कार्यविधि र २ अध्यादेश गरी ८ कानुन खारेज भएको छ। यो बर्ष ३ ऐन, २ नियमावली, ७ कार्यविधि र ३ निर्देशिका स्वीकृत भएको छ।

४. **मन्त्रालयको कार्यक्षेत्रमा हेरफेर -** नेपालको संविधानको धारा १६८(९) मा प्रदेश सभाका कुल सदस्य संख्याको २० प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद्को गठन गर्नुपर्ने व्यवस्था छ । अधिकार सम्पन्न संघीय प्रशासनिक पुन संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित प्रदेश मन्त्रालयको संख्या ७ रहने सिफारिस गरेको छ । प्रदेश सभाको पहिलो निर्वाचन पश्चात गठन भएको प्रदेश सरकारले समितिको सिफारिसकै आधारमा २०७४।११।३ मा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ राजपत्रमा प्रकाशन गरी ७ मन्त्रालय स्थापना गरेको देखिन्छ । ततपश्चात २०७८।२।२६ मा मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८, ले ४ र २०८०।६।१९ गतेको निर्णयबाट १ थप गरी मन्त्रालयको संख्या १२ पुगेको छ। यो वर्ष २०७९ श्रावण देखि लेखापरीक्षण अवधिसम्म ९ पटक मन्त्रालय पुनर्गठन भएको छ । पटक पटक मन्त्रालय संख्या वृद्धि र नाम परिवर्तन गर्दा प्रशासनिक खर्च वृद्धि हुनुको साथै जनशक्ति एवं भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई हुने देखिएको छ । निर्धारित मापदण्डमा आधारित भई संगठन संरचना कायम गर्नुपर्दछ ।

५. **प्रशासनिक संरचना पुनरावलोकन -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९को अनूसुची-२ मा प्रदेश संरचना स्वीकृति र हेरफेर गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको रहेको छ। मधेश प्रदेश सरकार मन्त्रिपरिषद्को २०८०।१।२० को निर्णयबाट मन्त्रालय, आयोग,

बोर्ड तथा अन्य कार्यालयको भूमिका पुनरावोलकन गरी मौजुदा प्रशासनिक संरचना सरल, सहज र छरितो बनाउन प्रमुख सचिवको संयोजकत्वमा सबै सचिवहरु सदस्य भएको एक कार्यदल गठन गरेको छ । कार्यदलले प्रदेशमा केन्द्रीय स्तरका आयोग/बोर्ड/प्राधिकरण/समिति १२, विभाग स्तरका विभाग/निर्देशनालय र तालिम केन्द्र १९ र कार्यालयस्तरका १०४ समेत १३५ कार्यालय मध्ये ५७ खारेज, ३१ नयाँ निर्माण र ६९ साविकका गरी कुल १०० प्रशासनिक संरचना निर्माण गर्न सिफारिस गरेको भएता पनि प्रतिवेदन अवधिसम्म कार्यान्वयन भएको छैन।

६. **दरबन्दी र पदपूर्ति -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख र व्यवस्थापनको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयवाट हुने व्यवस्था छ ।कार्यालयवाट प्राप्त विवरण अनुसार प्रदेशमा १२ मन्त्रालय, २ आयोग, १ संवैधानिक निकाय तथा प्रदेश लेखा नियन्त्रकको कार्यालय र मातहतका कार्यालय समेतमा ४ हजार ११९ दरबन्दी रहेकोमा ३ हजार १ पदपूर्ति भई १ हजार १ सय १८ पदहरु रिक्त रहेको छ प्रदेशमा आवश्यक संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी कायम हुने दरबन्दीमा पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

७. **कार्यक्रम कार्यान्वयन -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन,अनुगमन र मूल्याङ्कन गर्ने काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई तोकिएको छ। मूल्याङ्कन गर्दा कार्यक्रम, कार्ययोजना, खरिद योजना, नगद प्रवाह योजना समेतको आधारमा भौतिक र वित्तीय प्रगति नभएको सम्बन्धमा नतिजा प्राप्त नहुनुको कारण र आधार समेतको समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट कार्यान्वयन गर्ने गरी स्वीकृत स्वच्छ प्रशासन रणनीति तथा कार्य योजना निर्माणको रु.४ लाख, प्रदेश मन्त्रालयका कर्मचारीहरूका लागि सार्वजनिक खरीद सम्बन्धमा ७ दिने प्रशिक्षक प्रशिक्षण तालिमको लागि रु.१६ लाख मुख्यमन्त्रीसँग गुनासो सुन्ने कार्यक्रमको रु.१० लाख, कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिमको रु.८ लाख समेत २१ कार्यक्रमको रु.२१ करोड ४४ लाख ८४ हजार बजेट खर्च हुन सकेको छैन। तोकिएको लक्ष्य अनुसारका कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ।

८. **रकमान्तर -** मधेश प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा बचत हुने अनुदान संस्थाबाट अपुग हुने अनुदान संख्यामा जम्मा रकमको १० प्रतिशतले नबढने गरी रकमान्तर गर्न सकिने, एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सक्ने व्यवस्था छ। कार्यालयका लागि विनियोजित चालु र पुँजीगत बजेट रु.१ अर्ब ५८ करोड ७५ लाख ५८ हजार रहेकोमा रकमान्तर र स्रोतान्तरबाट रु.१ अर्ब ७ करोड ३४ लाख ७९ हजार घटाई अन्तिम बजेट रु.५१ करोड ४० लाख ७९ हजार कायम गरेको छ । शुरु बजेटको तुलनामा ६७ प्रतिशत घटाएको छ । स्वीकृत बजेट सीमा भन्दा बढी हुने गरी वर्षान्तमा रकमान्तर गर्ने कार्य निरुत्सान गर्नुपर्दछ।

९. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ (२) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाउने व्यवस्था छ। यसबाट मन्त्रालयको लागि

विनियोजन भई खर्च हुन नसकेको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघीय ससर्त अनुदान) तर्फको रु.१४ लाख ३९ हजार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पूँजिगतर्फको रु.३ करोड ९२ लाख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय चालुतर्फको रु.२५ करोड ४७ लाख सहितको ४ बजेट उपशीर्षकमा विनियोजन भएको रु.३२ करोड ७३ लाख १६ हजार निष्कृय रहेको छ। निस्कृय वजेट निर्धारित अवधिभित्र समर्पण गरेको छैन। योजना कार्यान्वयन नभई बाँकी रहेको बजेट तोकिएको समयमा समर्पण गरेको छैन । बजेट समर्पण मार्फत स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्नुपर्दछ।

१०. **व्यवस्थापन परीक्षण -** प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ११६ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत प्रदेश निजामती कर्मचारीले प्रचलित कानुन तथा अन्य प्रशासकीय नियम र कार्यविधि पालना गरे नगरेको सम्बन्धमा सुपरीवेक्षण अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १२० दिन भित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा ऐन बमोजिम सो व्यवस्था कार्यान्वयन भएको देखिएन। मन्त्रालयले व्यवस्थापन परीक्षणको मापदण्ड र कार्यविधि बनाई ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

११. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य (२०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शन उपलब्ध गराएको छ । दिगो विकासका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक अनुसार प्रादेशिक तथा स्थानीयतहमा संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली तयार गरी कार्यान्वयन गरेको छैन ।प्रदेश सरकारले दिगो विकासको लक्ष्य नं.१६ अनुसारको शान्ति तथा न्यायपूर्ण समाज र सुशासन प्रवर्द्धन साथै लक्ष्य नं १७ अनुसार साझेदारीमा सञ्चालन हुने कार्यक्रममा बजेट विनियोजन गरेको छैन। दिगो विकास लक्ष्यका लागि आवश्यक संस्थागत व्यवस्था गरी प्रादेशिक नीति तथा कार्यक्रममा दिगो विकास लक्ष्यको आन्तरिकीकरण हुनु पर्दछ ।

१२. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले मध्यमकालीन खर्च संरचना तयार गरेता पनि योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रति इकाइ लागत, अनुमानित समय र प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरेको छैन। साथै ३ आर्थिक वर्ष समेटी आम्दानी र खर्चको वास्तविक अवस्था सहित आगामी वर्षको खर्च प्रक्षेपण तयार गरेको छैन।

१३. **प्रदेश समन्वय परिषद् -** संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४(१) मा प्रदेश र स्थानीय तहबीच वा प्रदेशका एकभन्दा बढी जिल्ला भित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्ध व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा समन्वय परिषद् रहने व्यवस्था छ । यो वर्ष मधेश प्रदेश समन्वय परिषदको बैठक बसेको देखिएन। समन्वय परिषद क्रियाशिल बनाई नीतिगत सामाञ्जस्यता, योजना व्यवस्थापन, साझा अधिकार क्षेत्रको प्रयोग लगायतका विषयमा प्रदेश र स्थानीय तहवीच समन्वय कायम गर्नुपर्दछ।

१४. **निर्णय कार्यान्वयन -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७९ मा प्रदेश मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने जिम्मेवारी यस कार्यालयलाई तोकेको छ । प्रदेश मन्त्रिपरिषद्ले २०७४ देखि २०७८ सम्म १४९ र यो वर्ष ३४ गरी कुल १८३ निर्णय गरेकोमा निर्णय कार्यान्वयन

अवस्थाको अनुगमन गरी सो को अभिलेख राखेको छैन। वार्षिक कार्यक्रमको कार्यान्वयन, नीति मापदण्ड एवं कार्यविधि निर्माण तथा सेवा प्रवाहको अनुगमन लगायतका विषयसँग सम्बन्धित निर्णय कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ ।

१५. **मौज्दात हस्तान्तरण -** प्रदेश सरकारबाट निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा रहेका मुख्यमन्त्री राहत कोष तथा विविध खाता लगायत कोषमा विगत लामो समय देखि रु.४१ करोड २७ लाख ६५ हजार निष्कृय मौज्दात रहेको छ। उल्लिखित रकम कार्यालयको कोषमा मौज्दात रहेतापनि "मुख्यमन्त्री बेटी बचाउ बेटी पढाउ अभियान कार्यक्रम" शिक्षा तथा संस्कृति मन्त्रालयमा र "मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम"भौतिक पुर्वाधार विकास मन्त्रालयलाई हस्तान्तरण भएको छ। कोषसँग सम्बन्धित कार्यक्रम अन्य मन्त्रालयहरुमा हस्तान्तरण भएतापनि रकम हस्तान्तरण भएको छैन।

१६. **नवप्रवर्तन साझेदारी कार्यक्रम -** नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को बुँदा नं. १७(२) मा प्रस्ताव स्वीकृत भएका स्थानीय तहलाई नेपाल सरकारको कोष प्रवाह सम्वन्धी व्यवस्था अनुसार ससर्त अनुदानको रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत रकम हस्तान्तरण गरिने उल्लेख छ। मन्त्रालयले यो वर्ष मधेश प्रदेशका ७ स्थानीय तहलाई रु.१० करोड २५ लाख ९५ हजार निकासा गरेको छ । स्थानीय तहसँगको सम्झौताको दफा नं २(४) मा २०८०।३।३० सम्म योजना सम्पन्न गर्नुपर्ने र दफा ५(१) मा कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यक्रम सम्पन्न हुन नसक्ने भएमा बजेट फिर्ता गर्नुपर्ने उल्लेख छ । निकासामध्ये रु. ७ करोड ५१ लाख ५७ हजार खर्च भई रु.२ करोड ७४ लाख ३९ हजार बाँकी रहेकोमा सञ्चित कोषमा फिर्ता भएको छैन।

१७. **गुरुयोजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-६ मा परामर्श सेवा खरिद सम्वन्धी व्यवस्था रहेको छ । कार्यालयले स्थानीय शासन सहयोग कार्यक्रमको सहयोगमा मधेश प्रदेशका लागि १० वर्षे मधेश प्रदेश विद्युतीय शासन गुरुयोजना, २०८० निर्माण गर्न रु.२० लाखको लागत अनुमान तयार गरी एक कम्पनीसँग रु.८ लाख ९३ हजारको परामर्श खरिद सम्झौता भई प्रतिवेदन प्राप्त भएको छ।

१८. **आर्थिक सहायता -** कार्यालयले दीर्घकालिन रोग लागेका ६२ व्यक्तिलाई निवेदन,सिफारिस र रोगको प्रकृतिको आधारमा न्यूनतम रु.२५ हजार देखि अधिकतम रु.८० हजारसम्म नगद सहायता वितरणमा यो वर्ष रु.३० लाख खर्च गरेको छ। मुख्यमन्त्रीको सिफारिसका आधारमा सहयोग उपलब्ध गराएकोमा वितरणको मापदण्ड स्वीकृत गरेको देखिएन । मापदण्ड तयार गरी आर्थिक सहायता वितरण गर्नुपर्दछ।

१९. **जिन्सी व्यवस्थापन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको पैतिस दिन भित्र तोकिएका विषयहरु राखी मन्त्रालय र निकायगत कार्यालयहरुले जिन्सी प्रतिवेदन तयार गर्नुपर्ने र त्यस्तो प्रतिवेदन तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले आश्विन मसान्त भित्र एकीकृत जिन्सी प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था रहेकोमा सो को कार्यान्वयन भएको देखिएन। कानुनको व्यवस्था अनुसार जिन्सी व्यवस्थापन हुनुपर्दछ ।

प्रदेश अनुसन्धान तथा प्रशिक्षण तालिम केन्द्र

२०. **कर्मचारी दरबन्दी र पदपूर्ति -** केन्द्रको कार्य सञ्चालनका लागि कार्यकारी निर्देशक सहित विभिन्न दर्जाका २० स्थायी दरबन्दी स्वीकृत भएकोमा १०औं तहका २ निर्देशक, ७ औं तहका १ अधिकृत, छैठौं तहका ३ कर्मचारी र कार्यालय सहयोगी २ समेत ८ दरबन्दी रिक्त रहेको देखिन्छ भने हलुका सवारी चालक २ र कार्यालय सहयोगी १ सेवा करारमा नियुक्त गरेको छ । निर्देशक सहितका पदमा दरवन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाह चुस्तदुरुस्त बनाउनुपर्दछ ।

२१. **लक्ष्य तथा प्रगती -** प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले प्रदेशस्तरका कर्मचारीको सेवाकालिन तालिम, स्थानीय तहको क्षमता विकास योजना, राजस्व सुधार कार्ययोजना, आवधिक योजना निर्माणबारे कार्यशाला, वातावरणीय मूल्याङ्कन सम्बन्धी तालिम लगायत १२ तालिमका लागि १५९ पटकको लक्ष्य निर्धारण गरेकोमा ७६ तालिम सञ्चालन गरी जनप्रतिनिधी ११९१ र कर्मचारी १४५७ गरी २६४८ लाई तालिम प्रदान गरेको छ । लक्ष्यको तुलनामा ४८ प्रतिशतमात्र कार्यक्रम सञ्चालन गरेको देखिदा तालिम सञ्चालनको क्यालेण्डर निर्माण गरी प्रगति हासिल गर्नुपर्दछ ।

२२. **कार्यक्रम कार्यान्वयन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्दा कार्यक्रम, कार्ययोजना, खरिद योजना, नगद प्रवाह योजना समेतको आधारमा भौतिक र वित्तीयतर्फ प्राप्त नतिजा सोको कारण र आधार समेतको समीक्षा गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा १९ मा स्वीकृत वजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था भएतापनि प्रशिक्षण केन्द्रबाटै कार्यान्वयन गर्ने गरी स्वीकृत कार्यक्रम मध्ये स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने तालिमको रु.१ करोड २ लाख, प्रदेश सरकारका जिल्लास्थित विषयगत कार्यालयका कर्मचारीहरूका लागि सार्वजनिक खरीद एवं योजना निर्माण विषयक तालिमको रु.१० लाख, स्थानीय तहमा आन्तरिक नियन्त्रण प्रणाली अभिमुखीकरणको रु. ४० लाख लगायतका ३४ कार्यक्रमको रु. १२ करोड ३८ लाख खर्च भएको देखिएन। कार्यान्वयन हुन नसकेको सम्बन्धमा समिक्षा गरी यस्तो नहुने व्यवस्था सुनिश्चता गर्नुपर्दछ।

२३. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८(२) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधि सम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाउने व्यवस्था रहेको छ । केन्द्रको लागि रु.३५ करोड २७ लाख २१ हजार विनियोजन भएकोमा रु.५ करोड ६४ लाख ६५ हजार खर्च भई रु.२९ करोड ६२ लाख ५५ हजार बाँकी रहेको छ। केन्द्रले उल्लिखित अवधिमा वजेट समर्पण गराएको देखिएन । कानुनी व्यवस्था अनुसार बजेटको समर्पण गरिनुपर्दछ।

२४. **स्व-आर्जन कोष -** केन्द्रले पेश गरेको स्व-आर्जन कोषको आयव्यय विवरण अनुसार ग्रामिण बिकास प्रशिक्षण केन्द्रको नाममा गत वर्षको मौज्दात रु.७४ लाख ८० हजार र यो वर्ष रु.३० हजार थप भई वर्षान्तमा रु.७५ लाख ११ हजार मौज्दात रहेको छ । ग्रामिण विकास केन्द्र खारेज भई सोही प्रकृतिको प्रदेश अनुसन्धान तथा प्रशिक्षण तालिम केन्द्र स्थापना भएकोमा नेपाल सरकारको २०७६।१२।५ को निर्णयानुसार कोषमा रहेको रकम प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा ट्रान्सफर भएको छैन।

२५. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको खरिदको लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२०

लाख रुपैंया भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद खुला बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ । प्रशिक्षण केन्द्रले कोटेशन मार्फत फरक फरक समयमा विभिन्न आपुतिकर्तासँग रु.४६ लाख ९२ हजारको मेशिनरी औजार सोझै खरिद गरी भुक्तानी गरेको छ । समान प्रकृतिको खरिदको एउटै प्याकेज बनाई कानुनी व्यवस्था अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ ।

प्रदेश जनलोकपाल आयोग

स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शि तथा भ्रष्टाचारमुक्त जनउत्तरदायि प्रणाली मार्फत प्रदेश सरकारका निकायबाट प्राप्त हुने सेवामा नागरिकको पहुँच सुनिश्चिता गर्न कानुनी शासन, चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन गरी नागरिक अधिकार कार्यान्वयनमा ल्याउन प्रदेश जनलोकपाल ऐन, २०७७ अनुसार आयोगको स्थापना भएको छ ।

२६. **आयोगको गठन -** मधेश प्रदेश सभाले प्रदेश जनलोकपाल ऐन, २०७७ जारी गरी प्रदेश जनलोकपाल आयोग गठन गरेको छ। आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनियमितता तथा भ्रष्टाचार सम्बन्धमा विस्तृत छानवीन गरी त्यसबाट भ्रष्टाचार गरेको देखिन आएमा रायसहितको प्रतिवेदनसाथ सक्कल फाईल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने व्यवस्था छ। प्रदेश जनलोकपाल आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिले गरेको अनियमितता र भ्रष्टाचारको विस्तृत छानवीन गर्ने विषयको सम्बन्धमा संवैधानिक व्यवस्था समेतका आधारमा थप स्पष्ट हुनुपर्दछ।

२७. **दरबन्दी र पदपूर्ति -** प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ मा प्रदेश निजामती सेवाको पदपूर्ति सम्बन्धी व्यवस्था छ। आयोगको कार्य सञ्चालनको लागि ३३ दरबन्दी स्वीकृत गरेकोमा सचिव लगायत २० पद रिक्त रही १३ कर्मचारी कार्यरत छन्। दरवन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ ।

२८. **उजुरी दर्ता र फर्स्यौंट -** आयोगबाट प्राप्त विवरण अनुसार चालु वर्षका १७ र गत वर्षको जिम्मेवारी १५ समेत ३२ उजुरी टुंगो लगाउन बाँकी छ। विषयगत रुपमा अनियमित तथा भ्रष्टाचारको ४, अकुत सम्पत्ति १, आवश्यक कारवाही माग ५, राजस्व छलिको १, लिखित परीक्षामा अनियमितताको १, परीक्षाको नतिजामा अनियमितता १, छानविनको माग ३ तथा विज्ञापनमा आलटाल गरेको १ उजुरी रहेकोमा आवश्यक निरुपण गरी कार्यसम्पादन गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमनः-** गत विगतको प्रतिवेदनमा दरवन्दी र पदपुर्ति, प्रदेश समन्वय परिषद मुख्यमन्त्री स्वाच्छता अभियान, नवप्रवर्तन साझेदारी कोष लगायतका सम्वन्धमा सुझाउ दिएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति -** यो वर्ष कार्यालय र मातहतको २ निकायको रु. ४४ करोड ६० लाख ९५ हजार मात्र बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची ९ मा समावेश छ ।

अर्थ मन्त्रालय

मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन तथा नियमन, प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्यसम्बन्धी नीति तथा मापदण्ड बनाउने लगायतका कार्य रहेका छन ।

१. **सरकारी कार्यालयद** - मन्त्रालय र मातहतसमेत ५ सरकारी कार्यालयको निम्नानुसार रू.१४ अर्ब २ करोड ६८ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३८३९५७७	१०१५५५८७	१०७७९	२०९०२	१४०२६८४५

राजस्व रकममा अनुदान रकम रु २५ अर्व ४३ करोड ९० लाख ९ हजार समावेश छ।

२. **नीति तर्जुमा** - मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली,२०७९ मा मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा कार्यान्वयन र नियमन, संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य, बीमा र बीमा व्यवसायको सञ्चालन, ब्यवस्थापन र प्रवर्द्धन लगायतका कार्यक्षेत्र रहेको छ। कार्यक्षेत्र अनुसारको भूमिका निर्वाह गरी वित्तीय ब्यवस्थापन प्रभावकारी बनाउनुपदर्छ।

३. **कार्यक्रम कार्यान्वयन** - प्रदेश सरकारले पेश गरेको वार्षिक नीति तथा कार्यक्रममा प्रादेशिक सेवा केन्द्र गठन गर्ने, बिरगंजमा उद्योग विभागको स्थापना गर्ने र सो अनुकूल सेवाग्राही एकलविन्दु सेवा केन्द्र स्थापना गर्ने, मटिहानी संस्कृत विश्वविद्यालयमा संस्कृत विषय अन्तराष्ट्रियस्तरमा अध्ययन अनुसन्धान गराई सास्कृतिक सहरको रूपमा विकास गर्न, निजी तथा गैरसरकारी क्षेत्रसमेतको सहकार्यमा प्रत्येक जिल्लामा कम्तिमा एक एक नमूना एकीकृत जैविक फर्मको विकास गर्नेलगायतका कार्यक्रम स्वीकृत गरेकोमा बजेट वक्तव्यमा बजेट प्रस्ताव गरेको छैन। कार्यान्वयन योग्य विषय नीति तथा कार्यक्रममा समावेश गरी बजेटले सम्बोधन गरेका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ।

४. **बजेट स्रोत** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य र नीति आयोगको मार्गदर्शनलाई मध्यनजर गरी बजेट तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रू. ६१ अर्ब २८ करोड ५३ लाख ४१ हजार खर्च हुने अनुमान गरेको छ। स्रोत व्यवस्थापनको लागि वित्तीय समानीकरण अनुदानबाट रू. ७ अर्ब ८१ करोड ५८ लाख, ससर्त अनुदानबाट रू. १० अर्ब २६ करोड ४० लाख, विशेष अनुदानबाट रू. ४९ करोड र समपूरक अनुदानबाट रू. ७८ करोड गरी नेपाल सरकारबाट कुल अनुदान रू.१९ अर्ब ३४ करोड ९८ लाख, गत वर्षको मौज्दातबाट रू. १४ अर्ब २४ करोड ८८ लाख र प्रदेश सरकारको सबै किसिमको राजस्वबाट रू. २७ अर्ब ६८ करोड ६७ लाख पूर्ति गर्ने गरी बजेट प्रस्तुत गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको विवरण अनुसार नेपाल

सरकारबाट कुल अनुदान रू. १४ अर्ब ८३ करोड ९ लाख, गत वर्षको मौज्दातबाट रू. १४ अर्ब २४ करोड ८८ लाख र प्रदेश सरकारको सबै किसिमको राजस्वबाट रू. १३ अर्ब ६७ करोड २ लाख आय आर्जन भएको छ। उक्त आय प्रक्षेपित आयको ६९.७६ प्रतिशत हुन आउँछ । बजेटलाई थप यथार्थपरक बनाउनुपर्दछ।

५. **अबण्डा बजेट -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा विनियोजन ऐन अनुसार खर्च गर्ने रकम एक पटक बाँडफाँट गरिसकेपछि पटक पटक बाडफाट गर्न नपाइने व्यवस्था छ। यो वर्ष अर्थ विविधमा चालुतर्फ रू.४ अर्ब ९९ करोड र पुँजीगत तर्फ रू.५५ करोड समेत रू.५ अर्ब ५४ करोड (कुल बजेटको १२ प्रतिशत) एकमुष्ट बजेट विनियोजन गरी विभिन्न मितिमा नयाँ योजनामा बाँडफाँट गरेको छ। अर्थ मन्त्रालयले रकमान्तर गरी विभिन्न मन्त्रालयमा चालुतर्फ रू.१ अर्ब ४५ करोड र पुँजीगत तर्फ रू.१८ करोड गरी जम्मा रू.१ अर्ब ६३ करोड खर्च गरेको छ । जुन रकमान्तरपछि कायम भएको कुल बजेटको ३ प्रतिशत हो। यसरी बजेट अबण्डा राखि संसदीय स्वीकृतिभन्दा बाहिर गई सरकारले बजेट थपघट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

६. **विनियोजन र खर्च -** आर्थिक वर्ष २०७९।८० को सुरु बजेट रू.४६ अर्ब ८८ करोड ९ लाख ४६ हजार स्वीकृत भएकोमा रकमान्तर र संघीय सरकारबाट थप ससर्त अनुदान रू.१४ करोड ४१ लाख ७ हजार समेत अन्तिम बजेट समेत रू.४७ अर्ब २ करोड ५० लाख ५३ हजार कायम भएकोमध्ये रू.२६ अर्ब ८६ करोड ९८ लाख ७० हजार खर्च भएको छ। खर्चमध्ये चालु तर्फ रू.१० अर्ब ६७ करोड ३ लाख ३९ हजार र पूँजीगततर्फ रू.१६ अर्ब १९ करोड ९५ लाख ३१ हजार रहेको छ । लक्ष्य अनुरूप ५७.१४ प्रतिशत खर्च भएकोले खर्च क्षमता वृद्धि गर्नुपर्दछ ।

७. **स्रोतको अनुमान तथा खर्च** - प्रदेश सरकारको वित्तीय प्रतिवेदनअनुसार स्रोतगत अनुमान प्राप्ति र खर्चको विवरण निम्नानुसार रहेको छः

(रकम रू. हजारमा)

क्र.सं.	स्रोत	स्रोतगत अनुमान	यथार्थ प्राप्ति	खर्च	खर्च प्रतिशत
१	नेपाल सरकारबाट प्राप्त अनुदान	१९३४९८०३	१४८३०९३५	१०८४७३१३	७३
२	वित्तीय समानीकरण अनुदान	७८१५८००	६८३८८२५	६१७२९६४	९०
३	ससर्त अनुदान	१०२६४००३	७०३९५१५	४२४२३९८	६०
४	विशेष अनुदान	४९००००	३६७५९४	१४८८७९	४०
५	समपूरक अनुदान	७८००००	५८५००१	२८३०७२	४८
६	गत वर्षको मौज्दात	१४२४८८३९	१४२४८८३९	१४२४८८३९	१००
७	प्रदेश सरकारको राजस्व	१७३६६१२३	१३६७०१७६	१७७३७१८	१३
	जम्मा	**५०९६४७६५**	**४२७४९९५०**	**२६८६९८७०**	**६२.८५**

यो वर्ष विनियोजनतर्फ संघीय सरकारको अनुदानबाट रू.१० अर्ब ८४ करोड ७३ लाख १३ हजार खर्च भएको छ। कुल खर्चमध्ये संघीय सरकारको अनुदानबाट ४०.३६ प्रतिशत र प्रदेश सरकारको राजस्व र गत वर्षको मौज्दातबाट ५९.६४ प्रतिशत खर्च गरेको छ। प्रदेश राजस्वमा वृद्धि गरी संघीय अनुदान माथिको निर्भरता कम गर्दै जानुपर्दछ।

८. **बजेट वक्तव्य कार्यान्वयन -** प्रदेश सरकारले आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्य प्रदेश सभा समक्ष पेश गरेको छ । बजेट वक्तव्यमा "गरीखाने अभियान" अन्तर्गत युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न रू.१ अर्ब ५० करोड, कृषि विद्युतीकरणमा रू.७५ करोड, स्वास्थ्य सेवा थप गुणस्तरीय पहुँचयोग्य गराउन प्रत्येक पालिकाको सहकार्यमा एक जना एमबिबिएस चिकित्सकको सेवा उपलब्ध गराउने व्यवस्था गर्न रू.२ करोड, "बेटी पढाउ बेटी बचाउ" कार्यक्रमबाट मधेशका सामुदायिक विद्यालयहरूमा कक्षा १२ मा अध्ययनरत छात्राहरूलाई प्रविधिमा पहुँच पुऱ्याउन एक थान ल्यापटप उपलब्ध गराउने कार्यक्रममा रू.२० करोड बजेट विनियोजन गरेपनि ती कार्यक्रम सञ्चालन नभई बजेट खर्च भएको छैन। बजेट कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

९. **राजस्व प्रक्षेपण र प्राप्ति -** प्रदेश सरकारको वित्तीय प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९।८० को कुल राजस्व असुली प्रक्षेपण (अनुदान बाहेक) रू. १७ अर्ब ३६ करोड ६१ लाख २३ हजार रहेकोमा रू.१३ अर्ब ६७ करोड १ लाख ७६ हजार असुली भई लक्ष्यको तुलनामा ७८.७२ प्रतिशत असुल भएको छ। राजस्व असुलीको लक्ष्य र प्रगति विवरणको अवस्था देहायनुसार छः

(रकम रू. हजारमा)

क्र.स	शीर्षक	राजस्व		
		अनुमान	असुली	असुली प्रतिशत
१	कर राजस्व	१४६४०६७५	११६१५५८९	७९.३३
२	अन्य राजस्व	१३८८६९४	११८८०७६	८५.५५
३	विविध	१३३६७५४	८६६५११	६४.८२
	जम्मा	**१७३६६१२३**	**१३६७०१७६**	**७८.७२**

९.१. स्रोतगत विश्लेषण गर्दा यो वर्ष बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि करको रू.८ अर्ब ४४ करोड ३८ लाख ६६ हजार, अन्तःशुल्क रू.३ अर्ब १७ करोड १९ लाख ३४ हजार तथा वन रोयल्टीबाट संकलन रू. ३ करोड २१ लाख ८६ हजार समेत रू. ११ अर्ब ६४ करोड ७९ लाख ८६ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा क्रमश रू.६ अर्ब १० करोड ६२ लाख ६३ हजार, रू.२ अर्ब ४३ करोड २० लाख १५ हजार र रू. २ करोड २३ लाख ३९ हजार समेत रू. ८ अर्ब ५६ करोड ६ लाख १७ हजार (प्रक्षेपणको ७३ प्रतिशत) बाँडफाँटबाट प्राप्त भएको छ।लक्ष्य अनुसार शीर्षकगत राजस्व प्राप्ति हुन नसकेको सम्बन्धमा समीक्षा गरी राजस्व संकलन प्रभावकारी बनाउनु पर्दछ ।

(रकम रू. हजारमा)

क्र.सं.	शीर्षक	अन्य शीर्षकमा सङ्कलनको अवस्था		
		शूरू प्रक्षेपन	यथार्थ प्राप्ति	प्राप्ति प्रतिशत
१	मूल्य अभिवृद्धि कर (१५प्रतिशत)	८४४३८६६	६१०६२६३	७२.३२
२	अन्तःशुल्क (१५प्रतिशत)	३१७१९३४	२४३२०१५	७६.६७
३	वन रोयल्टी (२५ प्रतिशत)	३२१८६	२२३३९	६९.४१
	जम्मा	**११६४७९८६**	**८५६०६१७**	**७३.४९**

१०. **स्थानीय तह वित्तीय हस्तान्तरण** - संघीय सरकारले प्रदेश सरकारमार्फत आर्थिक वर्ष २०७९।८० मा मधेश प्रदेशका १३६ स्थानीय तहलाई वित्तीय हस्तान्तरणमा एकमुष्ट रू.२ अर्ब ४४ करोड ३९ लाख ४२ हजार बजेट विनियोजन गरेकोमध्ये वित्तीय समानीकरण अनुदान रू.१ अर्ब २६ करोड ८४ लाख

२१ हजार, सशर्त अनुदान रू.१ अर्ब ८९ करोड ९० लाख २२ हजार र समपूरक अनुदान रू.१० करोड ५ लाख ३५ हजार, विशेष अनुदानमार्फत रू.३० करोड ९९ लाख १५ हजारसमेत रू.३ अर्ब ५७ करोड ७८ लाख ९३ हजार निकासा उपलब्ध गराएको छ ।बजेटको तुलनामा ससर्त अनुदानमा सबैभन्दा बढी २८१५ प्रतिशत हस्तान्तरण देखाएकोमा शुरु वजेट संशोधन गरेको छैन।

(रकम रू. हजारमा)

क्र.सं.	अनुदानको प्रकार	वार्षिक बजेट	हस्तान्तरण	हस्तान्तरण प्रतिशत
१	वित्तीय समानीकरण अनुदान	१३२००००	१२६८४२१	९६.००
२	ससर्त अनुदान	६७४४२	१८९९०२२	२८१५.००
३	समपूरक अनुदान	३०८०००	१००५३५	३२.००
४	विशेष अनुदान	७४८५००	३०९९१५	४१.००
	जम्मा	**२४४३९४२**	**३५७७८९३**	**१४६.००**

सबैभन्दा घटी समपूरक अनुदानतर्फ ३२.६४ प्रतिशत हस्तान्तरण गरेको छ । यसरी विनियोजित बजेट भन्दा बढी वित्तीय हस्तान्तरण भएको पुष्ट्याई सहितको कारण पेश गरेको छैन। कार्यालयले स्थानीय तहबाट खर्चको विवरण नलिएकोले वास्तविक खर्च र बाँकी रकम यकिन गर्न सकिएन । खर्च विवरण लिई ससर्तको अनुदानको बाँकी रकम फिर्ता गर्नुपर्दछ।

११. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ अनुसार कुनै एक बजेट उपशीर्षकमा रकम नपुग भएमा अर्को बजेट उपशीर्षकबाट रकमान्तर गर्न सक्ने अधिकार अर्थ मन्त्रालयलाई हुने व्यवस्था छ। यो वर्ष सुरु बजेट रू.४६ अर्ब ८८ करोड ९ लाख ४६ हजार स्वीकृत भएकोमा रकमान्तर र संघीय सरकारबाट थप ससर्त अनुदान रू.१४ करोड ४१ लाख ७ हजार थप गरी अन्तिम बजेट रू.४७ अर्ब २ करोड ५० लाख ५३ हजार कायम गरेको छ । यसमध्ये २०८० अषाढ महिनामा मन्त्रालय र विभिन्न केन्द्रीय निकायमा समेत गरी रू.५३ करोड ६१ लाख ६२ हजार रकमान्तर गरेको छ। अर्थ मन्त्रालय, उर्जा, सिचाई तथा खानेपानी मन्त्रालय, गृह तथा संचार मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि रू.२ करोड १५ लाख ३ हजार असार २० गतेपछि रकमान्तर गरेको छ। मन्त्रालयगत रुपमा शुरु बजेटको १०६ प्रतिशतसम्म थपघट हुनेगरी रकमान्तर गर्दा बजटेको मार्गदर्शन पालना भएको देखिएन। स्वीकृत बजेट सीमा भन्दा बढी हुने गरी वर्षान्तमा रकमान्तर गर्ने कार्य निरुत्सान गर्नुपर्दछ।

१२. **सम्पत्तिको एकीकृत विवरण** – मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७९ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गर्ने र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ। तर संघीय सरकारअन्तर्गत रहेका कृषि, वन, सिंचाँई, सहकारी, भवन, खानेपानी, स्वास्थ्यलगायतका कार्यालय प्रदेश सरकार अन्तर्गत रूपान्तरण तथा गाँभिएकोमा साबिक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गरेको छैन भनी गत वर्ष औल्याइएकोमा स्थिति यथावत रहेको छ । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

१३. **प्रदेश सञ्चित कोष -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले स्वीकृत म.ले.प.फा.नं.२७० को ढाँचामा सञ्चित कोषको वित्तीय विवरण तयार गरी २०८० कार्तिक मसान्तभित्र अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्नेमा २०८० पुष १७ गते पेश गरेको छ। प्रदेशको सञ्चित कोषको हिसाब विवरण निम्नानुसार रहेको छः

(रकम रू. हजारमा)

शीर्षक	विवरण	आर्थिक वर्ष २०७८।७९	आर्थिक वर्ष २०७९।८०
	प्राप्ति		
१.	राजस्व तथा अनुदान	३०३५१२१२	४२७४९९५०
१.१	आर्थिक वर्षको सुरुवातको मौज्दात	१०५८९८६६	१४२४८८३९
१.२	राजस्व	१४९७५२०२	१२८०३६६४
१.२.१	कर	११६६४४५६	११६१५५८८
१.२.२	अन्य राजस्व	३३१०७४६	११६५७३६
१.२.३	प्राकृतिक श्रोत वापतको रोयल्टि	०	२२३४०
१.३	बेरुजु तथा अन्य प्राप्ती	२७४६४२	८६६५११
२.१	अनुदान	१५१०१३६८	१४८३०९३६
२.१.१	समानिकरण अनुदान	७३९३४००	६८३८८२५
२.१.२	सशर्त अनुदान	६७७३१६८	७०३९५१६
२.१.३	समपुरक	३४६९००	५८५००१
२.१.४	विषेश	५८७९००	३६७५९४
	यस वर्षको खुद प्राप्ती	**३०३५१२१२**	**२८५०११११**
	भुक्तानी तर्फ		
१.	चालु तथा पूँजिगत तर्फको भुक्तानी	२३७०७२२८	२६८६७१२०
१.१.	संचितकोष माथि व्ययभार हुने रकमबाट खर्च	१६४२०	१६८६२
१.१.१	चालु खर्च	१६४२०	१६८६२
१.१.२	पूँजिगत खर्च	०	०
१.२	संचितकोषबाट व्ययभार हुने रकमबाट खर्च	२२२४४००४	२३२७५११५
१.२.१	चालु खर्च (अन्तर सरकारी वित्तीय हस्तान्तरण वाहेकको)	१०३१९६२५	७०७५५८४
१.२.२	पूँजिगत खर्च	११९२४३७९	१६१९९५३१
३.	वित्तीय हस्तान्तरण चालु	०	३५७७८९३
४.	अन्तर सरकारी कारोबार/अनुदान	०	०
५.	अन्य कारोबारको समायोजन	१४४६८०४	-२७५०
	यस वर्षको खुद भुक्तानी	**२३७०७२२८**	**२६८६७१२०**
६.	संघीय सरकारलाई खर्च नभई फिर्ता गर्नुपर्ने	१३४००	३३०२२५०
क.	फिर्ता गरेको (असार मसान्तमा भएको)	०	११०१८००
ख.	फिर्ता गर्नुपर्ने	१३४००	२२००४५०
	जम्मा भुक्तानी	**२३७२०६२८**	**३०१६९३७०**
	यस अवधिको कोषमा भएको थप/घट	**६६३०५८४**	**-१६६८२५९**
८.	**आर्थिक वर्षको अन्त्यको मौज्दात**	**१४२४८८३९**	**१२५८०५८०**

गत वर्ष २०७८।७९ मा कुल प्राप्ति रू.३० अर्ब ३५ करोड १२ लाख १२ हजार रहेकोमा फिर्ता समेत गरी कुल भुक्तानी रू.२३ अर्ब ७२ करोड ६ लाख २८ हजार भई रू.६ अर्ब ६३ करोड ५ लाख ८४ हजार वचत रहेको छ। त्यस्तै, सुरु मौज्दात रू.१० अर्ब ५८ करोड ९८ लाख ६६ हजार रहेको छ । प्रदेश वित्तीय विवरण अनुसार २०७८।७९ मा रू.१७ अर्ब २२ करोड ४ लाख ५० हजार अन्तिम मौज्दात रहेकोमा यस आर्थिक वर्षमा शुरु मौज्दात लेखाङ्कन गर्दा रू.१४ अर्ब २४ करोड ८८ लाख ३९ हजार कायम गरेकोले रू.२ अर्ब ९७ करोड १६ लाख ११ हजार कम हुने गरी जिम्मेवारी सारेको छ। न्यून जिम्मेवारी कायम भएको सम्वन्धमा यर्थाथता यकिन गरी आय लेखाङ्कन वास्तविक वनाउनुपर्दछ।

१४. **राजस्व अनुमान र असुली -** मधेश प्रदेश सरकारको वित्तीय प्रतिवेदन अनुसार २०७९।८० मा राजस्व असुलीको शीर्षकगत लक्ष्य र प्रगति विवरण निम्नानुसार रहेको छ।

(रकम रू. हजारमा)

क्र.सं.	राजस्व शिर्षक	अनुमान	असुली रकम	प्रतिशत
१	**कर राजस्व**	१४६४०६७५	**११६१५५८८**	**७९**
२	घरजग्गा रजिष्टेशन दस्तुर		१,८७१,०७२	
३	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर		६,१०६,२६३	
४	बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क		२,४३२,०१५	
५	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर		६३४	
६	बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर		१,२०५,५९८	
७	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर		६	
८	अन्य राजस्व	१३८८६९४	११८८०७६	८६
९	बाँडफाँड भई प्राप्त वन रोयल्टी		२२,३४०	
१०	बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय		१४७,८४७	
११	कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम		७,१९०	
१२	सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम		५००	
१३	अन्य विक्रीबाट प्राप्त रकम		१८९	
१४	निजी धारा वापतको शुल्क		१७२	
१५	अन्य सेवा शुल्क तथा बिक्री		१८,२०८	
१६	न्यायिक दस्तूर		४,७२४	
१७	शिक्षा क्षेत्रको आम्दानी		१९९	
१८	परीक्षा शुल्क		१५,९८७	
१९	यातायात क्षेत्रको आम्दानी		८६,५८६	
२०	अन्य प्रशासनिक सेवा शुल्क		६९,९८०	
२१	व्यावसाय रजिष्ट्रेशन दस्तुर		१०१,७९०	

२२	चालक अनुमति पत्र, सवारी दर्ता किताब ब्लुबुक सम्बन्धी दस्तुर		६९०,८७८	
२३	वन क्षेत्रको अन्य आय		३,७१८	
२४	न्यायिक दण्ड,जरिवाना र जफत		४७	
२५	प्रशासनिक दण्ड,जरिवाना र जफत		७,११८	
२६	बीमा दावी प्राप्ति		९३	
२७	अन्य राजस्व		१०,५१०	
२८	विविध प्राप्ति	१३३६७५४	८६६५१२	६५
२९	बेरूजू		५२७,६५०	
३०	निकासा फिर्ता		४०,९४२	
३१	अनुदान फिर्ता		२९७,९२०	
	कुल जम्मा	**१७३६६१२३**	**१३६७०१७६**	**७९**

उपर्युक्त विवरणअनुसार २०७९।०८० मा रू.१७ अर्ब ३६ करोड ६१ लाख २३ हजार राजस्व सङ्कलन हुने अनुमान गरेकोमा रू.१३ अर्ब ६७ करोड १ लाख ७६ हजार असुली भई लक्ष्यको तुलनामा ७९ प्रतिशत असुली भएको छ । बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर अनुमान गर्दा कर राजस्वमा समावेश गरेको तर वित्तीय प्रतिवेदनमा असुली देखाउँदा विविध आम्दानीमा समावेश गरेकोले कर राजस्व घटी र विविध आम्दानीमा बढी प्रगति गरेको छ । एक शीर्षकमा लक्ष्य निर्धारण गरेको रकम सोही शीर्षकमा आम्दानी जनाई प्रतिवेदन प्रणाली यथार्थपरक बनाउनु र राजस्वका नयाँ स्रोत पहिचान गरी असुली वृद्धि गर्नुपर्दछ ।

१५. **नदीजन्य पदार्थ बिक्री शुल्क -** मधेश प्रदेश आर्थिक ऐन, २०७९ को दफा ७ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तरलगायतका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त आयको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेशले बजेट अनुमानमा रू. २ करोड १० लाख ७१ हजार राजस्व प्रक्षेपण गरेकोमा रू. १४ करोड ७८ लाख ४७ हजार असुली गरेको छ । प्रदेशअन्तर्गतका १३६ स्थानीय तहहरुले दहत्तर, बहत्तरलगायतका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त आयको चालीस प्रतिशतले हुन आउने राजस्वमध्ये पालिकाबाट दाखिला गर्न बाँकीको अभिलेख पेश गरेको छैन। स्थानीय तहबाट प्राप्त हुन बाँकीको हिसाव लिई प्राप्त गर्नुपर्ने रकम समयमा प्राप्ति गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१६. **विज्ञापन तथा मनोरञ्जन कर** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा विज्ञापन करबाट प्राप्त आयको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेशले रू.१ लाख २५ हजार विज्ञापन तथा मनोरञ्जन कर प्रक्षेपण गरेकोमा रू.६ लाख ३४ हजार असुली भएको छ। गत आर्थिक वर्षदेखि नै बिरगंज महानगरपालिका, जितपुर सिमरा र कलैया उपमहानगरपालिकाले विज्ञापनबाट प्राप्त आयको चालीस प्रतिशत रू. २५ लाख ५१ हजार र चालु आर्थिक वर्षको रु. ६ लाख ३४ हजार समेत रु ३१ लाख ८५ हजार प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएतापनि प्रदेशको राजस्व अभिलेखमा नदेखिदा राजस्वको अनुमान र असुली यर्थाथपरक देखिएन। कार्यालयले यस्तो रकमको हिसाबकिताब स्थानीय तहबाट लिई प्राप्त गर्नुपर्ने रकम समयमा प्राप्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१७. **वित्तीय हस्तान्तरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १९ मा प्रदेश सञ्चित कोषबाट वित्तीय हस्तान्तरण गर्ने व्यवस्था छ । यो वर्ष प्रदेश सरकार मार्फत १३६ स्थानीय तहलाई वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण, ससर्त, विशेष र समपूरक अनुदान रू.३ अर्ब ६२ करोड २६ लाख ४३ हजार निकासा उपलब्ध गराएको छ।

(रकम रू. हजारमा)

क्र.सं.	अनुदान	बजेट	निकासा
१	वित्तीय समानीकरण अनुदान	१३२००००	१२७२४४८
२	ससर्त अनुदान	२२२६५००	१९३५६५५
३	विशेष अनुदान	४२८५००	३११९६५
४	समपूरक अनुदान	२८४०००	१०२५७५
	जम्मा	**४२५९०००**	**३६२२६४३**

कार्यालयले उपलब्ध गराएको राजस्व व्यवस्थापन सूचना प्रणालीअनुसार स्थानीय तहबाट रू.२९ करोड ७९ लाख १९ हजार प्रतिवेदन अवधिसम्म फिर्ता भएको उल्लेख भएतापनि २०७९।८० को एकीकृत वित्तीय विवरणमा स्थानीय तहगत विवरण तयार गरेको छैन। लेखापरीक्षणबाट तिरहुत गाउँपालिका सप्तरीले रू. २९ लाख ७६ हजार, लहान नगरपालिकाले रू.७ करोड ४ लाख ४८ हजार, मिथिला विहारि नगरपालिकाले रू. १९ लाख ७६ हजार र लक्ष्मीपुर पतारी गाउँपालिकाले रु ४ करोड ४६ लाख ९७ हजार फिर्ता गर्न बाँकी देखिएपनि प्रदेश सञ्चित कोष हिसावमा फिर्ता वाँकी देखाउने नगरेकोले प्राप्ती हुन बाँकी हिसाव यथार्थपरक देखिएन।

१८. **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा६(२) मा प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष विभाज्य कोषमा सवारी साधन कर रू.२ अर्ब ९ करोड २७ लाख १० हजार संकलन भएकोमध्ये ६० प्रतिशतले हुन रू.१ अर्व २० करोड ५५ लाख ९७ हजार प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत हुन आउने रकम रू.८० करोड ३७ लाख ३२ हजार स्थानीय विभाज्य कोषमा ट्रान्सफर गरेको छ । उक्त रकम ऐनको व्यवस्था बमोजिम मासिक रुपमा विभाजन गरी दाखिला गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमनः-** गत विगतको प्रतिवेदनमा विनियोजन र खर्च, श्रोतगत योगदान, रकमान्तर र सम्पत्तिको एकीकृत विवरण लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति** - मन्त्रालय र मातहतका ४ निकायको रु. १ लाख २१ हजार मात्र बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची ९ मा समावेश छ ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति तथा योजनाको कार्यान्वयन, उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन, अन्तर प्रदेश व्यापार प्रवर्द्धन सहजीकरण, पर्यटकीय क्षेत्रको विकास तथा व्यवस्थापन, पर्यटकीय मेला व्यवस्थापन, खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति तयार लगायतका कार्य रहेका छन् । साविकमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयबाट कार्यसम्पादन हुदै आएकोमा उल्लिखित कार्य २०८०।२।९ देखि उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय र वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रमा समावेश गरिएको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेतका २५ प्रदेश कार्यालयको निम्नानुसार रु.२ अर्ब ९४ करोड ७३ लाख ८९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त रकममा वन तथा वातावरण मन्त्रालयको कारोवार समेत समावेश छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२४१६७०२	२१४६२३	१७३५८६७	१४२४७७	२९४७३८९

२. **कार्य जिम्मेवारी -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयको कार्य जिम्मेवारीमा पर्ने व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति तथा योजनाको कार्यान्वयन, उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्धन, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन, अन्तर प्रदेश व्यापार प्रवर्धन सहजीकरण, पर्यटकीय क्षेत्रको विकास तथा व्यवस्थापन, पर्यटकीय मेला व्यवस्थापन, खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति लगायतका कार्य मध्ये व्यापार र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति तर्जुमा, खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी मापदण्ड र योजना तर्जुमा, उपभोक्ता अदालत गठन र सञ्चालन लगायतका कार्य कार्यान्वयन भएको छैन। कार्य विभाजन नियमावलीमा तोकिएका जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ।

घरेलु तथा साना उद्योग कार्यालयहरू

३. **उद्योग अभिलेख -** प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७ ले गरेको व्यवस्था अनुसार मन्त्रालय अन्तर्गतका आठ जिल्लामा रहेका घरेलु तथा साना उद्योग कार्यालय मार्फत घरेलु,साना र लघु प्रकृतिका उद्योग दर्ता, नवीकरण, लगत कट्टा लगायतका कार्य हुदै आएको छ । यस मन्त्रालय अन्तर्गत रहेको उद्योग विभाग, पर्साबाट प्राप्त विवरण अनुसार ८ वटै घरेलु तथा साना उद्योग कार्यालय बाट २०७९।८० मा ७ हजार १४७ नयाँ उद्योग दर्ता, ६ हजार ५७० उद्योगको नवीकरण र ५५० उद्योगको लगत कट्टा भएको देखियो । कार्यालयले विगतका वर्षमा दर्ता भएका उद्योगहरुको लगत अद्यावधिक नगरेकोले नवीकरण नभई निस्कृय रहेका उद्योगको विवरण उपलब्ध भएको छैन। अद्यावधिक विवरण नहुदाँ उद्योगको नियमनमा कठिनाई हुनुको साथै अनौपचारिक अर्थतन्त्र मौलाउने जोखिम रहेको छ। मन्त्रालयले दर्ता, नविकरण लगायतको नियमितरुपले अनुगमन गर्नुका साथै उद्योग व्यवस्थापन सूचना

प्रणालीको विकास गरी उद्योगको दर्ता नविकरण र प्रतिवेदन प्रणाली सुदृढ गर्दै तथ्यांक अद्यावधिक गर्नुपर्दछ ।

४. **उद्यमशीलता प्रवर्द्धन -** प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७ को प्रस्तावनामा प्रदेश रोजगारीको अवस्थामा अभिवृद्धि ल्याउनुको साथै औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई प्रदेशको औद्योगिक विकास र प्रवर्द्धन गर्ने उल्लेख छ। उद्योग विभागबाट प्राप्त विवरण अनुसार मन्त्रालय अन्तर्गतका कार्यालयमा २०७९।०८० मा दर्ता भएका नयाँ उद्योग मार्फत ३३ हजार ४५६ रोजगारी सृजना र ७ हजार ७५७ उद्यमी वृद्धि भएको उल्लेख छ।

उद्योगको प्रकृति	उद्योग संख्या	रोजगारी संख्या	उद्यमी संख्या
उत्पादनमुलक	७७६	४४८२	७९६
कृषि वनजन्य	३७१६	१५७२०	३७७७
पर्यटन	७९४	१३६०	३०२
निर्यातमूलक	२६२	३४५२	७७२
सेवामुलक	२०९९	८४४२	२११०
जम्मा	**७६४७**	**३३४५६**	**७७५७**

दर्ता भएका उद्योग मध्ये उत्पादनमुलक उद्योगको हिस्सा १०.११ प्रतिशत छ । सिर्जना भएको रोजगारीमा महिलाको हिस्सा २० प्रतिशत रहेकोमा अधिकांश कृषि तथा वनजन्य उद्योगमा संलग्न रहेको देखिन्छ। मन्त्रालयले उत्पादनमुलक उद्योग स्थापनाका लागि औद्योगिक वातावरण बनाउन पहल गर्नुका साथै उद्योग स्थापना मार्फत स्वरोजगारी अभिवृद्धि गर्न प्रोत्साहित गर्नुपर्दछ ।

५. **राजस्व सङ्कलन -** उद्योग विभागले उद्योग तथा वाणिज्य क्षेत्रमा सञ्चालन स्वीकृति प्रदान गरेका निकायको दर्ता, नवीकरण, नामसारी लगायतमा राजस्व संकलन गर्दै आएको छ । विभाग तथा मातहत कार्यालय मार्फत २०७९।८० मा रु. १० करोड ९३ लाख २५ हजार राजस्व सङ्कलन भएको छ । विभाग र मातहतका कार्यालयको क्षमता वृद्धि गरी औद्योगिक क्षेत्रको सहजीकरण, सवलीकरण र नियमन मार्फत राजस्व वृद्धि गर्नुपर्दछ।

पर्यटन विकास कार्यालय

६. **सूचना खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। पर्यटन विकास कार्यालय जनकपुरले यस वर्ष सूचना प्रकाशन वापत पटक पटक गरी रु.५० लाख ८९ हजार खर्च गरेको छ। सार्वजनिक निकायबाट हुने सूचना प्रकाशन लगायतका खर्च प्रतिस्पर्धी एवं मितव्ययी हुने विधि अवलम्वन गरी गर्नु पर्दछ।

७. **त्रैमासिक खर्च -** प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २२(३) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट सबै आर्थिक कारोवारको वित्तीय विवरण लिई प्रदेशको एकीकृत वित्तीय विवरण र एकीकृत हिसाब तयार गरी तोकिएको समयभित्र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश

लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गतका पर्सा, लाहान र जनकपुरमा रहेको तीन पर्यटन विकास कार्यालयले कुल पूँजीगत रु ६३ करोड ४० लाख ५६ हजार खर्च गरेकोमा अन्तिम त्रैमासिकमा ९८ प्रतिशतले हुने रु ६२ करोड २८ लाख ५० हजार र असार महिनामा मात्र ७१ प्रतिशतले हुने रु ४५ करोड २० लाख ७८ हजार खर्च गरेको छन। अन्तिम त्रैमासिकमा हुने खर्च नियन्त्रण गरी निर्माण कार्यको गुणस्तर कायम गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा एकीकृत वित्तीय विवरण, केन्द्रीय प्रगति विवरण, संघीय कार्यालयको खर्च, लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति** - मन्त्रालय र मातहत २४ निकायको रु.४ करोड ९१ लाख ५७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.१ लाख १६ हजार फर्स्यौट भई रु.४ करोड ९० लाख ४१ हजार बाँकी रहेको छ। सो मध्ये रु. १ करोड ९६ लाख म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय

मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम प्रदेशस्तरको विद्युत, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना तर्जुमा र सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन गर्दै पिछडिएका वर्गको पहुँच सुनिश्चितता, राष्ट्रिय जलस्रोत नीति तथा प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजना पहिचान, विद्युत वितरण र सेवाको गुणस्तर नियमन, वैकल्पिक ऊर्जा तथा सोलार ऊर्जा सम्बन्धी नीति तथा मापदण्ड निर्धारण, प्रदेशका जलस्रोत उपयोग लगायतका कार्य सञ्चालन गर्न मन्त्रालयको स्थापना भएकोमा २०८० बैशाख २० बाट जलश्रोत तथा सिंचाईको समेत कार्य गर्ने गरी कार्य जिम्मेवारी तोकेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहत समेतका ५ कार्यालयको निम्नानुसार रु.१ अर्ब ३५ करोड ८३ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२०१३१२	४१८०	१४३६१७	९२१९	१३५८३२८

२. **नीति तर्जुमा तथा कार्यान्वयन** - मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ ले निर्धारण गरे अनुसार प्रदेशस्तरको विद्युत, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कानुन तर्जुमा, प्रदेश सीमा नदीको जल उपयोग सम्बन्धी आयोजना पहिचान, वैकल्पिक ऊर्जा तथा सोलार ऊर्जा सम्बन्धी नीति निर्धारण, विद्युतीय यातायातको नियमन, जलस्रोत उपयोग सम्बन्धमा अन्तर प्रदेश समन्वय लगायतका विषयको कार्यक्षेत्र निर्धारण गरेको छ। मन्त्रालयले वार्षिक बजेट कार्यान्वयनबाट सम्पन्न गर्न र उपलब्धी हासिल गर्न सकिने गरी नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता सम्बन्धी व्यवस्था छ । ऐनको व्यवस्था अनुसार विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ । मन्त्रालयमा यो वर्ष चालुतर्फ ४१ प्रतिशत र पूँजीगतर्फ २७ प्रतिशत मात्र खर्च भएको छ। ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालनाको सुनिश्चितता गर्न अनुगमन मूल्यांकन गरेको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी वित्तीय सुशासन कायम गर्नुपर्दछ।

४. **बजेटमा समावेस आयोजनाहरु -** मधेश प्रदेश सरकार अर्थ मन्त्रालयबाट प्रकाशन भएको वार्षिक कार्यक्रम रातो किताबमा मन्त्रालयले सम्पन्न गर्नेगरी जलवायु अनुकुलित खानेपानी आयोजनाका लागि रु.२९ करोड ५४ लाख २४ हजार, तराई मधेश खानेपानी सुधार कार्यक्रममा रु.४४ करोड १४ लाख ७३ हजार, खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रममा रु.१२ करोड ९६ लाख र राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रममा रु.१ करोड बजेट विनियोजन भएको मध्ये जलवायु अनुकुलित खानेपानीमा बजेटको तुलनामा ८८ प्रतिशत र तराई मधेश खानेपानीमा ८३ प्रतिशत खर्च भएपनि अन्य दुई कार्यक्रम सञ्चालन भएको छैन । स्वीकृत बजेट अनुसारको कार्यक्रम सम्पन्न गरी प्रगति हासिल गर्नुपर्दछ ।

५. **बजेट कार्यान्वयन** - स्वीकृत नीति तथा कार्यक्रम अनुसारको कृयाकलाप सहितको बजेट मार्फत योजना कार्यान्वयन गर्ने असल अभ्यास रहेको छ । मधेश प्रदेश सरकारले स्वीकृत गरेको बजेट बक्तव्य २०७९/८० मा स्वच्छ खानेपानी पुऱ्याउन पानी ट्याङ्की निर्माण, मर्मत सम्भार र सञ्चालन गर्न रु.२० करोड ४१ लाख, सार्वजनिक निजी साझेदारीमा वैकल्पिक ऊर्जा विकास र प्रर्वद्धन गर्न रु.११ करोड ३० लाख बजेट विनियोजन गरेको छ । कार्यक्रमको कार्यान्वयन अवस्था र उपलब्धी मापन सूचक अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन । मन्त्रालयको नीति तथा कार्यक्रमको उद्देश्य हासिल भएको सुनिश्चित हुने गरी वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

६. **रकमान्तर** - मधेश प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा जम्मा रकमको १० प्रतिशतले नबढने गरी रकमान्तर गर्न सकिने, एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिने व्यवस्था छ। यस वर्ष शुरू बजेट रू.१ अर्ब ६८ करोड ८६ लाख ७१ हजारमध्ये वर्षान्तमा रू.१७ करोड १९ लाख (१०.१८ प्रतिशत) रकमान्तर भएको छ। स्वीकृत बजेट सीमा भन्दा बढी हुने गरी वर्षान्तमा रकमान्तर गर्ने कार्य निरुत्सान गर्नुपर्दछ।

७. **दिगो विकासको लक्ष्य** - दिगो विकासको लक्ष्य(२०१६-२०३०) मा सबैको निम्ति खानेपानी तथा सरसफाईको उपलव्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने उल्लेख छ। यसका ६ परिमाणात्मक लक्ष्य तथा २० सूचकहरु रहेका छन् ।मन्त्रालयले दिगो विकासका लक्ष्यहरुसंग सामञ्जस्यता कायम गरी वार्षिक कार्यक्रम तर्जुमा गरेको देखिएन । मन्त्रालयले स्पष्ट र समयबद्ध कार्ययोजना तयार गर्ने र तोकिएकै समयमा लक्ष्य प्राप्ति गर्ने गरी दिगो विकासका कार्यक्रम आन्तरिकिकरण गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गरी सक्नुपर्ने र सो अवधिमा पेश गर्न नसकिने मनासिव कारण भएमा लेखा उत्तरदायी अधिकृतले म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम बढीमा पैंतीस दिनसम्म म्याद थप हुन सक्ने व्यवस्था छ । मन्त्रालयले लेखापरीक्षण अवधि २०८० माघ मसान्तसम्म एकीकृत वित्तीय विवरण तयार नगरेकोमा ऐनको व्यवस्था अनुसार म्याद थपको लागि पत्राचार गरेको छैन । ऐनमा भएको व्यवस्था वमोजिम समयमै एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यहोरा गतविगतको प्रतिवेदनमा उल्लेख गरेकोमा समेत सुधार भएको छैन ।ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।

९. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्नसक्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा बीसलाख रुपैंया भन्दा बढी लागत अनुमान भएको परामर्श सेवा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले ९ परामर्शदाता मार्फत खानेपानी संरचना निर्माणको विस्तृत परियोजना प्रतिवेदन तथा लागत अनुमान तयारी कार्य गराई रु.३८ लाख भुक्तानी गरेको छ। परामर्श सेवाको उपयुक्त प्याकेज बनाई प्रतिस्पर्धा नगराएको, कार्यसञ्चालन तहले गर्ने काम मन्त्रालयबाट

गरेको र ती प्रतिवेदनहरु कार्यान्वयन गरेको समेत देखिएन। विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन गर्ने अवधिको सुनिश्चिता गर्नुपर्दछ।

१०. **रुग्ण आयोजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने तथा गुणस्तर परीक्षण गर्ने सम्बन्धी व्यवस्था छ ।मन्त्रालयमा साविक संघीय खानेपानी मन्त्रालयबाट हस्तान्तरित २० वर्ष पुराना र जिम्मेवारी सर्दै आएका २८२ आयोजना मध्ये केही आयोजनाको लागि हालसम्म रु.२ अर्ब ७७ करोड २७ लाख विनियोजन तथा खर्च भएको छ। सम्झौता अनुसार आवश्यक पर्ने रु १४ अर्ब ५२ करोड ६३ लाखको १९ प्रतिशत मात्र विनियोजन हुँदा निर्धारित समयमा आयोजना सम्पन्न हुने देखिएको छैन । निर्धारित समयमा योजना सम्पन्न हुने गरी बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। महोत्तरी, धनुषा, सप्तरी र सिरहा जिल्लामा सञ्चालित ५ खानेपानी आयोजनाका लागि रु. २३ करोड ८७ लाख ३६ हजार बजेट आवश्यक रहेकोमा कूल आयोजना लागतको १० प्रतिशतले हुने रु. २ करोड ४० लाख १७ हजार मात्र बजेट व्यवस्थापन भएको छ । न्यून बजेट व्यवस्थापन भएकोमा ती आयोजनाको समग्र प्रगति न्यून देखिएको छ। सम्झौता अवधिभित्र सम्पन्न हुनेगरी बजेट व्यवस्था गर्नुपर्दछ ।

११. **पाइप तथा फिटिङ्गस मौज्दात -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२३ मा निर्माण कार्यको नापी किताव र ठेक्का बिल तयार गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय अन्तर्गतका खानेपानी तथा सरसफाइ कार्यालयमा गत वर्षसम्मको रु.१६ करोड २४ लाख ३० हजार मूल्यका ३ लाख २३ हजार ४०१ थान विभिन्न साइजका एच. डि.पि.ई. पाइप मौज्दात रहेकोमा यो वर्ष खरिद भई मौज्दात थप भएको रु.११ करोड ३६ लाख २४ हजार मूल्यका २ लाख २४ हजार २७६ थान समेत रु.२७ करोड ६० लाख ५४ हजार मूल्यका ५ लाख ४७ हजार ६७७ थप पाइप मौज्दात रहेको छ। यो वर्ष खर्च देखाएको रु.४ करोड ६६ लाख ८७ हजार मूल्यका ६३ हजार ३५८ थान पाइप जडानको नापी किताब पेश भएको छैन । अत्यधिक मौज्दात रहने गरी पाइप खरिद गर्ने कार्यमा नियन्त्रण गरी प्रयोग भए बमोजिमको नापी किताव तयार गर्नुपर्दछ ।

१२. **हेडवर्क्स निर्माण -** जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, सिरहा अन्तर्गत खुट्टी खोला सिँचाइ योजना, लहानमा हेड वर्क्स तथा क्यानल निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसँग २०७९।०८।१६ सम्म सम्पन्न गर्ने गरी २०७७।०८।१७ मा रू. ८ करोड ५६ लाख ७२ हजारको सम्झौता भएको छ । उक्त निर्माणको अन्तिम बिलसम्म मूल्य अभिवृद्धि कर समेत रु. ८ करोड ६९ लाख ५४ हजार भुक्तानी भएको छ।योजनाको स्थलगत निरीक्षण गर्दा खोलामा पानी वग्ने सतह भन्दा हेड वर्क्स उच्च स्थानमा निर्माण भएको छ । यसबाट डिजाइन सुधार तथा थप निर्माण कार्य नगरी हेड वर्क्समा पानी जम्मा गरी वितरण हुन सक्ने देखिएन। खोलामा बग्ने पानीको सतह भन्दा हेड वर्क्स उच्च स्थानमा हुनेगरी डिजाइन तथा खरिद सम्झौता गरेको देखिएकोमा सञ्चालन सुनिश्चिता यकिन गर्नुपर्दछ।

१३. **सिँचाइ योजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध नगराएमा वा अन्य मनासिब कारणबाट सम्झौताको अवधि

नबढाई नहुने अवस्था बाहेक सम्झौतामा उल्लेख भएको म्याद भित्र कार्य सम्पादन गरिसक्नु पर्ने व्यवस्था छ। जलस्रोत सिंचाई विकास डिभिजन, महोत्तरीले सम्झौता मितिले ७२३ दिनभित्र निर्माण सम्पन्न गर्नेगरी अनारबन पथरा सिंचाई योजना कार्यान्वयन गर्न २०७२।९।२ मा रु.१ करोड ६७ लाख २९ हजारको निर्माण सम्झौता गरेको छ । उक्त कार्यमा रु.१७ लाख ७३ हजार मोविलाईजेशन पेश्की समेत हालसम्म रु.८९ लाख १३ हजार भुक्तानी भएको छ । सम्झौताको आठ वर्षसम्म ५३ प्रतिशत मात्र प्रगति देखिएको सम्बन्धमा खरिद सम्झौता एवं खरिद नियमावली अनुसार खरिद कारवाही टुङ्गाउनुपर्दछ।

१४. **मालसामान खरिदमा ओभरहेड -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले खरिद गर्नुपूर्व स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। सामग्री खरिदको लागत अनुमान तयार गर्ने सम्वन्धी अनुसूचीमा सामाग्री खरिदको लागत अनुमानमा ओभरहेड जोड्ने व्यवस्था रहेको देखिदैन ।भूमिगत जलश्रोत डिभिजन, सिरहाले कोटेशनमार्फत पाइप खरिदको लागत अनुमान तयार गर्दा रु ८ लाख १ हजार ओभरहेड समेत समावेश गरी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमनः-** गत विगतको प्रतिवेदनमा नीति तर्जुमा तथा कार्यान्वयन, वित्तीय जिम्मेवारी तथा जवाफदेहीता, परार्मश सेवा, पाईप तथा फिटिङ मौज्दात, अधुरो आयोजना लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु -** मन्त्रालय र मातहतका ४ निकायको रु.७ करोड २८ लाख ३९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ । सो मध्ये रु.३५ लाख ९७ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ।

कानुन न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय

मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ वमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश कानुन, विधेयक तथा आदेश तयार गरी प्रदेश सरकारवाट जारी हुने निर्देशिका तथा कार्यविधि पारित विधेयक राजपत्रमा प्रकाशन, प्रदेश न्याय सेवा आयोगको व्यवस्थापन, प्रदेश कानुन प्रकाशन एवम अनुवाद गर्ने लगाएतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय -** यो वर्ष मन्त्रालयको रु २ करोड ७९ लाख ६५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
२५९३९	३६	१९९०	०	२७९६५

२. **कानुन निर्माण -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ ले प्रदेश विधेयक ,अध्यादेश, नियम, आदेश तथा प्रदेश सरकारवाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा र सहमती तथा स्थानीय तहको कानुनको मस्यौदा तर्जुमामा सहजीकरण र प्रदेश कानुनको एकिकरण र संहिताकरण गर्ने गरी मन्त्रालयको कार्यक्षेत्र तोकेको छ । मन्त्रालयवाट लेखापरीक्षण अवधिसम्म ऐन ६०, नियमावली तथा विनियमावली १५, निर्देशिका र कार्यविधि तथा आदेशहरु २२ गरी जम्मा ९७ कानुन निर्माण भएको छ।

३. **वित्तीय प्रतिवेदन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ वमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदन त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधी समाप्त भएको ७ दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमवाट सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले तयार गरेका वित्तीय प्रतिवेदन विधुतीय माध्यमवाट सार्वजनिक गरेको छैन । वित्तीय प्रतिवेदन सार्वजनिक गरी सुचना प्रवाह गर्नुका साथै सम्पादित कार्य पारदर्शी वनाउनु पर्दछ ।

४. **सम्पत्ति एकिकरणः-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिति २०८०।१।२८ को निर्णय अनुसार मन्त्रालयको नाम परिवर्तन भई गृह,सञ्चार तथा कानुन मन्त्रालय कायम भएकोमा जिन्सी सम्पत्तिको व्यवस्थित अभिलेख तयार गरी हस्तान्तरण तथा वरवुझारथ गरेको छैन।

५. **ऐन संग्रह छपाईः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एक लाख भन्दा बढीको खरिद लागत अनुमान तयार गरी गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रु.२० लाख सम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सोझै खरिद गरी २ आपुर्तिकर्तालाई प्रदेश ऐन संग्रह छपाई वापत रु.१९ लाख ६८ हजार भुक्तानी गरेको छ। विक्री गर्ने उद्देश्यले छपाई भएका ऐन संग्रह विक्री नभई स्टोरमा मौज्दात रहेको छ । मौज्दात रहने गरी खरिद गर्नु उचित देखिएन।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा कानुन निर्माण, वित्तीय प्रतिवेदन सार्वजनिक लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु** - यो वर्ष मन्त्रालयमा रु २८ लाख ९२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि प्रतिकृयावाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम वाँकी रहेको छ ।यस सम्वन्धी विवरण अनुसुचि ९ मा रहेको छ।

गृह तथा सञ्चार मन्त्रालय

मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा मधेश प्रदेश अन्तर्गत शान्ति सुरक्षा कायम राखी अपराध नियन्त्रण, विपद व्यवस्थापन, हातहतियार व्यवस्थापन, उत्सव तथा समारोह व्यवस्थापन, अर्धन्यायिक कार्यका साथै सुचना तथा सञ्चार सम्बन्धी कार्य रहेका छन्। अन्तर प्रदेश र संघीय सरकारसँग समन्वय गरी प्रदेशको आन्तरिक मामिला व्यवस्थापनमा मन्त्रालयले भूमिका निर्वाह गरिरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहत समेत ३ प्रदेश कार्यालयको निम्नानुसार रु. ४९ करोड २६ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न रहको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२९०८८३	१५७८७	२३२२२	१६२७५६	४९२६४८

२. **कार्य जिम्मेवारी** - मधेश प्रदेशसरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनुसूची-२ मा मन्त्रालयले गर्ने कार्यहरु उल्लेख छ । मन्त्रालयले प्रदेशको शान्ति सुरक्षा र सार्वजनिक सुव्यवस्था सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यन्वयन गर्ने, प्रदेशको शान्ति सुरक्षामा आउन सक्ने चुनौती र जोखिम सम्बन्धी सूचना संकलन विश्लेषण र उपयोग गर्ने, प्रदेश प्रहरी व्यवस्थापन गर्ने, सामाजिक विवाद र द्धन्द व्यवस्थापन, रेडियो, एफ.एम तथा टेलिभिजन सञ्चालन सम्बन्धी प्रादेशिक नीति तर्जुमा तथा कार्यन्वयन गर्ने, प्रदेश स्तरको विद्युतीय संचार माध्यमको सञ्चालन अनुमती, नियमन र नविकरण सम्बन्धी व्यवस्था लगायत रहेका छन्। कार्य विभाजन नियमावलीमा तोकिएका जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ।

३. **कानुन निर्माण -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनुसूची-२ मा प्रदेशको शान्ति सुव्यवस्था र संचार सम्बन्धी विधेयकका मस्यौदा निर्माण गरी पेश गर्ने काम मन्त्रालयलाई तोकिएको छ । मन्त्रालयले प्रदेश स्तरको विद्युतीय संचार माध्यमको दर्ता, सञ्चालन तथा नविकरण र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा गरेको छैन।

४. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन विभागीय मन्त्री, केन्द्रीय आर्थिक विवरण तथा मातहत कार्यालयको हिसाब जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट खर्च गर्ने जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ । सो अनुसारको जिम्मेवारी र जवाफदेहिता पालना भएको देखिने अभिलेख मन्त्रायलयले राखेको छैन। ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी वित्तीय सुशासन कायम गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम कार्यान्वयन -** मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रममा यस मन्त्रालयसँग सम्बन्धित सुरक्षित बेटी अभियान, बाल हिंसा, लागु औषध ओसार पसार तथा दुर्व्यसन रोकथाम तथा नियन्त्रण,विपद् जोखिम न्युनीकरण, प्रदेश मुद्रण छापाखाना लगायतका कार्य

भएको देखिएन । मन्त्रालयले बार्षिक बजेट कार्यान्वयनबाट सम्पन्न गर्न र उपलब्धी हासिल गर्न सकिने गरी नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **आवधिक योजनाको कार्यान्वयन -** प्रदेश सरकारको चालु आवधिक योजनामा गृह तथा संचार मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०८०।८१ सम्ममा जनसंख्या प्रतिशतका आधारमा शान्ति सुरक्षाको अनुभूती गरेको जनसङ्ख्या ६० बाट ९५, सुरक्षा निकायमा प्रविधिको प्रयोग ४० बाट ९०, इन्टरनेट, टेलिफोन, मोवाईल लगायत प्रविधिको प्रयोग ७५ बाट ९५ र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग ५ बाट ३० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ ।प्रदेश प्रहरी गठन भइनसकेको, सामाजिक मेलमिलापका प्रयास संस्थागत गर्न बाँकी रहेको, अपराधिक गतिविधि नियन्त्रणका चुनौती र आयाम बढ्दै गएको, शैक्षिक संस्थाहरुमा इन्टरनेट पहुच पर्याप्त नभएको, प्रशासानिक संरचनामा इ-गभर्नेन्स लागु हुन नसकेको, विद्युतीय अपराध न्युनिकरण प्रभावकारी हुन नसकेको कारण अपेक्षित लक्ष्य प्राप्ति भएको छैन । मध्यमकालीन खर्च संरचना र आवधिक योजनाबीच तालमेल कायम गर्नुपर्दछ।

७. **बजेट कार्यान्वयन -** मन्त्रालयले आ.व. २०७९।८० को बजेट बक्तव्य मार्फत प्रदेशमा समसामयिक कानुनमा परिमार्जन गरी आधुनिक प्रविधिको प्रयोग र संस्थागत सुदृढिकरण मार्फत सार्वजनिक सेवा प्रवाह थप प्रभावकारी र जनमुखी बनाउने उद्देश्य लिएको छ। जनमुखी सार्वजनिक सेवा तथा सुशासन प्रबर्द्धनमा प्राथमिकता सहित सुरक्षित बेटी अभियान, बाल हिंसा, महिला हिंसा विरुद्धका कार्यक्रम, लोककल्याणकारी विज्ञापन कार्यक्रम र संचार क्षेत्रको संस्थागत विकास लगायतका समग्र क्रियाकलाप सञ्चालन गर्न रु ६४ करोड ३३ लाख २० हजार विनियोजन भएकोमध्ये रु २९ करोड ८ लाख ८३ हजार (४५ प्रतिशत) खर्च भएको छ । स्थानीय तहमा प्रहरी चौकी भवन निर्माण, विभिन्न स्थानमा सुधार केन्द्र निर्माण सामाग्री खरिद, प्रदेश मुद्रण छापाखाना संचारग्राम लगायत बजेट व्यवस्था भएका कार्यक्रम कार्यान्वयनमा आएको छैन।

८. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्ने सम्बन्धी व्यवस्था छ। मन्त्रालयले मध्यकालीन खर्च संरचना तयार गरेकोमा ३ आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहित कार्यक्रमको प्राथमिकीकरण गरेको छैन। त्यसबाट कार्यन्वयनको अवस्था मूल्यांकन गर्न कठीनाई परेको छ। कार्यक्रम कार्यन्वयन गर्न सूचक तयार गरी प्रगति मापनका आधारमा सुधार गर्ने गरी सरलीकरण गर्नुपर्दछ।

९. **रकमान्तर -** मधेश प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा जम्मा रकमको १० प्रतिशतले नबढ्ने गरी रकमान्तर गर्न सकिने, एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ। मन्त्रालयको यस वर्ष सुरु बजेट रु.६४ करोड ३३ लाख भएकोमा रु.३ करोड ६३ लाख थप तथा रु.१७ करोड ६४ लाख घट गरी जम्मा रु.२१ करोड २७ लाख रकमान्तर गरेको छ। जुन सुरु बजेटको तुलनामा ३३% हुन आउदछ। स्वीकृत बजेट सीमा भन्दा बढी हुने गरी वर्षान्तमा रकमान्तर गर्ने कार्य निरुत्सान गर्नुपर्दछ।

१०. **वित्तीय प्रतिवेदन सार्वजनिक** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ वमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार

गर्ने केन्द्रीय वित्तीय प्रतिवेदन एवं कार्य सञ्चालनसँग सम्बन्धित वित्तीय प्रतिवेदन उल्लिखित व्यवस्था अनुरुप विद्युतीय माध्यमबाट सार्वजनिक गरेको छैन। वित्तीय प्रतिवेदन सार्वजनिक गरी सूचना प्रवाहित गर्नुका साथै सम्पादित कार्य पारदर्शी वनाउनुपर्दछ ।

११. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा तथा सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । लगत सहितको प्रतिवेदन वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र पेश गर्नुपर्ने व्यवस्था छ । साथै मन्त्रालयले आफ्नो र मातहत कार्यालयको समेत जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। संघीय सरकार अन्तर्गत रहेका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाँभिएको अवस्थामा साविक कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा उपयोगको पर्याप्त व्यवस्था छैन । कानूनमा व्यवस्था भए वमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१२. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ मा दोश्रो चौमासिक सम्म पनि सन्तोषजनक कार्य हुन नसकेमा कार्यान्वयन योग्यताको विश्लेषण गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट समर्पण गर्ने गराउने व्यवस्था रहेको छ । मन्त्रालयको लागि विनियोजन भएको रकम रु.६४ करोड ३३ लाख मध्ये रु.२६ करोड ५५ लाख ६९ हजारका योजनाहरु कार्यान्वयन भएको छैन। योजना कार्यान्वयत नभई बाँकी रहेको बजेट तोकिएको समयमा समर्पण गरेको छैन । बजेट समर्पण मार्फत स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्नुपर्दछ।

१३. **संघीय कार्यालयको खर्च** - प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेशको वजेट तथा कार्यक्रममा समावेश भएको योजना संघीय कार्यालयवाट सञ्चालन गर्न नेपाल सरकार अर्थ मन्त्रालय र सम्वन्धित मन्त्रालयको स्वीकृत लिनुपर्ने व्यवस्था छ । मन्त्रालयले संघीय प्रहरीसँग सम्वन्धित निकायमा भवन निर्माण र सामग्री खरिद गर्नका लागि विभिन्न व्यवसायीसँग सम्झौता गरी रु ३२ लाख २३ हजार र मोटरसाइकल २४ थान खरिद गरी रु ५२ लाख ५४ हजार भुक्तानी दिएको छ । विनियोजन र खर्च गर्दा ऐन बमोजिम संघीय तथा अर्थ मन्त्रालयबाट स्वीकृत लिएको देखिएन। स्वीकृति लिएर मात्र विनियोजन तथा खर्च गर्नुपर्दछ।

१४. **शान्ति सुरक्षा खर्च -** मधेश प्रदेश मन्त्रीपरिषदको २०७५।२।१० र २०७७।१२।२४ को निर्णयमा गृह तथा सञ्चार मन्त्रालयका मन्त्री तथा सचिवलाई भैपरी आउने शान्ति सुरक्षा खर्च वापत बिल भरपाई पेश गर्नु नपर्ने गरी मन्त्रीले एक पटकमा बढीमा रु. ३० हजारका दरले मासिक ५ पटक सम्मको रु.१ लाख ५० हजार, राज्यमन्त्रीले मासिक बढीमा रु.१ एक लाख तथा सचिवले एकपटकमा बढिमा रु.१० हजारका दरले मासिक ५ पटकसम्म रु. ५० हजार गरी कुल रु. ३ लाखमा नबढ्ने गरी मासिक खर्च गर्न सक्ने उल्लेख छ। यसै व्यवस्था अनुसार यो वर्ष मन्त्री, राज्यमन्त्री तथा सचिवलाई रु. २८ लाख ३० हजार भुक्तानी दिएको छ।

१५. **सहिद तथा घाईते आश्रित परिवार अनुदान -** मधेश प्रदेश सरकारको विभिन्न मितिको निर्णयअनुसार मधेश आन्दोलनका सहिद परिवारलाई प्रतिव्यक्ति मन्त्रालयबाट रु. २ लाखका दरले रु.१ करोड २८ लाख र जिल्ला प्रशासन कार्यालयहरु मार्फत रु.३ करोड ६८ लाख अनुदान उपलब्ध गराएको छ। साथै

मधेश आन्दोलनका घाईतेका आश्रित परिवारलाई प्रतिव्यक्ती रु. २५ हजार देखि २ लाख सम्मका दरले जम्मा रु. ८८ लाख २५ हजार साथै जनयुद्धका सहिद परिवारलाई प्रतिव्यक्ति रु. १ लाखका दरले रु.२७ लाख गरी रु.६ करोड ११ लाख २५ हजार उपलब्ध गराएको छ। दिर्घकालीन रुपमा भुक्तानी गर्ने प्रकृतिका कार्यक्रमको लागि ऐन बनाएर मात्र खर्च गर्नुपर्दछ।

चलचित्र तथा लोक सञ्चार बोर्ड

१६. **कार्य व्यवस्थापन** - प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ को दफा ५७ मा चलचित्र बोर्ड गठनको व्यवस्था छ । चलचित्र निर्माण, प्रदर्शन र वितरण व्यवस्थित गर्न चलचित्र निर्माणको इजाजत प्रदान गर्ने, जाँच र प्रदर्शन अनुमती दिने, सो सगँ सम्बन्धित भौतिक पूर्वाधार निर्माण गरी रेखदेख तथा सञ्चालन गर्ने, चलचित्र उद्योगको विकास र सिनेमाघर इजाजत दिने र नियमन गर्ने लगायतका गतिविधि गर्ने उदेश्यका साथ बोर्ड गठन भएको छ । बोर्डले प्रशासनिक कार्यमा यस वर्ष रु.१ करोड खर्च गरेको भएतापनि उद्देश्य अनुसार कार्य गरेको छैन। ऐनको व्यवस्था अनुसार स्थापित बोर्ड मार्फत उद्देश्य अनुरुपको कार्य हुन नसकेको सम्बन्धमा मुल्याङ्कन हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा संघीय कार्यालयको खर्च, सवारी खरिद एवं हस्तान्तरण, शान्ति सुरक्षा खर्च लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय र अन्य १ निकायको रु.३३ लाख २९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट फर्स्यौट नभई रू.३३ लाख २९ हजार बाँकी रहेको छ । सो मध्ये रु.१२ लाख ४० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा कृषि, पशु, भूमि व्यवस्थापन र सहकारी क्षेत्रसँग सम्बन्धित ४७ कार्यको नीति, कानुन र मापदण्ड निर्माण, कार्यान्यवन र नियमन, सञ्चालन, विकास र विस्तार गर्ने रहेका छन् ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहत समेत २७ प्रदेश कार्यालयको निम्नानुसार रु.१ अर्ब १६ करोड ३४ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
१०७३२२३	१२१५२	७२०३९	६०५८	११६३४७२

२. **कार्य जिम्मेवारी -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७९ मा तोकिएका ४७ कार्यमध्ये कृषि तथा पशु यान्त्रिकरण र उन्नत औजार विकास, पशु विकास तथा खाद्य पोषण, कृषि तथा पशुपन्छीजन्य औषधि भूमि व्यवस्थापन, भू- उपयोग तथा चक्लाबन्दी, भूमिहिन सुकुम्बासी तथा गुठि व्यवस्थापन लगायतका क्षेत्रमा रहेको कानुन तथा कार्यविधि व्यवस्थापन भएको छैन। कार्य विभाजन नियमावलीमा तोकिएका जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ।

३. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन मन्त्रालयको हकमा विभागीय मन्त्री, केन्द्रीय आर्थिक विवरण तयार गर्ने तथा मातहत कार्यालयको एकीकृत केन्द्रीय हिसाबमा समावेश गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्ने जिम्मेवारी निकाय प्रमुख, विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ। मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख राखेको छैन्। ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी वित्तीय सुशासन कायम गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकारको बजेट बक्तव्य २०७९।०८० ले यस मन्त्रालयको नीति तथा कार्यक्रम सम्बोधन गरेको छ। सो मध्ये प्रादेशिक कृषि गुरु योजना तयारको लागि रु.५० लाख, मुख्यमन्त्रि किसान उत्थान कार्यक्रम (साना किसानको आय, पैदावार र क्षमत्ता अभिवृद्धि) को लागि रु.१५ करोड, घरदैलो एग्रोभेट सेवा कार्यक्रम (प्रत्येक वडामा १/१ जना एग्रोभेटको व्यवस्था गर्ने) को लागि रु.२ करोड साथै नवप्रवर्द्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम (नयाँ बजार केन्द्रहरु विकास, सप्ताहिक हाट बजार सञ्चालन र व्यापार मेला आयोजना) को लागि रु.९० लाख विनियोजन भएकोमा कार्यान्वयन भएको छैन। यसैगरी नस्ल सुधार कार्यक्रम (कृत्रिम गर्भाधान केन्द्र स्थापना, विस्तार र सुदृढिकरण) को लागि रु.२४ लाख विनियोजन भएको मध्ये रु.१४ लाख र खेती विस्तार तथा प्रवर्द्धन (मसला, तरकारी खेती, पुष्प खेती, फलफूल र च्याउ खेतीको लागि रु.१२ करोड ९६ लाख विनियोजन भएकोमा रु.२ करोड ८८ लाख मात्र खर्च भई प्रगती न्यून भएको छ । कार्यान्वयन योग्य कार्यक्रम प्रस्ताव गरी प्रगति हासिल गर्नुपर्दछ।

५. **योजना तथा कार्यक्रम तर्जुमा** - प्रदेश योजना तर्जुमा दिग्दर्शन,२०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमाभित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने उल्लेख छ । प्रस्तावित योजना प्राथमिकीकरण गरी आयोजना बैङ्कमा समावेश भएको यकिन गरी आवश्यकता र उपलव्ध स्रोतको आधारमा प्राथमिकीकरण र त्रि-बर्षीय खर्च प्रक्षेपण सहितको प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने ब्यवस्था छ । प्रदेश कार्यालयले योजना तर्जुमा दिग्दर्शनको पूर्ण पालना गरेको नदेखिएकोले मध्यमकालीन खर्च संरचना अनुसारको कार्यक्रम तथा बजेट प्रस्ताव गरी स्वीकृत गर्नुपर्दछ।

६. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुसार मन्त्रालयले उक्त योजना तयार गरेतापनि मध्यकालीन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाइ लागत, अनुमानित समय र प्राप्त हुने प्रतिफल समेत खुलाई कार्यक्रम प्राथमिकीकरण गरेको छैन । त्यसैंगरी ३ आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको संरचना तयार गरेतापनि कार्यान्वयन लागत र समय खुलाएको छैन। यसबाट मूल्याङ्कन प्रकृया प्रभावित हुने देखिएकोले कृयाकलाप प्रस्ताव गर्दा लागत र समय समेत निर्धारण गर्नु पर्दछ ।

७. **रकमान्तर** - मधेश प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा जम्मा रकमको १० प्रतिशतले नबढने गरी रकमान्तर गर्न सकिने, एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ। मन्त्रालयले मातहतका २७ वटा कार्यालयको बजेट उपशीर्षकमा रु.२ अर्ब ७४ करोड २७ लाख ४४ हजार बजेट विनियोजन भएकोमा थप रु.२७ करोड २९ लाख ४५ हजार (९.९५ प्रतिशत), घटी रु.५७ करोड २१ लाख ७९ हजार (२०.८६ प्रतिशत) रकमान्तर गरेकोमा कायम बजेट रु.२ अर्ब ४४ करोड ३५ लाख १० हजार कायम भएको छ। अन्तिम बजेटको तुलनामा रु.१ अर्ब ७ करोड ३२ लाख २३ हजार अर्थात् ४४ प्रतिशत बजेट खर्च भएको छ । स्वीकृत बजेट सीमा भन्दा बढी हुने गरी वर्षान्तमा रकमान्तर गर्ने कार्य निरुत्सान गर्नुपर्दछ।

८. **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा १८ मा दोश्रो त्रैमासिक सम्म पनि सन्तोषजनक कार्य हुन नसकेमा कार्यान्वयन योग्यताको विश्लेषण गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट समर्पण गर्ने गराउने व्यवस्था छ।मन्त्रालय र मातहतका कार्यालयहरुको लागि यो वर्ष कूल रु.२ अर्ब ४४ करोड ३५ लाख १० हजार बजेट विनियोजन भएकोमा रु.१ अर्ब ७ करोड ३२ लाख २३ हजार (४४ प्रतिशत) खर्च भएको छ । चालुतर्फ कुल बजेट रु.१ अर्ब ५९ करोड विनयोजन भएकोमा रु.६४ करोड ५२ लाख १७ हजार मात्र खर्च भएको छ । मन्त्रालयले उल्लिखित अवधिमा बजेट समर्पण गराएको देखिएन। योजना कार्यान्वयत नभई बाँकी रहेको बजेट तोकिएको समयमा समर्पण गरेको छैन । बजेट समर्पण मार्फत स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्नुपर्दछ।

९. **दिगो विकास** - राष्ट्रले सन् २०१५ देखि २०३० सम्म हासिल गर्ने गरी गरिबी निवारण,भोकमरीको अन्त्य, स्वस्थ्य जीवन, शिक्षाको सुनिश्चतता, लैङ्गिक समानता, समावेशिता, जलवायु परिवर्तनको न्युनिकरण लगायतका क्षेत्रमा १७ मुल क्षेत्रमा १६९ परिणात्मक लक्ष्य र २३२ अनुगमन सूचकहरु निर्धारण गरेको छ । सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी तथा सहकार्यमा लक्ष्य कार्यान्वयन हुनेमा प्रदेशको

लागि लक्ष्य निर्धारण गरेको छैन् । दिगो विकास सम्बन्धी राष्ट्रिय लक्ष्यलाई प्रदेश तहमा आन्तरिकीकरण गरी कार्यान्वयन गर्नुपर्दछ।

१०. **एकीकृत आर्थिक विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२ मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयको स्वीकृत हिसाब तयार गरी प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पठाउनुपर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २९ ले कार्तिक मसान्तभित्र पेश गरी सक्नुपर्ने गरी समयावधि तोकेको छ। सो अनुसार मन्त्रालयले यो वर्ष २०७९।८० को केन्द्रीय आर्थिक विवरण २०८०।७।२४ मा तयार गरी २०८०।१०।१० मा महालेखापरीक्षक समक्ष पेश गरेको छ । निर्धारित समयमा आर्थिक विवरण तयार गर्नुपर्दछ ।

११. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा तथा सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । लगत सहितको प्रतिवेदन वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र पेश गर्नुपर्ने व्यवस्था छ । साथै मन्त्रालयले आफ्नो र मातहत कार्यालयको समेत जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। संघीय सरकार अन्तर्गत रहेका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाँभिएको अवस्थामा साविक कार्यालयहरुले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा उपयोगको पर्याप्त व्यवस्था गरेको छैन। कानूनमा व्यवस्था भए वमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१२. **प्रगति मूल्याङ्कन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० अनुसार सम्बन्धित मन्त्री वा सचिवले मासिक र त्रैमासिक रुपमा आफ्नो मातहतको आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। मूल्याङ्कन गर्दा कार्यक्रम, कार्ययोजना, खरिद योजना, नगद प्रवाह योजना समेतको आधारमा भौतिक र वित्तीय प्रगति भए/नभएको सम्बन्धमा कारण र आधार समेतको समीक्षा गर्नुपर्ने व्यवस्था छ।मन्त्रालय र मातहत निकायहरुबाट कार्यान्वयन गर्ने गरी स्वीकृत रु. १ अर्ब ३६ करोडको मुख्यमन्त्री किसान उत्थान कार्यक्रम, एकीकृत प्रयोगशाला भवन निर्माण, एकीकृत जैविक फार्म, प्रस्तावमा आधारित कृषि विकास कार्यक्रम, भेटेनरी अस्पतालहरुको भवन निर्माण, कृषि सिँचाई विद्युतीकरण, एक पालिका एक एग्रोभेट कार्यक्रम, आँप प्रशोधन तथा व्यवसायिक कार्यक्रम र अन्य कार्यक्रम गरी ९ कार्यक्रमको प्रगति शुन्य रहेको छ। स्वीकृत वार्षिक कार्यक्रमहरु लक्ष्य अनुसार सञ्चालन गर्नुपर्दछ।

१३. **वित्तीय प्रतिवेदन सार्वजनिकीकरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमवाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गरेको केन्द्रीय वित्तीय प्रतिवेदन एवं कार्य सञ्चालनसँग सम्बन्धित वित्तीय प्रतिवेदनहरु उल्लिखित व्यवस्था अनुरुप विद्युतीय माध्यमवाट सार्वजनिक गरेको छैन । वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरी सूचना प्रवाहित गर्नुको साथै सम्पादित कार्यमा पारदर्शीता समेत कायम गर्नुपर्दछ ।

१४. **सहकारी संस्थाको नियमन** - मधेश प्रदेश सरकारले सहकारीलाई दर्ता तथा नियमन गर्न सहकारी ऐन, २०७९ लागू गरेको छ । प्रदेश अन्तर्गत जम्मा सहकारीको संख्या ५१९ रहेको छ । सहकारी ऐनको दफा ५० मा सहकारीमा राखेको बचतको ब्याज र ऋणको व्याजदरको अन्तर ६ प्रतिशत भन्दा बढी हुन नहुने, सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूँजीकरण गरी सो को आधारमा व्याज लगाउन नपाइने, सहकारीले अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोवारमा लगानी आदि जस्ता प्रयोजनमा रकम खर्च गर्न नपाइने, कूल ऋण लगानी मध्ये कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनीशल क्षेत्रमा लगानी गर्नुपर्ने र एक सदस्यले विभिन्न सहकारीमा आवद्ध भई लाभ लिएको हुनसक्ने जस्ता क्षेत्रमा अनुगमन गरी सुधार गर्नुपर्नेमा अनुगमन गरेको छैन । अनुगमन गरी उपरोक्त व्यहोरा कार्यान्वयन भएको सुनिश्चित हुनुपर्दछ।

१५. **अनुदान अनुगमन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अनुदानको प्रगति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएको व्यहोरा निम्न छन् :

१५.१. मन्त्रालय र मातहतका ८ भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत मत्स्य पोखरी निर्माण कार्यमा ८५, ७५ र ५० प्रतिशत अनुदान स्वरुप रु. ३४ करोड १७ लाख १७ हजार भुक्तानी गरेको छ । उत्पादकत्व, आयस्तरमा वृद्धि तथा रोजगारी सृजनामा परेको प्रभाव मुल्याङकन गरेको छैन।

१५.२. कार्यालयले दुग्ध बोर्डका अध्यक्षको अध्यक्षतामा बसेको बैठकले गरेको निर्णयको आधारमा मधेश प्रदेशका विभिन्न फार्म, डेरीजन्य व्यवसाय र सहकारीबाट माग भई आएको आधारमा रु.९२ लाख १८ हजार बराबरको दुग्ध उपकरण वितरण गरेको छ। वितरण पश्चात बाँकी रहेको उपकरणहरु भेटेनरी अस्पताल तथा पशु सेवा केन्द्र तथा पालिकालाई समेत वितरण गरेको छ। वितरण पछि उत्पादन क्षेत्रमा परेको प्रभाव विश्लेषण गरिनुपर्दछ।

१५.३. मन्त्रालयले सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको लागि ५० प्रतिशत लागत सहभागितामा एक प्रा.लि. र अर्को प्रा.लि.सँग क्रमशः रु. २५ लाख ८७ हजार र २० लाख ६ हजार अनुदान भुक्तानी दिएकोमा क्रमश २४ र २० सेड निर्माण गरी सोही संख्यामा भैसिपालन गर्नुपर्नेमा क्रमश ५ र ७ भैसि मात्र पालेको देखिएकोमा उद्देश्य अनुरुप लगानी भएको छैन।

१५.४. मन्त्रालयले लागत अनुमान रु १ करोड ८८ लाख ७० हजारको मिल्क डेरी सामग्रीहरु खरिद तथा जडान कार्य गरी सगुन एग्रो एण्ड डेरी उद्योग प्रा.लि. तथा आपूर्तिकर्तासँग गरी त्रिपक्षीय सम्झौता गरेको छ। पचास प्रतिशत लागत सहभागितामा सञ्चालित कार्यक्रममा रु.४२ लाख २९ हजार को नापी किताबपेश भए अनुसार रु.२१ लाख ५४ हजार भुक्तानी दिएको छ। अनुदान सामग्री प्रयोग हुने गरी डेरी सञ्चालनमा आएको आश्वस्तता कायम गर्न अनुगमन गरेको छैन।

१६. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने तथा नियमावली, २०६४ को नियम ८४ मा स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार खरिद गर्दा रु.२० लाखसम्म सिलवन्दी दरभाउपत्रको माध्यमवाट र नियम ३१ मा २० लाखभन्दा बढीको खरिद गर्दा बोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले यो वर्ष दुग्धजन्य उपकरण तथा समाग्री १० आपूर्तिकर्ताबाट टुक्रा गरी रु.९२ लाख १८ हजारको सोझै खरिद गरेको छ। खरिद कानुनको पालना गर्नुपर्दछ।

कृषि ज्ञान केन्द्रहरु

१७. **शर्त पालना** - प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को बुँदा नं. ४.२.९.१ मा ब्लक कार्यक्रम सञ्चालनको लागि कार्यालयले सार्वजनिक सूचना प्रकाशन गरी आवेदनको लागि आह्वान गर्नुपर्ने र ब्लक कार्यक्रममा सहभागि हुन ईच्छुक लक्षित वर्गले अनुसूची १० बमोजिम आवेदन पेश गर्नुपर्ने उल्लेख छ । कृषि ज्ञान केन्द्र, महोत्तरीले लक्षित ९ सहकारी संस्थाले पेश गरेको आवेदन बमोजिम सम्वन्धित कृषक समुह/सहकारी संस्थासंग सम्झौता गरी रु.१ करोड ११ लाख ९९ हजार अनुदान उपलब्ध गराएकोमा सम्झौतामा उल्लिखित ब्लक कार्यक्रमको प्राविधिक मूल्याङ्कन र अनुगमन प्रतिवेदन वेगर अनुदान भुक्तानी भएको देखिएकोले अनुदान सदुपयोगको सुनिश्चितता गरिनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा एकीकृत वित्तीय विवरण, केन्द्रीय प्रगति विवरण, बजेट समर्पण, सम्पत्तिको एकीकृत विवरण लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति** - मन्त्रालय र मातहतका २६ निकायको रु.२ करोड १५ लाख ८३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.२९ लाख २७ हजार फर्स्यौट भई रु.१ करोड ८६ लाख ५६ हजार बाँकी रहेको छ । सो मध्ये रु. ५ लाख ३ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार प्रदेशस्तरको भौतिक एवं यातायात पूर्वाधार, सिंचाइ, खानेपानी जल उत्पन्न प्रकोप व्यवस्थापन लगायत क्षेत्रमा नीति, कानून तथा मापदण्ड तयार योजना तथा कार्यक्रम कार्यान्वयन र नियमन लगायतका कार्य गर्ने उद्देश्यले मन्त्रालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहत समेतका ३० प्रदेश कार्यालयको निम्नानुसार रू.१४ अर्ब ३६ करोड ७४ लाख १७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१०७५९६५०	२८०१७०६	८०२५५०	३५११	१४३६७४१७

२. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन मन्त्रालयको हकमा विभागीय मन्त्री, केन्द्रीय आर्थिक विवरण तयार गर्ने तथा मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे/नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्ने जिम्मेवारी कार्यालय विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख राखेको छैन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी वित्तीय सुशासन कायम गर्नुपर्दछ।

३. **केन्द्रीय वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसकिने मनासिव कारण देखाइ म्याद थपको लागी अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुन सक्ने व्यवस्था छ । वित्तीय विवरण पेश नगरेमा प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत हुन सक्ने व्यवस्था छ। मन्त्रालयले लेखापरीक्षण अवधि २०८० माघ मसान्तसम्म पनि केन्द्रीय आर्थिक विवरण तयार नगरेको र म्याद थपको लागी पत्राचार समेत गरेको छैन। ऐनमा भएको व्यवस्था बमोजिम समयमै केन्द्रीय आर्थिक विवरण तयार गर्नुपर्ने व्यहोरा गतविगतको प्रतिवेदनमा उल्लेख गरेकोमा समेत सुधार भएको देखिएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

४. **वित्तीय प्रतिवेदन सार्वजनिकिरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गर्ने केन्द्रीय वित्तीय प्रतिवेदन एवं कार्य सञ्चालनसँग सम्बन्धित वित्तीय प्रतिवेदनहरु उल्लिखित व्यवस्था अनुरुप विद्युतीय माध्यमबाट सार्वजनिक गरेको छैन । वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरी सूचना प्रवाहित गर्नुकासाथै सम्पादत कार्यलाई पारदर्शी समेत बनाउनुपर्दछ ।

५. **मध्यमकालीन खर्च संरचना -** मधेश प्रदेशले जारी गरेको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले क्रियाकलापगत विवरण, प्रति इकाइ लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई मध्यमकालीन खर्च संरचना तयार गरेको छैन। तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको प्रतिवेदन तयार गरेकोमा प्राथमिकीकरण, लागत र समय उल्लेख गरेको छैन। कार्यान्वयन योग्य खर्च संरचना तयार गरी उपलब्धि अवस्थाको मूल्याकंन गर्नुपर्दछ।

६. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । त्यस्तो लगत आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । संघीय सरकार अन्तर्गत रहेका सडक, भवन,सिचाइ लगायतका कार्यालय प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी मर्मत संभार तथा संरक्षण लगत तयार गरेको छैन। कानूनमा व्यवस्था भए वमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

७. **रिङ्ग रोड निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) अनुसारको निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौतामा तोकिएको काम समयमा सम्पन्न नभएमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतको आधारमा क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। जनकपुर चुरोट कारखाना भित्र रिङ्ग रोड निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.६ करोड १७ लाख ३६ हजार सम्झौता भएकोमा निर्माण सामग्रीको अभाव, कोरोना महामारी लगायतका कारण देखाई २०८०।९।३० सम्म कार्यसम्पन्न गर्नेगरी तेश्रो पटक म्याद थप हुँदा समेत ६२ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ। म्याद थप अनुसार कार्यतालिका परिमार्जन गरेपनि स्थलगत अनुगमनको क्रममा थप प्रगति देखिएको छैन। मन्त्रालय परिसर भित्रको सडक निर्माणमा कुनै अवरोध नहुँदा समेत म्याद थप गर्दै जाने र कार्यतालिका पालना नगर्ने प्रवृतिले योजनाको समय र लागत बढ्दै गएको छ।

८. **रमौलीघाट पुल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) अनुसार सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था तथा वातावरणीय प्रतिवेदन तयार गरी निर्माण प्रकृया अगाडि बढाउने उल्लेख छ। मन्त्रालयबाट निर्माण प्रक्रियामा रहेको बारा जिल्ला जितपुर उप-महानगरपालिका र इनर्वा सिरवा वीचमा दुधौरा नदीको रमौलीघाट स्थित पुल निर्माण गर्न २०७८।१०।२९ मा सम्पन्न गर्ने गरी २०७६।०४।३० मा एक निर्माण व्यवसायीसँग रू. १२ करोड ७० लाख ७२ हजार को खरिद सम्झौता भएकोमा यो वर्षसम्म रू. १० करोड २९ लाख २९ हजार भुक्तानी भएको छ । पहुँच मार्ग निर्माण स्थलमा स्थानीयको जग्गा विवादका कारण निर्माण कार्य अवरुद्ध भएको छ । निर्माण स्थलको व्यवस्था नगरी ठेक्का व्यवस्थापन गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

९. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्यसम्पादन (लमसम कन्ट्राक्ट) का आधारमा खरिद सम्झौता भएकोमा मुल्य समायोजन गर्न नमिल्ने उल्लेख छ। सार्वजनिक लेखा समितिले डिजाइन एण्ड विल्ड प्रकृयाबाट हुने निर्माण कार्यको भेरिएसन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानूनी व्यवस्था गर्न २०७६।११।८ मा निर्देशन दिएकोमा हालसम्म सोसम्बन्धी कानुनी व्यवस्था गरेको छैन। मन्त्रालयले डिजाइन एण्ड बिल्ट सम्झौताका अनुसार पुल निर्माण गरिरहेको

रातो खोला, जंघा खोला, जमुनी खोला र दुधौरी खोला समेतका ६ निर्माण कार्यमा रू. ५ करोड ६३ लाख ५४ हजार मूल्य समायोजन भुक्तानी दिएको छ। थप कानुनी व्यवस्था नगरी मूल्य समायोजन भुक्तानी गरेको नियमित देखिएन।

१०. **परामर्श खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा परामर्श सेवा खरिद सम्बन्धि व्यवस्था छ । मन्त्रालयले यस वर्ष बजेटमा समावेश गरी खत्वेटोल, अक्सी, कटुनिया, कसाह, मैनाथपुर, झाझर, कडिया, घाघरा लगायतको १० खोलामा पुल निर्माण र मधेश सहिद मार्ग सम्भाव्यता अध्ययनमा समेत रु. १ करोड ५५ लाख विभिन्न परामर्शदातासँग सम्झौता मार्फत कार्य गराई खर्च गरेको छ । सम्भाव्यता अध्ययनका सबै प्रतिवेदन कार्यालयमा पेश भएको छैन । सबै प्रतिवेदन प्राप्त गरी सोको कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

११. **रातो नदी पुल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९ मा व्यवसायीको ढिलाईका कारणले सम्झौतामा तोकिएको अवधिमा कार्यसम्पन हुन नसकेमा नियमानुसार बैंक जमानत समेत असुल गर्ने व्यवस्था छ। महोत्तरी जिल्लाको कुटिटोल-बढियामा स्थित रातो नदीमा १०० मिटर लामो पुल निर्माण गर्न २०८०।९।२२ मा सम्पन्न हुने गरी २०७८।६।२६ मा एक जेभि-सयूक्त उपक्रमसँग रु १० करोड २८ लाख ५ हजारमा सम्झौता भएको छ । शुरु म्याद सम्पन्न हुदासम्म निर्माण स्थलमा कार्य शुरु नगरेकोमा निर्माण समाग्री उपलब्ध हुन नसकेको कारण जनाई म्याद थपको निवेदन पेश गरेको छ । सम्झौताको शर्त अनुसार निर्माण कार्य शुरु नभएको र म्याद थप समेत नभएकोमा प्रचलित कानुन अनुसार गर्नुपर्दछ।

१२. **पेश्की जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा खरिद सम्झौतामा उल्लिखित अवधि भित्र कार्यसम्पन्न नगरेको कारण पेश्की फर्स्यौट हुन नसकेमा १० प्रतिशत ब्याज सहित पेश्की जमानत असुल गर्ने व्यवस्था छ। मन्त्रालयले २०८०।०३।०८ मा सम्पन्न गर्ने गरी जंघाखोला मनरासिस्वामा पुल निर्माण गर्न एक प्रा.ली सँग रु.९ करोड ७९ लाख ७६ हजार को सम्झौता गरेको छ । सम्झौता अनुसार रु ८४ लाख १० हजार पेश्की उपलब्ध गराएकोमा शुरु म्याद सम्पन्न हुदा समेत निर्माण सुरु भएको छैन। पेश्की लिई सम्झौता अनुसारको कार्यतालिका पालना नगर्ने र म्याद थपको लागि आवेदन समेत नगर्ने निर्माण व्यवसायीको सम्वन्धमा प्रचलित कानून बमोजिम गर्नुपर्दछ।

१३. **अधुरो ठेक्का** - निर्माण कार्य सम्वन्धि २०७५।७६ देखि २०७७।७८ सम्म सम्झौता भई मुख्यमन्त्रीको कार्यालयबाट हस्तान्तरण भई आएका रु.१ अर्व ७५ करोड ८५ लाख ६० हजारका मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत मधेश प्रदेशका पोखरीको सौन्दर्यीकरण, मुख्यमन्त्री आवास मर्मत, विभिन्न विद्यालयका शौचालय मर्मत, राम जानकी उद्यान, मध्यपूर्वी पृतना हेडक्वार्टर निर्माण लगायतका ४३ निर्माण कार्य मध्ये ४० निर्माण कार्यमा प्रगति नभई ठेक्का अधुरो रहेको छ । मन्त्रालयले ठेक्का सम्झौता कार्यान्वयन गर्ने गरी पूर्वाधार विकास कार्यालय सिरहालाई ४, धनुषालाई २२, रौतहटलाई २, पर्सालाई ८ निर्माण कार्य हस्तान्तरण भएकोमा गत विगतमा रु.६७ करोड ४१ लाख ६७ हजार खर्च भएतापनि यस आर्थिक वर्षमा थप कार्य भएको छैन । सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

पूर्वाधार विकास कार्यालयहरू

१४. **सामग्रीको उपयोग** - पूर्वाधार विकास कार्यालय धनुषाले प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम नियमावली, २०७९ अनुसार महोत्तरी जिल्ला निर्वाचन क्षेत्र नं. ३ मा प्रयोग गर्ने गरी खरिद भएको मालसमान मध्ये लक्ष्मीचन्द मुरारीका माध्यमिक विद्यालय, जलेश्वरमा खानेपानी वितरण गर्ने जडित रु. ६ लाख ५९ हजार को फिल्टर विग्रिएर प्रयोग विहिन भएकोमा सोही स्थानमा जडान नगरी एक राजनीतिक दलको पार्टी कार्यालयमा जडान गरेको, महिला सशक्तीकरण मिसन नेपालका लागि खरिद भएको रु. २ लाख ५३ हजारको १ थान ट्रेडमिलको प्रयोग स्थिति प्रमाण पेश हुन सकेन। साथै सोही कार्यक्रमवाट रु. ५ लाख २५ हजार को रेडियो उपकरण खरिद भएकोमा स्थानीय एफ.एम. रेडियोलाई हस्तान्तरण गरेको छ । सार्वजनिक हितमा उपयोग भए नभएको यकिन गरी नभएमा प्रचलित कानुन बमोजिम कारवाही गर्नुपर्दछ।

१५. **निर्माण व्यवसायीमार्फत कार्य** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समितिको कार्यमा निर्माण व्यवसायीलाई संलग्न गराएमा सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो कार्य गर्न नदिने गरी अभिलेख राखि काम गर्ने निर्माण व्यवसायीलाई कालो सुचीमा राख्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय धनुषाले सडक स्तरोन्नती, माटो पुर्ने, बजार सौन्दर्यिकरण, बाटो ग्राभेल लगायतका कार्य गर्न उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण व्यवसायीमार्फत कार्यसम्पन्न गरेको विजक पेश गरेको आधारमा रु २ करोड ४३ लाख ६६ हजार भुक्तानी दिएको छ । उपभोक्ता समितिले निर्माण व्यवसायीमार्फत कार्य गराएको देखिदा प्रचलित कानून अनुसार कारवाही प्रकृया अघि बढाउनुपर्दछ।

१६. **टावरलाइट जडान** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धात्मक खरिद सम्वन्धि व्यवस्था छ । पूर्वाधार विकास कार्यालय रौतहटले टावर लाईट तथा स्ट्रिटलाइटका १० योजना उपभोक्ता समिति मार्फत गराई रू.२ करोड ७ लाख ४२ हजार खर्च गरेको छ । कुल लागतको ९० प्रतिशत भन्दा बढी सामग्री खरिद हुने कार्य प्रतिस्पर्धात्मक विधिबाट खरिद नगरी उपभोक्ता समिति मार्फत खरिद गरेकोमा ढुवानी वापत रु.७ लाख २८ हजार थप भुक्तानी गरेको छ । गत वर्ष चक्रघट्टा, कविलासी, वसवरिया, वरहथवा क्षेत्रमा २० टावर लाइट जडान गरेकोमा यस आर्थिक वर्षमा समेत सोही क्षेत्रमा जडान भएको देखाएको छ । एकै स्थानमा दोहोरो पर्नेगरी जडान गरेको सम्बन्धमा पुष्टि सहितको प्रमाण पेश भएको छैन।

१७. **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायले खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा निज सँगको सम्झौता अन्त्य गर्न सकिने र दफा ६३ मा कालोसूचिमा राख्न लेखी पठाउने व्यवस्था छ । डिभिजन सडक कार्यालय, रौतहट अन्तर्गत सञ्चालित रु.३७ करोड ४४ लाख ७८ हजारको ७ ठेक्कामा रु.२४ करोड ८ लाख ७६ हजार भुक्तानी पछि प्रगति नभई अधुरो रहेको छ। सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा सम्पत्तिको एकीकृत विवरण, मध्यकालिन खर्च संरचना, वित्तीय हस्तान्तरण, परामर्श खर्च, लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति** - मन्त्रालय र मातहतका २९ निकायको रु.८२ करोड ५४ लाख ७१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु २६ हजार बेरुजु फस्यौंट भई रु ८२ करोड ५४ लाख ४५ हजार बाँकी रहेको छ । सो मध्ये रु.३९ करोड ३ लाख ८६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ ।

महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय

मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९बमोजिम प्रदेश स्थित महिला, बालबालिका तथा युवाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्यहरु मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत रहेका छन्। यस मन्त्रालय मिति २०७९।१०।२४ मा गठन भएकोमा २०८०।२।९ मा शिक्षा तथा समाज कल्याण मन्त्रालयमा रुपान्तरण भएको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालयको निम्नानुसार रु.३० करोड १५ लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२९२७१०	२२५	१८७२	६७६८	३०१५७५

२. **कानुन निर्माण -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनुसूची-२ मा मन्त्रालयलाई प्रदेशको महिला, बालबालिका, युवा तथा खेलकुदको विषयमा नीति, ऐन, नियमावली तर्जुमा र कार्यान्वयन गर्ने कार्यक्षेत्र तोकिएको छ । मन्त्रालयले हाल १ नीति, १ ऐन, १ कार्यविधि, र १ रणनीति निर्माण गरेको छ।

३. **कार्य जिम्मेवारी -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनुसूची- २ मा मन्त्रालयले गर्ने १० वटा कार्यहरु उल्लेख छ । त्यस मध्ये महिलाको हक सम्बन्धी नीति, महिला सशक्तिकरण तथा लैङ्गिक समानताको अध्ययन, अनुसन्धान बालबालिकाको हकहित, अपाङ्गता जेष्ठ नागरिकको हेरचाह, युवा परिचालन, खेलकुद विकास लगायतका कार्य पर्याप्त हुने गरी गरेको छैन। कार्य विभाजन नियमावलीमा तोकिएका जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम -** मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रममा मन्त्रालयसँग सम्बन्धित "बेटी पढाऔ, बेटी बचाऔ" अभियान अन्तर्गत छोरी बीमा, छात्रवृत्ति, साइकल वितरण कार्यक्रम सञ्चालन गर्ने, युवा परामर्श केन्द्र स्थापना, लैङ्गिक समानता, दाईजो प्रथा उन्मुलन तथा बाल विवाह विरुद्धको नीति कार्यान्वयनमा स्थानीय तहसँग समन्वय गर्ने लगायतका कार्यक्रम नीति तथा कार्यक्रममा समावेश गरेको भएपनि बालविवाह न्युनिकरण, दाईजो उन्मुलन लगायतको क्षेत्रको सूचकमा भएको सुधारहरुको विवरण तयार गरी समिक्षा गरेको छैन।

५. **आवधिक योजना -** प्रदेश सरकारको पहिलो आवधिक योजना **(२०७६/७७-२०८०/८१)** मा महिला बालबालिका, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत केही परिमाणात्मक लक्ष्य र प्रगति देहाय अनुसार रहेका छन् ।

क्र.सं.	लक्ष्य / सूंचक	०७५/०७६को स्थिति	०८०/०८१ को लक्ष्य	०७९/०८० को अवस्था
१	महिला साक्षरता दर	३९	९७	५४.७
२	महिलाहरूको घर जग्गामा स्वामित्व	१०.७	२०	१२.९

३	छात्रा विद्यालय भर्नादर	६०.६	९९	५१
४	युवा बेरोजगारी	३३.१	२२	१८.९
५	कभर्डहल/रंगशाला निर्माण	६	१६	१२
६	मानव विकास सुचाङ्क	०.४२१		०.५१
७	बालमृत्युदर	५२	२०	१६
८	लैङ्गिक असमानता सुचाङ्क	०.४७६		०.५०३

आर्थिक वर्ष ०७५।०७६ को तुलनामा ०८०।०८१ मा महिला साक्षरता ३९ वाट ९७ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा ५४.७ प्रतिशत रहेको छ। महिलाको घरजग्गा स्वामित्व १० वाट २० प्रतिशत लक्ष्यमा १२.९ प्रतिशत, कभर्डहल निर्माण ६ वाट १६ वटा लक्ष्यमा १२, वाल मृत्युदर ५२ वाट २० प्रतिशत लक्ष्यमा १६ रहेको भएपनि छात्रा विद्यालय भर्ना दर ६० वाट ९९ लक्ष्यमा ५१ प्रतिशत, युवा रोजगारी ३३ वाट १८ र लैङ्गिक असमानता सूचक ०.४७ वाट ०.५० मा पुगेको छ। राष्ट्रिय औसतसँग तुलना गर्दा मधेश प्रदेशमा सामाजिक विकासका सुचकहरु कमजोर देखिन्छन्। महिलाको साक्षरता दर राष्ट्रिय रुपमा ६९ प्रतिशत रहेकोमा मधेश प्रदेशको ५४ प्रतिशत मात्र छ। मानव विकास सुचकांक राष्ट्रिय रुपमा ०.६० रहेकोमा मधेश प्रदेशको ०.५१ मात्र रहेको देखिन्छ। लक्ष्य बमोजिम प्रगति हासिल हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

६. **बजेट बक्तव्य कार्यान्वयन** - मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यले महिला तथा जेष्ठ नागरिकको शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी अभिवृद्धि गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर र स्वरोजगार बनाउने उद्देश्य राखी शहिद दुर्गानन्द झा बाल अस्पताल, निर्माण, गुइठा विस्थापन लगायतका कार्यक्रम सञ्चालन गर्न रु.५७ करोड ९८ लाख विनियोजन भएकोमा रु. २९ करोड २७ लाख १० हजार खर्च भएको छ । कार्यान्वयन दक्षतामा अभिवृद्धि गरी तोकिएका कार्यहरु समयमै सम्पन्न गर्नुपर्दछ ।

७. **दिगो विकासका लक्ष्य** - दिगो विकासको परिमाणात्मक लक्ष्य सन् २०३० को लक्ष्य नम्बर ५ मा लैगिंक समानता हासिल गर्न र महिला तथा किशोरीहरूको सशक्तिकरण गर्न ६ परिमाणात्मक लक्ष्यहरू किटान गरेको छ । केन्द्रीय तथ्याङ्क कार्यलयले सार्वजनिक गरेको नेपाल बहुसुचक सर्वेक्षण, २०७६ अनुसार मधेश प्रदेशको लैङ्गिक विकास सूचकाङ्क ०.७८, लैङ्गिक असमानता सुचकाङ्क ०.५०३, महिला साक्षरता दर ३८ प्रतिशत, विद्यालयमा छात्राको उपस्थिति दर ०.९८, जग्गामा एकल स्वामित्व हुने महिला १२ प्रतिशत रहेकोमा दिगो विकासको सूचकाङ्क हासिल हुनेगरी लक्षित कार्यक्रम मार्फत प्रभावकारिता हासिल गर्नुपर्दछ।

८. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले वार्षिक कार्यक्रम तथा बजेट तयार गरेतापनि मध्यमकालीन खर्च संरचना तयार गरी योजना तथा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई ३ आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार नगरेकोले ऐनको व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

९. **त्रैमासिक खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २२(३) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट सबै आर्थिक कारोबारको वित्तीय विवरण लिई प्रदेशको एकीकृत वित्तीय विवरण र

एकीकृत हिसाब तयार गरी तोकिएको समयभित्र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ। मन्त्रालयको पुँजीगत खर्च रु. १८ करोड ५१ लाख १४ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.८६ हजार, दोस्रो त्रैमासिकमा रु.१ लाख ७८ हजार, तेस्रो त्रैमासिकमा रु.२ करोड ९ लाख ५५ हजार तथा चौथो त्रैमासिकमा रु १६ करोड ३८ लाख ९४ हजार खर्च गरेको छ। सो मध्ये असारमा मात्र रु.१४ करोड ५८ लाख ९९ हजार खर्च गरेको छ। वर्षको अन्त्यमा अधिक पूँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखिएकोले नियमको पालना हुनुपर्दछ।

१०. **बजेट समर्पण -** आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ मा बजेट समर्पण गर्ने गराउने वित्तीय उत्तरदायित्व मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने उल्लेख छ ।ऐनको दफा २१(३) मा विनियोजन ऐनमा समावेश भएको कुनै रकम दोश्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिसम्म खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले चैत्र १५ भित्र अर्थ मन्त्रालयमा रकम समर्पण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको लागि विनियोजन भएको रकम रु. ५७ करोड ५५ लाख ३४ हजार मध्ये रु. २८ करोड २८ लाख २७ हजारका योजना/कार्यक्रमहरु कार्यान्वयन नभएकोमा खर्च नभएको बजेट समर्पण गरेको समेत छैन। मन्त्रालयले समयमै बजेट समर्पण नगर्दा बजेटको ठुलो हिस्सा लामो समय निष्कृय रहेको देखिन्छ । योजना कार्यान्वयत नभई बाँकी रहेको बजेट तोकिएको समयमा समर्पण गरेको छैन । बजेट समर्पण मार्फत स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्नुपर्दछ।

११. **रकमान्तर -** मधेश प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा जम्मा रकमको १० प्रतिशतले नबढने गरी रकमान्तर गर्न सकिने, एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ । मन्त्रालयको विद्युतिय सरकारी लेखा प्रणालीमा भएको प्रविष्टी अनुसार दुइ शीर्षकमा ५८ करोड ४८ लाख ४७ हजार सुरु वजेट कायम भएकोमा रु ८ करोड ५४ लाख थप तथा ८ करोड ४६ लाख ७५ हजार घट भइ ५८ करोड ५५ लाख ७२ हजार वजेट कायम भएको छ। स्वीकृत बजेट सीमा भन्दा बढी हुने गरी वर्षान्तमा रकमान्तर गर्ने कार्य निरुत्सान गर्नुपर्दछ।

१२. **वित्तीय प्रतिवेदन सार्वजनिक** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ वमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तयार गर्ने केन्द्रीय वित्तीय प्रतिवेदन एवं कार्य सञ्चालनसँग सम्बन्धित वित्तीय प्रतिवेदनहरु उल्लिखित व्यवस्था अनुरुप अन्य माध्यमबाट सार्वजनिक गरेपनि विद्युतीय माध्यमबाट सार्वजनिक गरेको छैन। वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरी सूचना प्रवाहित गर्नुकासाथै सम्पादित कार्य पारदर्शी हुनुपर्दछ।

१३. **जिम सामाग्री** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४७ मा कार्यालयमा प्राप्त तथा हस्तान्तरण गरिएका सामग्रीको उपयोग सम्बन्धमा अनुगमन निरीक्षण तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष ५ पालिकामा जिम सेन्टर सञ्चालन गर्न रु. ५६ लाख ४५ हजारको सामाग्री खरिद गरेको छ। प्रति स्थानीय तह प्रति जिम सेन्टर रु १४ लाख ९५ हजारको लागत अनुमान तयार गरेकोमा लागत अनुमानको आधार संलग्न गरेको छैन । साथै खरिद गरि हस्तान्तरण भएका जिम सामग्री दाखिला भएको देखिएन। लागत अनुमानको आधार सहित जिन्सी दाखिला हुनुपर्दछ ।

१४. **गैरसरकारी संस्थामार्फत भएको खरिद** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ मा गैरसरकारी संस्थाबाट खरिद गर्दा कार्यक्षेत्रमा लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले यस वर्ष विभिन्न गैर सरकारी संस्थामार्फत सेवा खरिद गरेकोमा विशिष्टिकृत लागत अनुमान नबनाएको, कामको प्रकृतिसँग मेल नखाने उद्देश्य राखेर स्थापना भएका गैरसरकारी संस्थालाई समेत काम दिएको, मन्त्रालय आफैले गर्न सक्ने सामान्य कामहरु समेत गैरसरकारी संस्थामार्फत गरेको, लगायतको व्यहोराहरु देखिएका छन ।नमूना छनौट गरी परीक्षण गर्दा ३ वटा गैह्र सरकारी संस्थालाई नर्म्स निर्देशिका भन्दा वढी भुक्तानी दिएको रु. ४ लाख १९ हजार असुल गर्ने र २ वटा गैह्र सरकारी संस्थाको प्रमाण कागजात पेश नभएको रु.१६ लाख १३ हजारको प्रमाण पेश गर्नुपर्दछ।

१५. **सामाजिक संस्थाहरुलाई अनुदान** - मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा मन्त्रालयको कार्यक्षेत्रमा जेष्ठ नागरिक, बालकल्याण तथा समाजकल्याण लगायत१० प्रकारका कार्यहरु उल्लेख छ । सो अन्तर्गत मन्त्रालयले बजेट तथा कार्यक्रममा समावेश गरी सामाजिक संस्थालाई अनुदान उपलब्ध गराउदै आएको छ।मन्त्रालयले कुनै मापदण्ड नवनाई ५ वटा संस्थाहरुलाई रु.५४ लाख अनुदान दिएको देखिन्छ।उक्त रकमबाट सम्झौतामा भएअनुसार काम भए नभएको विषयमा अनुगमन गरेको छैन। अनुदान वितरणको कार्यविधि बनाई उदेश्य अनुरुप उपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

१६. **व्यक्तिलाई पेश्की** - संघीय अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०७९/८० को बजेट कार्यन्वयन मार्गदर्शनमा बैंकिङ्ग कारोबारमार्फत मात्र सरकारी रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । मन्त्रालयले नवौ राष्ट्रिय खेलकुद प्रतियोगिता, राष्ट्रपति रनिङ सिल्ड छनौट प्रतियोगिता लगायतका ३ खेलकुद कार्यक्रम सञ्चालन गर्न व्यक्तिगत पेश्की मार्फत रु १ करोड १५ लाख ५३ हजार खर्च गरेको छ । प्रदेश अन्तर्गतका खेलकुद कार्यक्रम सञ्चालन र विकासका लागि खेलकुद विकास समिति मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा वित्तीय प्रतिवेदन सार्वजनिक, आवधिक योजना तथा बजेट कार्यान्वयन, दिगो विकास लक्ष्य लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु** - मन्त्रालयमा रु.३३ लाख ५५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ ।

वन तथा वातावरण मन्त्रालय

मधेश प्रदेश सरकार(कार्य विभाजन) नियमावली, २०७९ बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्य क्षेत्रमा व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धाका साथै खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति तर्जुमा, चरनक्षेत्र व्यवस्थापन, भू-क्षय नियन्त्रण, लगायतका कार्य रहेका छन् । यस मन्त्रालय मिति २०८०।२।९ मा वन तथा वातावरण र उद्योग बाणिज्य तथा पर्यटन मन्त्रालयको रुपमा रुपान्तरण भएको छ।

१. **सरकारी कार्यालय** - यस मन्त्रालय र अन्तर्गतको विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयमा समावेश छ ।

२. **कार्य जिम्मेवारी -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को नियम ३ मा मन्त्रालयले व्यापार र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशीक नीति तर्जुमा, खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी मापदण्ड र योजना तर्जुमा, उपभोक्ता अदालत गठन र सञ्चालन, पर्यटन प्रहरी व्यवस्थापन, प्रदेशस्तरीय वातावरणीय सूचना प्रणालीको स्थापना गर्ने व्यवस्था रहेकोमा प्रदेशस्तरीय वातावरणीय सूचना प्रणालीको स्थापना, उपभोक्ता अदालतको गठन र सञ्चालन तथा पर्यटन प्रहरी व्यवस्थापन लगायत अधिकांश कार्य कार्यान्वयन भएको छैन । कार्य विभाजन नियमावलीमा तोकिएका जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ।

३. **नीति तथा कार्यक्रम -** मधेश प्रदेश सरकारको २०७९।८० को नीति तथा कार्यक्रममा मन्त्रालयसँग सम्बन्धित वन तथा वातावरण क्षेत्रको दिगो विकास तथा उचित व्यवस्थापनका साथै यस क्षेत्रमा हुने लगानी सदुपयोगको उद्देश्यका साथ प्रदेश वन तथा वातावरण गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने, कम लागतमा दिगो नदी नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने, "जहाँ बाटो तहाँ रुख जसले ल्याउँछ परमसुख" भन्ने नारालाई चरितार्थ वनाउने, जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन गर्ने, जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने, "चुरे जोगाऔ, मधेश बचाऔ" अभियानलाई मुर्तरुप दिने लगायतका कार्यक्रमहरु नीति तथा कार्यक्रममा समावेश भएकोमा जलवायु अनुकूल वन तथा वातावरण संरक्षण सम्वन्धी गुरुयोजना, जडिबुटी प्रशोधन केन्द्रको स्थापना लगायत अधिकांश कार्यक्रम कार्यान्वयन भएको छैनन्। कार्यान्वयनयोग्य विषय मात्र नीति तथा कार्यक्रममा समावेश गरी उपलब्धि हासिल गर्नुपर्दछ ।

४. **बजेट बक्तव्यको कार्यान्वयन-** मधेश प्रदेश सरकारको बजेट वक्तव्य २०७९/८० मा उद्योग र पर्यटनको विकास, पर्यावरण संरक्षण, विपद व्यवस्थापन तथा जलवायु अनुकूलन, जलपुरण भरण सम्बन्धी अध्ययन तथा अनुसन्धान, पर्यापर्यटन, मुख्यमन्त्री सीप प्रवर्द्धन तथा रोजगार लगायतका कार्यक्रमलाई समावेश गरेको छ । उल्लिखित कार्यक्रम कार्यान्वयन गर्न रु. ४ अर्ब ५९ करोड ४६ लाख ८९ हजार बजेट विनियोजन भएकोमा विनियोजनको भएकोमा रु २ अर्व ३९ करोड ८८ लाख १४ हजार (५२प्रतिशत) मात्र खर्च भएको छ । विनियोजनको तुलनामा न्यून खर्च भएकोले लक्ष्य अनुसार अपेक्षित उपलब्धि प्राप्त भएको छैन। बजेट कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्नुपर्दछ।

५. **आवधिक योजना -** प्रदेश सरकारको प्रथम आवधिक योजना(२०७६/७७-२०८०/८१) मा योजनाको अन्त्यमा विशेष आर्थिक क्षेत्र २, औद्योगिक ग्राम ८, औद्योगिक क्षेत्र ६, औद्योगिक करिडोर ११, साना तथा घरेलु उद्योग १८ हजार वनक्षेत्रले ढाकेको क्षेत्रफल २८ प्रतिशत पुर्‍याउने, ५६० सीमसार क्षेत्रको संरक्षण गर्ने, कुलग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान १३ बाट १५ प्रतिशत पुर्‍याउने लगायतका लक्ष्य निर्धारण गरेको छ । लक्ष्य प्राप्तिको लागि कार्यान्वयन कार्ययोजना सहितको मार्गचित्र बनाएको तथा

हालसम्मको उपलब्धिको अवस्था समीक्षा गरेको छैन। योजनाका उपलब्धि सूचक बार्षिक कार्यक्रम र बजेटसँग आवद्ध गरी कार्यान्वयन गर्नु पर्दछ।

६. **जलवायु परिवर्तन -** मन्त्रालयले ०७८/०७९ देखि जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणको लागि बजेट छुट्याउने अभ्यास शुरु गरेको छ । जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण, प्रदुषण नियन्त्रण,जलवायु अनुकूलन, वृक्षारोपण, डढेलो नियन्त्रण, जैविक मार्ग तयारी, वन अतिक्रमण नियन्त्रण लगायतका कार्यका लागि यो वर्ष रु. १८ करोड १० लाख बजेट विनियोजन भएकोमा ६ सिमसार, जलासय, ताल पोखरी संरक्षण, कवुलियती वनको कार्ययोजना पुनरावलोकन, दिगो वन व्यवस्थापन लगायतका ५४ क्रियाकलापमा शुन्य प्रगति देखिएको छ । बजेट कार्यान्वयन नहुने प्राकृतिको योजनामा बजेट विनियोजन गर्नुहुदैन।

७. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखाउत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले लेखापरीक्षण अवधि २०८० माघ मसान्तसम्म पनि एकीकृत वित्तीय विवरण तयार गरेको छैन । यसबाट मन्त्रालय र मातहत कार्यालयहरुको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनमा भएको व्यवस्था बमोजिम समयमा नै एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यहोरा गत विगतको प्रतिवेदनमा उल्लेख गरेकोमा समेत सुधार भएको देखिएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

८. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८(२) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधि सम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाउने व्यवस्था छ। मन्त्रालयको लागि रु. २३ करोड ४७ लाख ८६ हजार विनियोजन भएकोमध्ये रु. १५ करोड १६ लाख ८ हजारका योजनाहरु कार्यान्वयन नभएको अवस्थामा बजेट समर्पण गरेको छैन। समयमै बजेट समर्पण नगर्दा विनियोजनको ६४.५७ प्रतिशत बजेट निष्कृय रहेको देखिन्छ। योजना कार्यान्वयत नभई बाँकी रहेको बजेट तोकिएको समयमा समर्पण गरेको छैन । बजेट समर्पण मार्फत स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्नुपर्दछ।

९. **रकमान्तर -** मधेश प्रदेश विनियोजन ऐन २०७९ को दफा ३ मा बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा जम्मा रकमको १० प्रतिशतले नबढने गरी रकमान्तर गर्न सकिने, एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ । मन्त्रालयको यस वर्ष विनियोजन गरेका १४ उपशीर्षक मध्ये १० बजेट उपशीर्षकमा बजेट घट गरी अन्तिम बजेट शुन्य कायम गरेको र ४ बजेट उपशीर्षकमा शुरु विनियोजनको शत प्रतिशतसम्म थप गरेको छ । बजेट उपशिर्षक ३०७०००११४ को ३ खर्च शीर्षकमा रु १५ करोड ८६ लाख ३० हजार ऋणात्मक विनियोजन भएकोमा मन्त्रालयगत हिसाव समायोजन गरेको छैन। स्वीकृत बजेट सीमा भन्दा बढी हुने गरी वर्षान्तमा रकमान्तर गर्ने कार्य निरुत्सान गर्नुपर्दछ।

१०. **समृद्धिका लागि वन कार्यक्रम -** विश्व बैंक तथा वन र वातावरण मन्त्रालयबीच १६ जुलाई २०२१ देखि ३० सेप्टेम्बर २०२५ सम्म कार्यसम्पन्न गर्नेगरी समृद्धिका लागि वन कार्यक्रम सम्बन्धी सम्झौता भएको छ । यस कार्यक्रमको कुल लागत २४ मिलियन अमेरिकी डलर मध्ये १७ मिलियन डलर ऋण र ६

मिलियन डलर अनुदान रहेको छ। यस वर्ष मधेश प्रदेश उद्योग,पर्यटन तथा वन मन्त्रालयमा रु.१४ करोड ४५ लाख बजेट विनियोजन भएकोमा गैर सरकारी संस्थाबाट तालिम, फर्निचर, मेशिनरी औजार र कार्यालय सम्बन्धी खर्च जस्ता चालु प्रकृतिको कार्यमा रु.३ करोड ४४ लाख मात्र खर्च भएको छ भने वन सेवा सहयोग, गैरकाष्ठ वनपैदावारको उद्यम, वन व्यवस्थापनको लागि स्थलगत अभ्यास सार्वजनिक सेवामा वन व्यवस्थापन जस्ता दीर्घकालीन लाभ प्राप्त हुने कार्यक्रम कार्यान्वयन भएका छैनन् । कार्यन्वयन दक्षता अभिवृद्धि गरी दीर्घकालीन लाभ प्राप्तिका क्षेत्रमा खर्च गर्नुपर्दछ।

११. **बिरुवा उत्पादन तथा वितरण -** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले जारी गरेको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७८ को दफा ९१ र ९२ मा डिभिजन वन कार्यालयले उत्पादन तथा बितरण गर्ने विरुवाको अद्यावधिक अभिलेख राख्नुपर्ने व्यवस्था छ ।मधेश प्रदेशका ८ डिभिजन वन कार्यालयमध्ये सिरहा, सप्तरी, धनुषा, रौतहट र वारा गरी ५ कार्यालयले मात्र यस वर्ष भएको विभिन्न जातका विरुवा उत्पादनको अभिलेख राखेका छन् । विवरण अनुसार विभिन्न जातका ३९ लाख ४७ हजार विरुवा उत्पादन भएको मध्ये २७ लाख ९ हजार वितरण भई १२ लाख ३८ हजार मौज्दात रहेको छ । विरुवा उत्पादन तथा वितरण अभिलेख राख्दै वृक्षारोपणलाई प्रभावकारी वनाउनुपर्दछ।

जिल्ला	उत्पादित	वितरित	बाँकी
सिराहा	८१४५००	४८६२००	३२८३००
सप्तरी	७२३८१७	६१०६५५	११३१६२
धनुषा	६२९०००	२६६७००	३६२३००
रौतहट	६८००००	३६४६८४	३१५३१६
बारा	११०००००	९८१०००	११९०००
जम्मा	३९४७३१७	२७०९२३९	१२३८०७८

प्रदेश वन निर्देशनालय

१२. **काठ दाउरा विक्री -** प्रदेश वन ऐन, २०७७ को दफा २३ मा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्न वन क्षेत्रको प्रयोग गर्न विकल्प नभएमा वातावरणमा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले स्वीकृति दिने र निर्माणको क्रममा प्रभावित रुख कटान गरी उत्पादित काठ दाउरा घाट गद्दी गरी जिल्ला वन कार्यालयले नियमानुसार बिक्री गर्नुपर्ने व्यवस्था छ । यो वर्ष प्रदेश वन निर्देशनालय, धनुषाले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हेटौडा-ढल्केबर-दुहवी ४०० के.भि. विद्युत प्रसारण लाईन, रेल योजना र कमला कञ्चनपुर सडक विस्तार आयोजनामा परेको राष्ट्रिय वन क्षेत्रका ७५ हजार रुखहरु कटान गरी ६ लाख ६६ हजार क्यु.फिट काठ तथा २ हजार ७ सय चट्टा दाउरा उत्पादन गरी घाटगद्दी गरेकोमा विक्री गरेको छैन। विक्रीमा ढिलाई हुदा काठको गुणस्तरमा ह्रास भई राजस्वमा असर पर्ने हुदाँ नियमानुसार विक्री हुनुपर्दछ ।

१३. **अधुरो निर्माण -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५२ मा सम्झौतामा उल्लिखित कार्यतालिका पालना हुनेगरी कार्यसम्पादन गर्नु पर्ने व्यवस्था छ। प्रदेश वन निर्देशनालय, धनुषाले २०८० असाढ २३ मा कार्यसम्पन्न गर्नेगरी कार्यालय भवन निर्माण गर्न २०७८/३/२३ मा एक निर्माण व्यवसायीसँग रु.४ करोड ८९ लाख ३४ हजारको सम्झौता गरेको थियो। शुरु म्याद समाप्त हुदाँ सम्म रु.२ करोड २४

लाख ३६ हजार कार्य भएकोमा म्याद थप तथा थप प्रगति भएको छैन । प्रचलित कानून र सर्तबमोजिम कार्यसम्पादन हुनुपर्दछ ।

१४. **वृक्षारोपण -** कञ्चनपुर-कमला सडक योजना(पश्चिम खण्ड) र डिभिजन वन कार्यालय सिरहा बीच सडक विस्तारको क्रममा रुखहरु हटाई क्षतिपुर्ति स्वरुप ४८ हजार विरुवा तोकेको स्थानमा वृक्षारोपण गरी पाँच वर्षसम्म संरक्षण तथा व्यवस्थापन गर्न रु.१२ लाखको मिति २०७७।११।३ मा सम्झौता भए अनुसार प्रथम किस्ता बापत रु ८ लाख १ हजार कार्यालयको विविध खातामा पठाएकोमा वृक्षारोपणको कार्य गरेको छैन। सम्झौता अनुसार वृक्षारोपण र संरक्षण गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको सांविक उद्योग वन तथा वातावरण मन्त्रालयको प्रतिवेदनमा विरुवा उत्पादन तथा वितरण, राजस्व, काठ दाउरा संकलन खर्च लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु -** मन्त्रालयमा रु.९ लाख २ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट फर्स्यौंट हनु नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली ,२०७९ वमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशस्तरको स्वास्थ्य सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगाएतका कार्य रहेका छन् । माननीय मुख्यमन्त्रीको २०७९।१०।२४ को निर्णयानुसार सामाजिक विकास मन्त्रालय २०८०।२।९ मा मन्त्रीपरिषद् पुर्नगठन हुदाँ विभाजन भई शिक्षा तथा समाज कल्याण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कायम भएको छ।

१. **सरकारी कार्यालय -** यो वर्ष मन्त्रालयको रु ७ अर्व ५९ करोड २३ लाख १५ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
६३५२८९१	४४०२७३	१४७९५२	६५११९९	७५९२३१५

२. **कार्य जिम्मेवारी -** नेपालको संविधानको धारा १७४ को उपधारा १ ले दिएको दिएको अधिकारको प्रयोग गरी मधेश प्रदेश सरकार मन्त्रिपरिषद्ले मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ बनाएको छ जसअनुसार अनुसुची ३ मा उल्लेख भए वमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्य जिम्मेवारीमा स्वास्थ्य सेवा तथा पोषण सम्वन्धी नीति, कानुन, गुणस्तर मापदण्ड ,योजना कार्यान्वयन, नियमन र प्रदेश स्वास्थ्य सेवाको सञ्चालन लगाएतका ३१ वटा कार्यजिम्मेवार रहेका छन्। कार्य विभाजन नियमावलीमा तोकिएका जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ।

३. **कर्मचारी व्यवस्थापन -** प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ मा प्रदेश निजामती सेवाको दरवन्दी अनुसार पदपूर्ति सम्बन्धि व्यवस्था छ। मन्त्रालयको स्वीकृत दरबन्दी कुल ३६ (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भए पश्चात् ३८ कायम) रहेकोमा करार सहित २८ जना कार्यरत रहेको पाइयो । सो मध्ये स्वीकृत दरबन्दी नरहेको विभिन्न पदमा ८ जना कर्मचारी पदपूर्ति गरी पारिश्रमिक वापत रु ५५ लाख ५४ हजार भुक्तानी गरिएको छ । स्वीकृत दरबन्दी बाहेकको पदमा पदपूर्ति गरी खर्च लेखेको नियमसम्मत देखिएन । स्वीकृत दरवन्दी वाहेकको पदमा पदपूर्ति गरी खर्च गर्ने पद्धतिमा नियन्त्रण हुनु पर्दछ।

४. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखी ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्ने सम्बन्धि व्यवस्था छ । मातहतका कार्यालयको अनुगमन गरी जवाफदेहिता कायम गराउने दायित्व मन्त्रालयको हकमा विभागीय मन्त्री, मातहत कार्यालयको हिसाव केन्द्रीय हिसावमा समावेश गरे/नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखाउत्तरदायी अधिकृत र विनियोजित वजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्ने जिम्मेवारी विभागिय मन्त्री र लेखाउत्तरदायी अधिकृतको हुने उल्लेख गरेकोमा वित्तीय जिम्मेवारी र जवाफदेहिता कायम गर्ने अभिलेख राखेको छैन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी वित्तीय सुशासन कायम गर्नुपर्दछ।

५. **सम्पत्ति व्यवस्थापन -** प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ४९ मा कार्यालयले जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अध्यायावधिक गरी आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने

व्यवस्था छ । संघीय सरकार अन्तर्गत रहेका स्वास्थ्य कार्यालय प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरिरहेको सम्पतिको लगत तयार नगरेको व्यहोरा गत विगतको प्रतिवेदनमा औल्याएकोमा यस वर्ष समेत सुधार भएको छैन ।

६. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सो को प्रति इकाइ लागत, अनुमानित समय र सो वाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको संरचना तयार गरेतापनि कार्यक्रम प्राथमिकीकरण, लागत र समय खुलाई कार्यान्वयन योग्य बनाएको छैन।

७. **रकमान्तर -** मधेश प्रदेश विनियोजन ऐन २०७९ को दफा ३ मा बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा जम्मा रकमको १० प्रतिशतले नबढने गरी रकमान्तर गर्न सकिने, एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ । मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रममा शुरु वजेट रु १५ करोड विनियोजन भएकोमा रु १८ करोड ७६ लाख २० हजार घटाएको छ। ऋणात्मक बजेट कायम हुनेगरी विनियोजित भन्दा रु ३ करोड ७६ लाख २० हजार वढी घटाएको छ। स्वीकृत बजेट सीमा भन्दा बढी हुने गरी वर्षान्तमा रकमान्तर गर्ने कार्य निरुत्सान गर्नुपर्दछ।

८. **स्वास्थ्य संस्था नियमन -** जनस्वास्थ्य संस्था नियमावली, २०७७ को नियम १२ अनुसार सञ्चालित अनुमति लिएका २५ देखी २०० शैयासम्मका जनरल तथा विशेषज्ञ अस्पताल, २५ देखी ५० शैया सम्मका आयुर्वेद अस्पताल, डेन्टल क्लिनिक, विशेषज्ञ क्लिनिक र पोलिक्लिनिक, स्वास्थ्य प्रयोगशाला, रेडियो ईमेजिङ सेन्टर र डायलोसिस केन्द्रको अनुमती तथा नविकरणका सम्वन्धमा अनुगमन गरेको देखिएन । स्वास्थ्य सँस्थाको इजाजत तथा नविकरण अभिलेख अधावधिक गरी प्रचलित कानुनको पालना गर्नुपर्दछ।

९. **कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकारले बजेट बक्तव्य मार्फत बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । बजेट तथा कार्यक्रममा व्यवस्था भएका जीवन निर्वाह खर्च, दलित शिक्षा अभियान, बेटी पढाउ बेटी बचाउ र नाक कान घाटी अस्पताल लगाएतका रु.२ अर्व ५३ करोड ८० लाखका ७ कार्यक्रम कार्यान्वयन भएको छैन । वजेट वक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लेख भएका कार्यक्रमको कार्ययोजना वनाई कार्यान्वयन गर्नुपर्दछ ।

१०. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने र पेश हुन नसकेमा मनासिव कारण देखाई म्याद थप हुन सक्ने व्यवस्था छ । मन्त्रालयले केन्द्रीय आर्थिक विवरण तयार गरेको छैन । ऐनमा भएको व्यवस्था वमोजिम समयमै केन्द्रीय वित्तीय विवरण तयार गर्नु पर्ने व्यहोरा गत विगतको प्रतिवेदनमा उल्लेख गरेकोमा समेत सुधार भएको देखिएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।

११. **बरबुझारथ -** मुख्यमन्त्री र मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ११(३) मा पदाधिकारी तथा कर्मचारीले निजी सचिवालयको लागि खरिद भएको फर्निचर र स्थायी जिन्सी सामान आफनो कार्यकाल समाप्त भएको ७ दिन भित्र फिर्ता बुझाउनुपर्ने उल्लेख छ । आर्थिक वर्ष २०७९।०८०

मा तीन पदाधिकारी र कर्मचारीले कार्यालय प्रयोजनको लागि खरिद भएको जिप ४, मोटरसाइकल ३ र ल्यापटप ३ लगायतका रु ३ करोड ९२ लाख ८१ हजार बराबरको सामान बरबुझारथ गरेको छैन। नियमानुसार बरबुझारथ गर्नु पर्दछ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

१२. **उपकरण खरिद -** केन्द्रले यस वर्ष प्रादेशिक अस्पताल जनकपुरमा रु. ३० करोड ४३ लाख, सिराहामा रु. ६ करोड ८० लाख, सर्लाहीमा रु. ६ करोड ६७ लाख, लहानमा रु. ५ करोड ५२ लाख, रौतहटमा रु. ४ करोड ३५ लाख, पर्सामा रु. ५ करोड ४८ लाख लगायत रु. ७३ करोड ४१ लाखका मेडिकल औजार, उपकरण तथा औषधीजन्य मालसामान खरिद गरी हस्तान्तरण गरेको छ । जिल्ला अस्पतालको माग वेगर नै संघीय तथा प्रदेश मन्त्रालयले तोकी दिएको कार्यक्रमको आधारमा मेडिकल सामग्री तथा उपकरण खरिद गरी अस्पतालहरुलाई उपलब्ध गराएको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

१२.१. **उपकरण व्यवस्थापन -** प्रादेशिक अस्पताल सर्लाहीका लागि रु.२ करोड ६ लाख तथा रौतहटका लागि रु.२ करोड ६ लाख गरी रु.४ करोड १२ लाखको फोहोर व्यवस्थापन उपकरण र रु. १ करोड ८६ लाखको वोन डेन्सिमिटर खरिद गरी हस्तान्तरण गरेकोमा ति उपकरण सञ्चालिन अवस्थामा छैनन्।

१२.२. केन्द्रले खरिद गरी पिपरा सेटेलाईट अस्पतालमा रु १ करोड ३५ लाखको डिजिटल एक्स-रे, रु.२६ लाखको आई.सि.यू. भेन्टिलेटर, रु.२५ लाखको विरामी मोनिटर, रु.३७ लाखको एनेस्थेसिया, रु.९० लाखको अल्ट्रासाउण्ड, ओ.टि.टेवल र लाईट तथा कटर मेसिन लगायतका रु.३ करोड ५८ लाख ४२ हजारको मेडिकल समान तथा उपकरण पठाएको ति उपकरणको उपयोग अवस्था के छ ? केन्द्रले अनुगमन गर्नुपर्दछ।

१२.३. केन्द्रले खरिद गरी रु.३ करोड १८ लाख बराबरको डुप्लर यु.एस.जि, बोन डेन्सिटोमिटर तथा ओ.टि. टेवल लाईट, एनेस्थेसिया तथा कटरी लगायतका मेसिन तथा उपकरण मौज्दातमा राखेको छ। मौज्दात रहेका सामान उपयोग गर्ने व्यवस्था गर्नुपर्दछ।

१२.४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा २५ लाखसम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने, रु.५० लाखसम्मको खरिद गर्दा शिलवन्दी दरभाउपत्र र सो भन्दा वढीको खरिद गर्नु परेमा वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। केन्द्रले टुका टुका गरी पटक पटकको कोटेशन मार्फत रु ३ करोड ३१ लाखको औषधिजन्य मालसामान, डेङ्गु किट, ग्लुकोमिटर लगायतका मालसामान खरिद गरेको छ। प्रचलित कानुनको पालना गरी खरिद गर्नुपर्दछ।

मधेश कृषि विश्वविद्यालय

गुणस्तरीय शिक्षा मार्फत कृषि क्षेत्रमा अनुसन्धान र विकासमा आवश्यक दक्ष जनशक्ति उत्पादन गरी पशुपालन, मत्स्यपालन लगायतका क्षेत्रमा उत्पादकत्वमा टेवा पुऱ्याउने उद्देश्य सहित २०७८ मंसिर २७ मा विश्वविद्यालय स्थापना भएको छ ।

१३. **पदाधिकारीहरुको नियुक्ति** - मधेश कृषि विश्वविद्यालय ऐन, २०७९ ले डीन, परीक्षा नियन्त्रक, सहायक डीन, निर्देशक, प्राचार्य लगायतका पदाधिकारि नियुक्ति सम्वन्धि व्यवस्था गरेको छ । विश्वविद्यालयमा पदाधिकारी नियुक्ति नभएकोले शैक्षिक कृयाकलाप प्रभावित भएको छ ।

१४. **दरबन्दी र पदपूर्ति** - विश्वविद्यालय ऐन, २०७८ मा स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति हुने व्यवस्था छ। स्वीकृत दरबन्दी अनुसार परीक्षा नियन्त्रण तथा अभिलेख व्यवस्थापनमा ३, शैक्षिक प्रशासनमा ३६, सामान्य

प्रशासनमा १९, आर्थिक प्रशासनमा २, फार्म व्यवस्थापनमा ७, पुस्तकालयमा ४ र अतिरिक्त क्रियाकलाप शाखामा २ गरी ६३ दरवन्दी मध्ये २ प्राध्यापक, २ हलुका सवारी चालक र ८ जना कार्यालय कर्मचारी गरी जम्मा १२ जना मात्र करार नियुक्ति भएको छ। दरबन्दी बमोजिम पदपूर्ति गरि कार्य सञ्चालन प्रभावकारी बनाउनु पर्दछ ।

१५. **विश्वविद्यालय कोष -** मधेश कृषि विश्वविद्यालय ऐन, २०७९ को दफा २९ मा विश्वविद्यालयमा एक कोष रहने व्यवस्था रहेको छ । कोषमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त आर्थिक सहायता र अन्तराष्ट्रिय संघ सस्था, विदेशी सरकार, वित्तीय संस्था साथै विश्वविद्यालय अनुदान आयोग समेतबाट प्राप्त हुने रकम रहने व्यवस्था भएकोमा प्रदेश सरकारबाट रु.३१ करोड ७५ लाख ९७ हजार अनुदान र विद्यार्थी शुल्क र व्याजबाट रु.१ करोड ९३ लाख ४५ हजार प्राप्त भएको छ। कोषमा भएको रकम प्रयोग गरी उपलब्धि हासिल गर्नुपर्दछ ।

१६. **जग्गा प्राप्ति** - नेपाल सरकार भूमि सुधार तथा मालपोत कार्यालय, राजविराजबाट विश्वविद्यालयलाई मन्त्रिपरिषद्को २०७९।५।२१ को निर्णय अनुसार सप्तरी, विषहरिया ५ मा २६ विगाहा ८ कट्ठा र १८ धुर जग्गा प्राप्त भएको छ । दुई वर्ष भित्र शैक्षिक तथा प्रशासनिक भवन निर्माण गर्न प्राप्त भएको जग्गामा निर्माण कार्य शुरु भएको छैन् ।

मधेश विश्वविद्यालय, बीरगञ्ज, पर्सा

कला, विज्ञान, चिकित्साशास्त्र, पर्यटन, आयुर्वेद, कानुन, व्यवस्थापन, शिक्षा, प्राच्यदर्शन, प्राविधिक, व्यवसायिक तथा अन्य विषयमा अध्ययन अनुसन्धान तथा गुणस्तरयुक्त उच्च शिक्षा प्रदान गर्न २०७९ भदौ २२ मा विश्वविद्यालयको स्थापना भएको छ ।

१७. **विश्वविद्यालय कोष -** मधेश विश्वविद्यालय ऐन, २०७९ को दफा ३० मा विश्वविद्यालयमा एक कोष रहने व्यवस्था रहे अनुसार प्रदेश सरकारबाट प्राप्त अनुदान रु.१० करोड विश्वविद्यालय कोषमा जम्मा भएको छ। संकलित कोषको उपयोग मार्फत शैक्षिक क्षेत्रका कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

१८. **पदाधिकारीहरुको नियुक्ति** - मधेश विश्वविद्यालयका परीक्षा नियन्त्रक, डीन, निर्देशक, प्राचार्य सहितका पदाधिकारी नियुक्ति भएको छैन् । विश्वविद्यालय स्थापना पछि हालसम्म पदाधिकारीहरु नियुक्ति हुन नसकेकोमा शैक्षिक कृयाकलाप प्रभावित भएको छ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको सांविक सामाजिक विकास मन्त्रालयको प्रतिवेदनमा उपकरण खरिद तथा व्यवस्थापन, टुक्रा खरिद, लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु** - यो वर्ष स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रु.४ करोड ६० लाख १४ हजार र शिक्षा तथा समाज कल्याण मन्त्रालयमा रु.१२ करोड ४ लाख ९६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि शिक्षा तथा समाजकल्याण मन्त्रालयतर्फ प्रतिकृयावाट रु १ लाख ३ हजार बेरुजु फर्स्यौट भई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रु ४ करोड ६० लाख १४ हजार र शिक्षा तथा समाज कल्याण मन्त्रालयमा रु १२ करोड ३ लाख ९३ हजार समेत रु.१६ करोड ६४ लाख ७ हजार बाँकी रहेको छ । जसमध्ये मध्ये म्याद नाघेको पेश्की रु ३ करोड १२ लाख ४४ हजार रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा समावेश छ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश सरकारले आफ्नो प्रदेशको सन्तुलित र समष्टिगत विकासका लागि आवश्यक नीतिका साथै दीर्घकालीन, मध्यकालीन र वार्षिक विकास योजना वनाउने तथा नीति निर्माण कार्यमा प्रदेश सरकारलाई सहयोग पुऱ्याउने उद्देश्यले प्रदेश नीति आयोगको गठन तथा कार्यसञ्चालन ऐन, २०७५ अनुसार आयोगको गठन भएको छ।

१. **सरकारी कार्यालय -** यो वर्ष प्रदेश नीति तथा योजना आयोगकोरु १ करोड २६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
१२१०१	०	२४	४७५	१२६००

२. **आयोगको गठन -** प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन, २०७५ को दफा ३ मा प्रदेश विकास नीति तथा योजनाको तर्जुमा अनुगमन तथा मुल्याङ्कन गर्न मुख्य मन्त्री अध्यक्ष, प्रदेश सरकारवाट नियुक्त एक जना उपाध्यक्ष, कम्तीमा एक जना महिला सहित ६ जना सदस्य र आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव सदस्य सचिवको रुपमा रहने गरी आयोगको गठन हुने व्यवस्था छ। आयोगमा यस वर्ष उपाध्यक्ष र १ जना महिला सहित ३ जना सदस्य मात्र रहेको पाइयो। सम्बन्धित क्षेत्रको विज्ञ सदस्य मनोनित हुन सकेको देखिदैन । आयोगलाई पुर्णता दिनुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सवै लेखा उत्तरदायी अधिकृतले कार्यालयवाट सम्पादन हुने कार्यहरु मितव्ययी ,प्रभावकारी र दक्षतापुर्वक सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन प्रचलित कानुन वमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। सो अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा नल्याएको व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा हालसम्म पनि सुधार भएको पाइएन ।

४. **आवधिक योजना र कार्यान्वयन -** आयोगको २०७६।०७७ देखी २०८०।०८१ सम्मको लागि प्रथम आवधिक योजना तयार गरी देहाय अनुसारको परिमाणात्मक लक्ष्य राखेको छ ।

सि.नं.	सुचक	इकाइ	आधार वर्ष २०७६।०७७	२०८०।०८१ को लक्ष्य
१	प्रादेशिक आर्थिक वृद्धिदर	प्रतिशत	६.५३	९.०९
२	कुल ग्राहस्था उत्पादन	रुपैंया	४८८ अर्व	५.७४
३	आधारभुत तहमा खुद भर्ना दर	प्रतिशत	५८	६१.५
४	प्रति व्यक्ति आय	अमेरिकी डलर	७९९	८६८
५	खानेपानी सुविधा पुगेको घर परिवार संख्या	प्रतिशत	८९	१००
६	विधुत पहँच	प्रतिशत	९१.५	१००

उल्लिखित तथ्याङ्क अनुसार आधार वर्षको तुलनामा आर्थिक वर्ष २०७८।०७९ मा लक्षित गरिएका कुल ग्राहस्थ उत्पादन ,खानेपानी सुविधा पुगेको घरपरिवार लगायतका तथ्याङ्कमा सुधार भएको देखिन्छ भने वार्षिक आर्थिक वृद्धिदर प्रति व्यक्ति आय जस्ता सुचकमा प्रगति हासिल गर्न सकेको छैन । नीति आयोगले आर्थिक वर्ष २०७९।०८० को प्रगति समिक्षा नगरेकोले सो अवधिको लागि निर्धारण गरेको लक्ष्य प्राप्तिको सम्बन्धमा मुल्याङ्कन तथा विश्लेषण गर्न सकिएन। आयोगले वार्षिक लक्ष्य तथा प्रगतिको समयमानै समिक्षा गर्नु पर्दछ।

५. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य (२०१६-२०३०) हासिल गर्न प्रदेश सरकारले आन्तरिकीकरण गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ। प्रदेश सरकारको दिगो विकास लक्ष्य कार्ययोजना (२०१९-२०३०) तयार गरी वार्षिक कार्यक्रम मार्फत कार्यान्वयन गर्दै आएको छ ।विकास लक्ष्यका सुचकमा बार्षिक कार्यक्रमबाट परेको प्रभाव देखिने प्रगति तयार गरेको छैन । दिगो विकासका सूचक अद्यावधिक गरी वार्षिक कार्यक्रम मुल्याङकन गर्नुपर्दछ।

६. **मध्यमकालीन खर्च संरचना** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा संघ प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण पेश गर्दा अनिवार्य रुपमा मध्यकालीन खर्च संरचना तर्जुमा गरी पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेशले प्रथम पञ्चवर्षीय योजना र वार्षिक वजेटबीच सामञ्जस्यता कायम गर्ने उद्देश्य सहित मध्यमकालीन खर्च संरचना (२०७८।०७९-२०८०।०८१) तयार गरेको छ। संरचनामा सञ्चालन खर्च सहित योजनाको उद्धेश्य, संभाव्यता अध्ययनबाट प्राप्त हुने प्रतिफल प्रक्षेपण गरेकोमा स्थानीय तहसँगको समन्वय प्रभावकारी नहुँदा मध्यमकालीन खर्च संरचना लाभपूर्ण रुपमा उपयोग हुन सकेको छैन ।

७. **आयोजना बैंक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा १७ मा आयोजना वर्गिकरण तथा आयोजना बैङ्क सम्बन्धि व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम २६ राष्ट्रिय योजना आयोगले आयोजना बैंक सम्बन्धी मापदण्ड बमोजिम आयोजनाको प्राथमिकरण गरी मन्त्रालयगत प्राथमिकता सूचिको आधारमा राष्ट्रिय आयोजना बैंकमा आयोजना प्रविष्टि गर्ने, राष्ट्रिय आयोजना बैंकमा समावेश नभएका आयोजनाको लागि बजेट विनियोजन गर्न नपाइने व्यवस्था छ । उल्लिखित व्यवस्था अनुसार आयोजना कार्यान्वयनको लागि निर्धारित मापदण्डको आधारमा आयोजना प्रविष्टिका लागि आयोगले प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली तयार गरी २०७९।०३।३२ सम्म विभिन्न ११ प्रदेश मन्त्रालय तथा निकायका कूल ५८ आयोजना उक्त प्रणालीमा प्रविष्ट गरेको छ। नयाँ आयोजनाहरुको विवरण उक्त प्रणालीमा प्रविष्टि गरे पश्चात मात्र बजेट विनियोजन गर्नुपर्नेमा सोको पालना हुन सकेको छैन।

८. **मधेश गौरव आयोजना** - मधेश प्रदेश सरकारले मधेश गौरवका आयोजनाको रुपमा घोषणा गरेका मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, बेटी पढाउ बेटी बचाउ, एक निर्वाचन क्षेत्र एक सडक, मधेश कृषि विश्व विद्यालय, मधेश विश्वविद्यालय ट्रमा अस्पतालका लागि कूल रु.४ अर्ब ३५ करोड ५९ लाख ९५ हजार बजेट बिनियोजन गरेको मध्ये ७८ प्रतिशतले हुने रु.३ अर्ब ४२ करोड ५ लाख ४२ हजार खर्च भएको छ। वार्षिक रुपमा बजेट विनियोजन तथा खर्च हिसाव कायम गरे पनि आयोजनागत रुपमा सुरु अवधिदेखिको खर्चको एकीकृत विवरण तयार गरेको छैन । गौरवका आयोजना सम्बन्धी विवरण देहायमा उल्लेख छ ।

(रकम रू. हजारमा)

क.सं	आयोजना	बजेट	खर्च	खर्च प्रतिशत
१	मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुर धनुषा	१०२०४६७	८२५७०६	८०.९१
२	मधेश सहिद लोकमार्ग (३०७ कि मी पर्सा देखि सप्तरी)	०	०	
३	बेटी पढाउँ बेटी बचाउँ	२०००००	६३७५३	३१.८८
४	एक निर्वाचन क्षेत्र एक सडक (५ कि मी प्रति निर्वाचन क्षेत्र)	२६९८०४७	२४५४७३४	९०.९८
५	मधेश कृषि विश्वविद्यालय ,राजविराज ,सप्तरी	३३६९४४	४५५६६	१३.५२
६	आमा तथा बाल अस्पताल ,धनकौल ,सप्तरी	-	-	-
७	सरुवा रोग अस्पताल, झिट्कैया ,बारा	-	-	-
८	मधेश विश्वविद्यालय, विरगंज ,पर्सा	१००५३७	३०७८२	३०.६२
९	ट्रमा अस्पताल, पथलैया, बारा	-	-	-
	जम्मा	**४३५५९९५**	**३४२०५४२**	**७८.५२**

गौरवका आयोजनाको रुपमा प्रस्तुत गरेको मधेश शहिद लोकमार्ग, आमा तथा बाल अस्पताल, ट्रमा अस्पताल र सरुवा रोग अस्पताल निर्माणमा कुनै प्रगति भएको छैन । मधेश गौरवका आयोजना सञ्चालनमा प्रभावकारिता एवं तीव्रता ल्याउन विकास नीति सहित परिणामुखी आयोजना निर्माणको लागि एकीकृत कार्यविधि तर्जुमा गर्न बाँकी रहेकोमा लक्ष्य अनुरुप सम्पन्न गर्ने र सुरुवात नै नभएका आयोजनाका सम्बन्धमा अध्ययन तथा पूर्व तयारी गरी उद्देश्य अनुरुप कार्यान्वयनमा लैजानु पर्दछ ।

९. **वार्षिक प्रतिवेदन -** प्रदेश नीति आयोगको गठन तथा कार्यसञ्चालन ऐन, २०७५ को दफा २४ मा आयोगले वर्षभरीमा सम्पादन गरेका मुख्य कार्य,स्वीकृत गरेका योजना तथा कार्यक्रम र सो अनुसार प्रदेश स्तरका निकायवाट प्राप्त उपलव्धी समावेश भएको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेमा व्यवस्था छ । आयोगले यो वर्ष ऐन बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको देखिएन ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा आन्तरिक नियन्त्रण, आयोगको गठन, आवधिक योजना र कार्यान्वयन, दिगो विकास लक्ष्य, मध्यकालिन खर्च संरचना, आयोजना बैक लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु** - यो वर्ष प्रदेश नीति तथा योजना आयोगमा रु.४ लाख बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि प्रतिकृयावाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम वाँकी रहेको छ । यो सम्बन्धी विवरण अनुसुचि ९ मा रहेको छ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा भएको प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको पदमा योग्यता प्रणाली व्यवस्थित गरी उपयुक्त उम्मेदवार छनौट मार्फत सार्वजनिक प्रशासन सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी बनाउन प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार सञ्चालनमा रहेको छ ।

१. **सरकारी कार्यालय -** लोक सेवा आयोगको रु. ६ करोड ९७ लाख ३३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
५२९०४	१६३२२	५०७	०	६९७३३

२. **कर्मचारी दरबन्दी र पदपूर्ति -** प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ मा प्रदेश निजामती सेवाको पदपूर्ति सम्बन्धी व्यवस्था छ । आयोगको कार्य सञ्चालनको लागि २१ दरबन्दी स्वीकृत गरेकोमा सचिव लगायत ६ काजमा र ५ दरबन्दीमा तथा ७ करार सेवामा गरी १८ कर्मचारी कार्यरत छन् । त्यस्तै प्रशासन आँठौं, सातौं र हलुका सवारी चालक लगायत ३ पद रिक्त रहेको देखिन्छ । दरबन्दी अनुसार पदपुर्ति गर्नुपर्दछ।

३. **सेवा प्रवाह -** आयोगको चौंथो वार्षिक प्रतिवेदन २०७९।०८० अनुसार आयोगले अधिकृत र सहायक तहका खुला, बढुवा तथा अन्तरसेवा प्रयोजनको लागि ३११ पदको लागि १६७ विज्ञापन गरेकोमा २० हजार ३७५ दरखास्त प्राप्त भएको छ । दरखास्त आह्वान गरेको मध्ये अधिकृत नवौं पदको मात्र लिखित परीक्षा सञ्चालन भएको भएपनि नतिजा प्रकाशन, अन्तवार्ता तथा सिफारिस गरेको छैन । कार्यतालिका बमोजिम कार्य सम्पादन गर्नुपर्दछ।

४. **आयोगको परामर्श -** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ मा प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तका विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ। यस प्रदेशमा रहेका स्थानीय तहले कर्मचारी नियुक्ति तथा बढुवा गर्दा आयोगको परामर्श लिएको देखिएन।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा कर्मचारी दरवन्दी र पदपूर्ति, सेवा प्रवाह, आयोगको परामर्श तथा निरीक्षण लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु -** आयोगतर्फ रु. ७३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु रु १८ हजार फर्स्यौंट भई रु ५५ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची ९ मा समावेश छ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालत समक्ष उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो। यस कार्यालयको कार्य क्षेत्र अर्न्तगत मधेश प्रदेशका ८ जिल्लाहरु पर्दछन।

१. **सरकारी कार्यालय -** यो वर्ष मुख्य न्ययाधिवक्ताको कार्यालयको रु ३ करोड २८ लाख २ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
३०५८७	१३७	२०७८	०	३२८०२

२. **बहस पैरवी -** कार्यालयले २०७९।८० को बार्षिक प्रतिवेदन अनुसार मधेश प्रदेश सरकार र यस अन्तर्गतका कार्यालयलाई विपक्षी बनाई दर्ता गरिएका उत्प्रेषण, परामदेश प्रतिषेध, अधिकारपृच्छा, निषेधाज्ञा अदातलको अवहेलना रिट निवेदन तथा अन्य गरी गत विगतबाट सरेर आएको १२१ र यस वर्ष दर्ता भएका समेत १ हजार ५६७ मुद्दा टुङ्गो लगाउन बाँकी छ।

३. **कानूनी सहायता** - मधेश प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कानुनी सहायता अधिकृतको नियुक्ति तथा सेवा शर्तसम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । निर्देशिका बमोजिम ८ व्यक्तिलाई कानूनी सहायता अधिकृत नियुक्ति गरी रु. ३७ लाख ७२ हजार पारीश्रमिक भुक्तानी गरेको छ। नियुक्त ८ कानुनी सहायता अधिकृत मार्फत २ हजार ५८१ कानुनी सहायता प्राप्त गरेको छ। मधेश प्रदेश अन्तर्गत ८ जिल्लामा नियमित रुपमा कानुनी सहायता उपलब्ध गराउँदै आएको छ। कार्यक्षेत्र अन्तर्गतका जिल्लामा मानाचामल, सम्बन्ध विच्छेद, अंशचलन, लेनदेन, नागरिकता विवाद, चेक अनादर, लिखत बदर, कुटपिट, निषेधाज्ञा, परामादेश मुद्दाहरु न्यूनतम समयमा निराकरण तथा छिनोफानो गरी न्याय सम्पादनलाई विश्वसनीय तथा पहुँचयोग्य गराउनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमनः-** गत विगतको प्रतिवेदनमा बहस पैरवी तथा मुद्धा फर्स्यौटको स्थिति लगायतका विषयमा सुझाउ दिईएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु -** कार्यालयतर्फ रु.२० लाख ८० हजार मात्र बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी रकम बाँकी रहेको छ । सो मध्ये रु. २० लाख ८० हजार म्याद नाघेको पेश्की रहेको छ। यस सम्बन्धी विवरण अनुसूची ९ मा समावेश छ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँकार्यपालिका वा नगरकार्यपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँकार्यपालिका र नगरकार्यपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार -** नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कुल ७५३ स्थानीय तहमध्ये मधेश प्रदेशमा १३६ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि १५ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा १ महानगरपालिका, ३ उप-महानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका रहेका छन्। सो मध्ये यस आ.ब.मा सप्तरीको विष्णुपुर गाँउपालिका, सिराहाको बरियारपट्टी गाँउपालिका, सर्लाहीको कविलासी नगरपालिका, बाराको सिम्रनगढ नगरपालिकाको लेखापरीक्षण भएको छैन ।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमूना कानुन उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन विकास निर्माण

तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाएका छैनन्। आवश्यकता अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने व्यहोरा गत वर्ष औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यप्रणालीसम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न आवश्यक कानुन बनाई लागु गर्नुपर्दछ।

६. **समग्र आय-व्यय** - मधेश प्रदेशका १३६ स्थानीय तहमध्ये यो बर्ष लेखापरीक्षण भएका १३२ र बक्यौता २ समेत १३४ स्थानीय तहको देहाय अनुसार गत बर्षको जिम्मेवारी रु. १८ अर्ब ८२ करोड २१ लाख र यो बर्षको आय रु ९१ अर्ब १६ करोड ९८ लाख गरी जम्मा रु.१ खर्व ९ अर्ब ९९ करोड १९ लाख मध्ये रु. ९४ अर्ब ८१ करोड ६३ लाख खर्च भएको छ । कुल खर्चमध्ये चालु खर्च रु. ४५ अर्ब ६९ करोड ७२ लाख पुँजीगत खर्च रु २५ अर्ब ७३ करोड ८ लाख र बित्तीय व्यवस्था तथा अन्य खर्च रु २३ अर्ब ३८ करोड ८३ लाख समेत जम्मा रु. ९४ अर्ब ८१ करोड ६४ लाख मध्ये रु. १५ अर्ब १७ करोड ५७ लाख जिम्मेवारी सरेको छ ।

(रकम रू. लाखमा)

क सं	विवरण	संख्या	शुरु मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
१	महानगरपालिका	१	१२,२३९	१४,७०७	३,६५५	२,९३३	६,००६	८,९४१	३६,२४३	२३,०८३	१३,७९८	८,०३०	४४,९११	३,५७१
२	उप महानगरपालिका	३	१५,१३३	२६,०२२	९२२	६,४८५	५,८१६	१०,११८	४९,३६३	२७,८२२	१४,८२३	१०,२०१	५२,८४६	११,६४९
३	नगरपालिका	७२	१०२,४८६	२९५,९८३	१८,०६४	७२,६३५	१८,८१९	१४३,२०७	५४८,७०८	२६८,४३३	१५१,१४१	१४५,९८७	५६५,५६१	८५,६३३
४	गाउँपालिका	५८	५८,३६४	१५५,४९१	१२,५९०	३७,५३२	३,८९०	६७,८८१	२७७,३८५	१३७,६३४	७७,५४६	६९,६६६	२८४,८४५	५०,९०३
	जम्मा	**१३४**	**१८८,२२१**	**४९२,२०४**	**३५,२३०**	**११९,५८५**	**३४,५३२**	**२३०,१४८**	**९११,६९८**	**४५६,९७२**	**२५७,३०८**	**२३३,८८४**	**९४८,१६३**	**१५१,७५७**

७. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष संघीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ । वित्तीय समानीकरण, ससर्त, विशेष र समपुरक गरी कुल १ अर्ब ६२ करोड १० लाख बक्यौता रहेका ४ पालिकाको रकम समेत संघीय यथार्थ हस्तान्तरण रकममा समावेश रहेको छ ।

(रकम रू. हजारमा)

क्र सं	अनुदानको किसिम	स्वीकृत बजेट रु			यथार्थ हस्तान्तरण रु		
		संघ	प्रदेश	जम्मा	संघ	प्रदेश	जम्मा
१	वित्तीय समानीकरण	१८५४३४००	१३२००००	१९८६३४००	१७१३६४२१	१२६८४२१	१८४०४८४२
२	सशर्त	३१९८२९५०	६७४४२	३२०५०३९२	३१५११६१७	१८९९०२२	३३४१०६३९
३	विशेष	१४८६८००	३०८०००	१७९४८००	१३१७२५३	१००५३५	१४१७७८८
४	समपुरक	१०१४०००	७४८५००	१७६२५००	८७६१०३	३०९९१५	११८६०१८
	जम्मा	**५३०२७१५०**	**२४४३९४२**	**५५४७१०९२**	**५०८४१३९४**	**३५७७८९३**	**५४४१९२८७**

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ९३.४३ प्रतिशत तथा प्रदेश सरकारबाट ६.५७ प्रतिशत हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत**- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ । यो वर्ष लेखापरीक्षण भएका १३४ स्थानीय तहको २०७९।८० को कुल आन्तरिक आय रू. ३ अर्ब ४५ करोड ३१ लाख ५९ हजार रहेको छ । स्थानीय तहको आन्तरिक आयले चालु खर्च समेत धान्न नसकेको अवस्था छ । स्थानीय तहको राजस्व क्षमता बढाई आन्तरिक आयमा बृद्धि गर्नु पर्दछ ।

९. **खर्च व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ मा बजेट पेश र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ । मधेश प्रदेशमा रहेका १३६ स्थानीय तहमध्ये बक्यौता समेत गरी १३४ वटा लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रू. ४५ अर्ब ६९ करोड ७१ लाख ७२ हजार (४८.१९ प्रतिशत), पुँजीगत खर्च रू. २५ अर्ब ७३ करोड ७ लाख ५९ हजार (२७.१४ प्रतिशत) र वित्तीय व्यवस्था तथा अन्य खर्च रू. २३ अर्ब ३८ करोड ८३ लाख ७६ हजार (२४.६७ प्रतिशत) खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय सरकार** बि**चको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। मधेश प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने, सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका २ बक्यौता समेत १३४ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ९४२० दफा र लगती २७२४४ दफाबाट रु.९ अर्ब ९१ करोड ८८ लाख २२ हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहबाट प्राप्त प्रतिकृयाबाट रु.६९ करोड ५१ लाख ३३ हजार बेरुजु फर्स्यौट तथा प्रतिकृयाबाट थप बेरुजु रु.७ करोड १७ लाख ३४ हजार थप भई रु.९ अर्ब २९ करोड ५४ लाख २४ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गिकरण स्थिति निम्नानुसार छः

(रकम रू. हजारमा)

वर्गीकरण	बेरुजु अङ्क रु	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	१२२४८१०	१३.१८
२. नियमित गर्नुपर्ने	७०२१०४०	७५.५३
२.१ अनियमित भएको	१७३५८१७	२४.७२
२.२ प्रमाण कागज पेस नभएको	५२८३१९४	७५.२५
२.३ शोधभर्ना नलिएको	२०२९	०.०३
३. पेस्की	१०४९५७४	११.२९
जम्मा बेरुजु	**९२९५४२४**	**१००**

द्रष्टव्य १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छ।

(रकम रू. हजारमा)

क सं	स्थानीय तह	स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेस्कीसमेत बेरुजु	बेरुजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
१	महानगरपालिका	१	८११५३५१	५७९४८२	७८२११	७.१४	६.१८
२	उप महानगरपालिका	३	१०२२०९५८	५०६०५०	९१७७०	४.९५	४.०५
३	नगरपालिका	७२	१११४२६८२८	५५००४७७	६३१२५३	५.३२	४.७६
४	गाउँपालिका	५८	५६२२२९९१	२७०३११५	२४८३३८	४.८१	४.३७
जम्मा		**१३४**	**१८५९८६१२८**	**९२९५४२४**	**१०४९५७२**	**५.२२**	

यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१४ मा समावेश छ। बक्यौता समेत समावेश छ।

१२. **लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य वेहोरा देहाय अनुसार छन्

- **कानुन निर्माण तथा परिपालना** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत व्यहोरा देखिएका छन्।
- **वित्तीय विवरण तथा लेखापरीक्षण** - तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरु प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरु स्थानीय सञ्चित

कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौंट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ ।

- **सँगठन संरचना तथा मानव संशाधन** - कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरुपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्फर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुन व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेको लगायत व्यहोरा देखिएका छन् ।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम** - केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजस्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ ।

- **आन्तरिक आय** - लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजस्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजस्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको, प्रदेश कानुन अनुसार राजस्व बाँडफाँट नगरेको लगायत व्यहोरा देखिएका छन् ।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेश भएका प्रतिवेदनहरु स्वीकृत गरी कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका व्यहोरा देखिएका छन् ।

- **खर्च व्यवस्थापन** – आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेश्की रकम म्याद भित्र फर्स्यौंट नगरेको, विद्यालयका शिक्षकहरुको पारिश्रमिक तथा अन्य रकमहरु बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत व्यहोरा देखिएका छन् ।

- **अभिलेख तथा अनुगमन**-स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौंट हुन बाँकी पेश्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ । लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

  स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका व्यहोराहरु सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ ।

१३. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण -** मधेश प्रदेशका १३४ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजु रू. ५७ अर्ब २४ करोड ५८ लाख ८३ हजार रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रू.६९ करोड ५१ लाख ३३ हजार फर्स्यौंट भई रू. ५६ अर्ब ५५ करोड ७ लाख ५० हजार बाँकी रहेकोमा यस वर्षको लेखापरीक्षणबाट थप भएको रु ९ अर्ब २९ करोड ५४ लाख २३ हजार समेत रु ६५ अर्ब ८४ करोड ६१ लाख ७३ हजार बेरुजु बाँकी रहेको छ।

१३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ । अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फर्स्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ ।

१३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फर्स्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानुनी व्यवस्था गरी बेरुजु फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

परिच्छेद

8



लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ ।

१. **प्रतिवेदन कार्यान्वयन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश गर्ने व्यवस्था छ । महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ५ वटा प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेको भएतापनि प्रदेश सभाको सार्वजनिक लेखा समितिमा दफाबार छलफल भएको देखिएन । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा यथासक्य छिटो छलफल गराई टुंग्याउनुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट -** यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ १३५ कार्यालयको लेखापरीक्षण भएकोमा १३५ कार्यालयको सैद्धान्तिक दफा १ हजार ५६२ र लगती दफा १ हजार ७२४ बाट रू. १ अर्ब ५९ करोड ४८ लाख ७ हजार बेरुजु देखिएकोमा १६ कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा ० र लगती दफा ७ को रू. ३१ लाख ९० हजार फर्स्यौंट भई यो वर्ष रु. १ अर्ब ५९ करोड १६ लाख १७ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १४ निकायको सैद्धान्तिक दफा १७२ र लगती दफा ३२२ बाट रू.२६ करोड २९ लाख ४८ हजार बेरुजु देखिएकोमा सैद्धान्तिक दफा ० र लगती दफा ९ को रू.३ लाख २३ हजार बेरुजु प्रतिक्रियाबाट फर्स्यौंट भई यो वर्षको रू.२६ करोड २६ लाख २५ हजार बाँकी रहेको छ । कानुनबमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

३. **सम्परीक्षण -** गत वर्ष प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको रू. ६ अर्ब ७६ करोड २२ लाख २७ हजार बेरुजु रहेकोमा रू.३० करोड ५६ लाख ११ हजार सम्परीक्षण भई रू.६ अर्ब ४५ करोड ६६ लाख १६ हजार बेरुजु बाँकी रहेको छ ।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानुन तर्जुमा गरी सोअनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन, तथा परिचालन लगायतका कार्यहरू गर्नुपर्दछ । प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

नीतिगत तथा कानुनी व्यवस्था

१. **नीति निर्माण-** प्रदेश सरकारको कार्य जिम्मेवारी पुरा गर्न विभिन्न मन्त्रालय तथा निकायसँग सम्बन्धित दीर्घकालीन तथा अल्पकालीन नीति निर्माण र सो को कार्यान्वयनको लागि वित्तीय एवम् अन्य स्रोत साधन व्यवस्थापन गरी अनुगमन समेत गर्नुपर्दछ ।

२. **कानुन तर्जुमा -** प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूची अनुसारका आवश्यक सबै कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

३. **कानुन कार्यान्वयन -** प्रचलित कानुनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता एवम् कार्यान्वयन पारदर्शिता कायम गर्नुपर्दछ । कर्मचारी एवम् पदाधिकारीलाई कानुन पालना गर्न सजग र जिम्मेवार बनाउनुपर्दछ ।

४. **सेवा/सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनअनुसार तोकिएका सेवा/सुविधा मात्र प्रदान गर्ने विषयलाई कडाइका साथ पालना गर्नुपर्दछ । कानुनमा व्यवस्था नगरी पदाधिकारी तथा कर्मचारीलाई सुविधा प्रदान गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

संगठन तथा मानव संसाधन व्यवस्थापन

५. **संरचना हेरफेर -** प्रदेश मन्त्रालयहरूको संख्या तथा संरचना पटक पटक थपघट हुँदा कार्य जिम्मेवारीमा समेत हेरफेर भएको छ । जसका कारण प्रशासनिक खर्च बढ्नुका साथै जनशक्ति एवम् भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई हुने तथा जिम्मेवारी र जवाफदेहिता कमजोर हुनेलगायतका समस्या देखिएकोले यसमा सुधार हुनुपर्दछ।

६. **मानव संशाधन व्यवस्थापन -** प्रदेश तहमा यथासमयमा दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति हुन नसकेकोले विषयगत र विकास निर्माणलगायतका कार्यसम्पादन गर्न दक्ष प्राविधिक जनशक्ति कमी रहेको छ । तसर्थ दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

७. **संगठन संरचना –** संघीय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यका लागिसमेत प्रदेश छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीय

तहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

८. **सेवा प्रवाह सार्वजनिक -** सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापन लगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

संघीयता कार्यान्वयन

९. **अन्तरतह समन्वय –** नेपालको संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसद्ले आवश्यक कानुन बनाउने व्यवस्था छ । विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकरण गर्नुपर्दछ ।

१०. **प्रदेश समन्वय परिषद् –** प्रदेश तथा स्थानीय तहले गर्ने काम, कारबाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषद्ले प्रभावकारी भूमिका निभाउनुपर्दछ ।

बजेट व्यवस्थापन

११. **बजेट तर्जुमा -** क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवालाको अपेक्षा तथा जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्नुपर्दछ ।

१२. **बजेट अनुशासन -** पूर्व अनुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटीबाट वित्तीय अनुशासन कमजोर हुने र वर्षान्तमा भएका विकास निर्माण कार्यको गुणस्तरमासमेत समस्या आउन सक्ने हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ।

१३. **विनियोजन दक्षता -** बजेटअनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरूको विनियोजन दक्षता सन्तोषजनक देखिदैन । क्षमता विश्लेषण गरी बजेट विनियोजन तथा कार्ययोजनाअनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१४. **अनुदान उपयोग-** उद्यमशीलता तथा क्षमता विकास, व्यवसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्द्धनलगायतका आधारमा अनुदान प्रदान गर्नुपर्दछ । उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरी नतिजामुलक क्षेत्रमा अनुदान दिने व्यवस्था गरिनुपर्दछ । अनुदान वितरणको मापदण्ड बनाई वितरित अनुदानको परीपालन बारे अनुगमन गर्नुपर्दछ । अनुदानबाट आम नागरिकले प्राप्त गर्ने सुविधा सुनिश्चित गरिनुपर्दछ।

१५. **चालु खर्च नियन्त्रण -** प्रदेश सरकारको चालु खर्च वर्षेनी बढ्दै गएको देखिन्छ । छरितो सँगठन संरचना र कार्य प्रणाली तर्जुमा गरी चालु खर्चलाई वाञ्छित सीमाभित्र राखिनुपर्दछ ।

१६. **आन्तरिक नियन्त्रण -** प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढंगबाट सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

आयोजना तथा कार्यक्रम व्यवस्थापन

१७. **आयोजना व्यवस्थापन** - प्रदेशले निश्चित सूचक र मापदण्डको आधारमा आयोजनाको प्राथमिकीकरण तथा छनोट गर्नुपर्दछ । दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेट बीच सम्बन्ध हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आयोजना बैङ्क तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गरिनुपर्दछ ।

१८. **परामर्श सेवा तथा प्रतिवेदन कार्यान्वयन** – संगठनको जनशक्तिबाट गर्न सकिने कार्य बाह्य परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी वार्षिक कार्यक्रम र बजेटसंग आबद्ध गर्नुपर्दछ ।

खरिद व्यवस्थापन

१९. **नर्म्सः**-निर्माण कार्य एवम् परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तनअनुसार अद्यावधिक गर्नुपर्दछ । साथै स्वीकृत नर्म्सको पालना गरी खर्च गर्नुपर्दछ।

२०. **खरिद सम्झौता कार्यान्वयन** - खरिद कार्यको प्रारम्भिक चरणमा गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन, अन्तरनिकाय समन्वय लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद गर्नुपर्दछ। सम्झौताअनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, समयमा कार्य सम्पन्न नगरेकोमा क्षतिपूर्ति लिने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्न अनुगमनलाई प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

२१. **प्रतिस्पर्धा** - सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्बन गर्नुपर्दछ।

२२. **उपभोक्ता समिति परिचालन**- सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रापारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्र प्रतिस्पर्धा गर्नुपर्ने कार्यसमेत उपभोक्ता समितिबाट गरे, गराएको देखिँदा यस्तो परिपाटी नियन्त्रण गरिनुपर्दछ ।

२३. **गुणस्तर परीक्षण** - सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजनाअनुसार निर्माणमा प्रयोग हुने सामग्री र सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ । सम्पन्न आयोजनाको प्रभाव समेत मूल्याङ्कन गर्नुपर्दछ ।

भौतिक पूर्वाधार विकास

२४. **पूर्वाधार विकास** - प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको विकास हुनेगरी स्रोत व्यवस्थापन गर्नुपर्दछ । त्यसैगरी प्रदेश राजधानी रहने स्थानमा भवनसहितका पूर्वाधार संरचनाको विकास गर्नुपर्दछ ।

२५. **जोखिम न्यूनीकरण** - विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवम् पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । सोका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण

२६. **सम्पत्ति व्यवस्थापन -** संघबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्ति तथा विद्यमान अन्य सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ। त्यसैगरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा लगायत अन्य सार्वजनिक जग्गा, भवन लगायतको सम्पत्तिको उचित अभिलेख राखी उपयोग र संरक्षण गर्नुपर्दछ ।

राजस्व परिचालन

२७. **आन्तरिक राजस्व -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्कलगायतका क्षेत्रमा अध्ययन गरी राजस्वको दायरामा बढोत्तरी गर्नुपर्दछ। कानुनमा व्यवस्था नगरी कर तथा शुल्कमा छुट दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।

२८. **विभाज्य कोष –** संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको सबै राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी समयमै बाँडफाँट गर्नुपर्दछ ।

वित्तीय प्रशासन तथा आर्थिक अनुशासन

२९. **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न पेशागत कार्यात्मक स्वतन्त्रता र सक्षमता अभिवृद्धि गर्ने र आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्ने गरी निकायहरूले भूमिका खेल्नुपर्दछ ।

३०. **आचारसंहिता पालना** – सार्वजनिक जवाफदेहिताको पदमा बहाल पदाधिकारीका लागि प्रचलित कानुनमा उल्लेख भएका आचरणगत व्यवस्था कडाइका साथ परिपालना एवम् सोको अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक पदाधिकारी वित्तीय, पारिवारिक तथा व्यवसायलगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्दछ ।

